३५ औं

वार्षिक साधारण सभा

(असोज ९ गते २०८३)



वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३

डि.स.का.द.नं. ०८/०५०/०५१

पान नं. ३०३३६३६०२

समुदायको उत्कृष्ट वित्तीय सहकारी संस्था

गण्डकी

बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Gandaki Savings and Credit Co-operative Society Ltd.

मुख्य कार्यालय : गैंडाकोट नगरपालिका २, नवलपरासी (ब.सु.पू.) फोन : ०७८ ५०३३२१, ५०२५४३

E-mail: gandakisaccos@gmail.com, gandakisaccos@gscos.coop.np

Website: www.gscos.coop.np

नियमित बचतको शक्ति :

मासिक रु ५०० का दरले ५० वर्षसम्म बचत गर्दा न्यूनतम ५ प्रतिशत ब्याजदरले पनि जम्मा रकम रु १३,३६,४१३/०५ हुन्छ, जहाँ साँवा रकम रु ३,००,५००/०० मात्र हो ।

वर्ष	बचत रकम	व्याज	जम्मा रकम
०	५००	००।००	५००।००
१	६,५००	१८९।८६	६,६८९।८६
५	३०,५००	४,२६७।५२	३४,७६७।५२
१०	६०,५००	१८,१९९।७६	७८,६९९।७६
१५	९०,५००	४४,५२२।५३	१३५,०२२।५३
२०	१२०,५००	८६,७३०।४२	२०७,२३०।४२
२५	१५०,५००	१४९,३०३।६२	२९९,८०३।६२
३०	१८०,५००	२३७,९८५।९१	४१८,४८५।९१
३५	२१०,५००	३६०,१४१।०२	५७०,६४१।०२
४०	२४०,५००	५२५,२०९।५४	७६५,७०९।५४
४५	२७०,५००	७४५,२९४।६४	१,०१५,७९४।६४
५०	३००,५००	१,०३५,९१३।०५	१,३३६,४१३।०५

गण्डकी आस्था वाचन

हामी हाम्रो गण्डकी बचत तथा ऋण सहकारी संस्था लि. प्रति आस्थावान् रहँदै यसप्रति आफ्नो अटुट दृढविश्वास प्रकट गर्दछौं । "सम्पूर्ण वित्तीय सेवाहरू सहितको समुदायको पहिलो रोजाईको संस्था" भन्ने मुल मन्त्रलाई आत्मसात गरी सहकारीका नैतिक मुल्य र मान्यताको निष्ठापुर्वक अवलम्बन गर्नेछौं । सदस्यहरूलाई आधुनिक, प्रतिस्पर्धी र सुविधाजनक वित्तीय सेवाको उपलब्धता, उद्यमशिलता स्वं व्यावसायिक क्षमताको विकास, सामाजिक रुपमा जागरुक र सक्रियताको लागि प्रेरणा, वित्तीय तथा गैर वित्तीय निकायहरूसँग समन्वय तथा सहकार्य गर्दै संस्थागत सुशासनलाई मजबुत बनाई आर्थिक सामाजिक रुपान्तरणका लागि प्रतिबद्ध रहने प्रतिज्ञा गर्दछौं ।

जय गण्डकी । जय सहकारी ।।

विजयादशमी तथा शुभ दीपावली,



छठ पर्व एवम् नेपाल सम्वत



२०८३ को

पावन अवसरमा

संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरू,

बाल बचतकर्ता, सञ्चालक समिति,

उपसमिति, सल्लाहकार स्वं

देश–विदेशमा रहनुभएका सम्पूर्ण शुभचिन्तक महानुभावहरूमा

दीर्घायू, सु–स्वास्थ्य र उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष

स्वम्

गण्डकी साकोस परिवार

डि.स.का.द.नं. ०८/०५०/०५१

पान नं. ३०३३६३६०२

समुदायको उत्कृष्ट वित्तीय सहकारी संस्था

GSCOS

गण्डकी

बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Gandaki Savings and Credit Co-operative Society Ltd.

नेफ्स्कून

डि.स.का.द.नं. ०८/०५०/०५१

पान नं. ३०३३६३६०२

समुदायको उत्कृष्ट वित्तीय सहकारी संस्था

गण्डकी

बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Gandaki Savings and Credit Co-operative Society Ltd.

च.नं : ५५/८३/८४ मिति : २०८३/०५/०८

श्री ..... ज्यू

गैंडाकोट, नवलपुर

बिषय : ३५औँ वार्षिक साधारण सभामा उपस्थितिको लागि हार्दिक निमन्त्रणा सम्बन्धमा ।

मिति २०८३/०५/०७ गतेका दिन बस्सेको यस संस्थाको सञ्चालक समितिको बैठकको निर्णय अनुसार तल उल्लेखित विषयहरूमा छलफल गरी निर्णय गर्न तपशिलको मिति, समय र स्थानमा यस संस्थाको **३५औँ वार्षिक साधारण सभा** आयोजना गरिएको हुँदा उक्त साधारण सभामा यहाँको **अनिवार्य उपस्थिति**को लागि हार्दिक अनुरोध गर्दछौँ ।

निर्णयार्थ प्रस्तुत हुने प्रस्तावहरू :

१) सञ्चालक समितिको तर्फवाट सचिव द्वारा प्रस्तुत आ.व. ०८२/८३ को प्रगती प्रतिवेदन तथा आ.व. ०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रमहरू सम्बन्धमा,

२) सञ्चालक समितिको तर्फवाट कोषाध्यक्ष द्वारा प्रस्तुत आ.व. ०८२/८३ को आर्थिक प्रतिवेदन तथा आ.व. ०८३/८४ को प्रस्तावित बजेट सम्बन्धमा,

३) आ.व. ०८२/८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा,

४) आ.व. ०८२/८३ को लेखा सुपरिबेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,

५) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,

६) विनियम संसोधन गर्ने सम्बन्धमा,

७) साधारण सभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरूको चयन गर्ने सम्बन्धमा,

८) नीति, कार्यविधिहरू स्विकृत गर्ने सम्बन्धमा

९) विविध

तपशिलः

मिति : २०८३ अस्ोज ९ गते, शुक्रबार

समय : बिहान ठिक १०:०० बजे

स्थान : श्रीराम पार्टि प्यालेस, गैडाकोट-२, नवलपरासी (ब.सु.पू) (कन्टिनेन्टल इ. बोर्डिङ स्कुल नजिक)

.....

(जयकृष्ण सापकोटा)

सह सचिव

सेवाकेन्द्र कार्यालयहरू: अमरापुरी सेवाकेन्द्र- गैडाकोट १५, फोन: ०७८ ४१७०४०, स्वाभिमान सेवाकेन्द्र- गैडाकोट १, फोन: ०७८ ५०१२२०, आमा सेवाकेन्द्र- गैडाकोट २, फोन: ०७८ ५०२७६५
नवल सेवाकेन्द्र- गैडाकोट ११, फोन: ०७८ ४०२०८१, अविरत सेवाकेन्द्र- गैडाकोट ६, फोन: ०७८ ५०२८११, संगम सेवा केन्द्र- गैडाकोट १, फोन: ०७८ ५०२०५५

Website: www.gscos.coop.np

मुख्य कार्यालय : गैडाकोट नगरपालिका २, नवलपुर
फोन : ०७८ ५०३२२१, ५०२९४३, ५०२५५५, इमेल : gandakisaccos@gmail.com

गण्डकी साकोसको सङ्क्षिप्त परिचय

दर्ता	:	डिभिजन सहकारी कार्यालय नवलपरासी, दर्ता नं : ८/२०५०/५१
	:	राष्ट्रिय सहकारी नियमन प्राधिकरण, दर्ता नं :२०५१-००९८०
कार्यक्षेत्र	:	गैंडाकोट नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

२०८३ भाद्र २५ सम्मको संस्थाको अवस्था

कूल सदस्य संख्या	:	१७,२६८ जना
कूल सम्पत्ति रू.	:	२,२५,२६,७४,१५४।-
शेयर पूँजी रू.	:	१९,६४,५८,५००।-
कूल बचत रू.	:	१,५९,७१,१९,४३७।-
लगानीमा रहेको कूल ऋण रू.	:	१,२२,४९,९६,७४५।-
स्थिर सम्पत्ति रू.	:	५८,५५,७०,६५६।-
संस्थागत पूँजी रू.	:	२३,६९,१३,५६५।-
सञ्चालक समिति	:	१३ जना
कर्मचारी संख्या	:	३४ जना
कार्यालयहरू	:	सेवा केन्द्र कार्यालय ७ वटा
सञ्चालक समिति गठन भएको मिति	:	२०८१ भाद्र २९ गते

साख तथा छवि

- राष्ट्रिय सहकारी बैंकबाट स्व. राजेशहरि जोशी संस्थापक अध्यक्ष सम्मान (२०७९) बाट सम्मानित ।
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) बाट गण्डकी प्रदेशको उत्कृष्ट व्यवस्थापक पुरस्कार (२०७८) बाट सम्मानित तथा पुरस्कृत ।
- एसियाली ऋण महासंघ (ACCU) बाट सन् २०१७ देखि ४ वर्ष सम्म एक्सेस ब्राण्ड (ACCESS Bronze) प्राप्त ।
- जिल्ला सहकारी संघ नवलपरासीबाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१ बाट पुरस्कृत एवं सम्मानित ।
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा पश्चिमाञ्चल विकास क्षेत्रको उत्कृष्ट साकोस सम्मान २०७२ बाट सम्मानित ।
- राष्ट्रिय सहकारी सघं नेपालबाट ४ नं प्रदेशको उत्कृष्ट सहकारी संस्थाका रूपमा उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७२ बाट पुरस्कृत र सम्मानित ।
- डिभिजन सहकारी कार्यालय नवलपरासीबाट जिल्लाको उत्कृष्ट सहकारी संस्था २०७२ को रूपमा ५९औं राष्ट्रिय सहकारी दिवसका अवसरमा सम्मानित ।
- सहकारी समन्वय मञ्च गैंडाकोटबाट उत्कष्ट सहकारी सस्ंथाका रूपमा ५९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सम्मानित ।
- अन्य धेरै संघ संस्थाहरूबाट समेत प्रशंसा पत्र र सम्मान पत्रहरू प्राप्त ।

अध्यक्षको भनाइ



गोबिन्द सुबेदी
अध्यक्ष

यस गण्डकी साकोसको ३५औँ गौरवमय वार्षिक साधारण सभाको मञ्चमा आसिन संस्थाका पूर्व अध्यक्ष ज्यूहरू, साबिक संस्थाका पूर्वअध्यक्ष ज्यूहरू, सल्लाहकार ज्यूहरू, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उप समितिमा रहनु भएका सहकर्मी साथिहरू, प्रमुख कार्यकारी अधिकृत लगायतको व्यवस्थापन समूह तथा गण्डकी साकोसका सम्पूर्ण सदस्य एवं शुभेच्छुक महानुभावहरूमा सहकारी अभिवादन ।

गण्डकी साकोसको ३५औँ वार्षिक साधारण सभाको यस गरिमामय अवसरमा सम्पूर्ण सदस्यज्यूहरूमा हार्दिक स्वागत गर्दै यस साधारण सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्न यहाँहरूको सक्रिय सहभागिताको लागि हार्दिक अपिल गर्दछु ।

तिन दशकभन्दा लामो यात्रामा गण्डकी साकोसले अनेकौँ उतार–चढाव, अवसर र चुनौतीहरू पार गर्दै आजको अवस्थासम्म आइपुगेको छ । यो उपलब्धी कुनै एक व्यक्ति वा एउटा समूहको प्रयासले सम्भव भएको होइन हजारौँ सदस्यहरूको विश्वास, सहभागिता, सञ्चालक तथा कर्मचारीहरूको निरन्तर मेहनत र समुदायसँगको आत्मीय सम्बन्धको सामूहिक परिणाम हो । यस अवसरमा संस्थाको विकास र समृद्धिमा योगदान गर्नुहुने सम्पूर्ण सदस्य, शुभेच्छुक, नियामक निकाय, सहकारी अभियानका अग्रज, यस संस्थाका अग्रज नेतृत्व तथा कर्मचारी साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सहकारीको मूल आधार विश्वास, सहभागिता, पारदर्शिता र सदस्य हित हो । त्यसैले गण्डकी साकोसको प्राथमिकता केवल वित्तीय कारोबार विस्तार गर्नु मात्र नभई सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउनु हो । सदस्यले जम्मा गरेको सानो–सानो बचतलाई सुरक्षित र उत्पादनशील क्षेत्रमा परिचालन गर्दै आवश्यकता पर्दा सहज, जिम्मेवार र सदस्य केन्द्रित वित्तीय सेवा उपलब्ध गराउनु हाम्रो निरन्तर प्रयास रहँदै आएको छ ।

पछिल्ला वर्षहरूमा सहकारी क्षेत्रमा देखिएका चुनौतीहरूले हामीलाई अझ बढी "सुशासन, वित्तीय अनुशासन, जोखिम व्यवस्थापन, पारदर्शिता र प्रविधिमैत्री सेवा" तर्फ अघि बढ्न प्रेरित गरेका छन् । सहकारी संस्थाप्रतिको विश्वास कमजोर हुने अवस्था सिर्जना हुनु समग्र सहकारी अभियानकै लागि गम्भीर विषय हो । यस्तो परिस्थितिमा गण्डकी साकोसले आफ्नो पहिचानलाई

अझ मजबुत बनाउँदै "सदस्यको बचतको सुरक्षा, सदस्यको आवश्यकता र संस्थाको दिगो भविष्य"लाई केन्द्रमा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

हामीले संस्थाको वित्तीय सुदृढीकरणसँगै सदस्य शिक्षा, स्वास्थ्य, सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण, ज्येष्ठ नागरिक सम्मान, युवा तथा महिला सशक्तीकरण, उद्यमशीलता प्रवर्द्धन लगायतका कार्यक्रमलाई पनि निरन्तरता दिँदै आएका छौं । आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ प्रभावकारी, परिणाममुखी र सदस्यको वास्तविक आवश्यकतासँग जोड्ने हाम्रो लक्ष्य रहनेछ ।

अबको सहकारी अभियान परम्परागत ढाँचामा मात्र सीमित रहन सक्दैन । डिजिटल प्रविधि, आधुनिक वित्तीय प्रणाली, व्यावसायिक व्यवस्थापन, तथ्यमा आधारित निर्णय र उत्तरदायी नेतृत्व आजको आवश्यकता हो । बदलिँदो समयसँगै सदस्यका अपेक्षा पनि बदलिएका छन् । त्यसैले गण्डकी साकोसलाई अझ आधुनिक, प्रविधिमैत्री, पारदर्शी र सदस्य केन्द्रित संस्थाका रूपमा विकास गर्न हामी निरन्तर प्रयत्नशील रहनेछौं ।

यस यात्रामा हामीले रउटा महत्त्वपूर्ण सत्यलाई आत्मसात् गरेका छौं "साकोसको वास्तविक पूँजी भवन, उपकरण वा वित्तीय सम्पत्ति मात्र होइन सदस्यको विश्वास नै यसको सबैभन्दा ठूलो पूँजी हो" यही विश्वासलाई जोगाउँदै संस्थाको प्रत्येक निर्णय सदस्यको हित, संस्थाको दिगोपन र सहकारी मूल्य–मान्यतासँग जोडिनुपर्छ भन्ने हाम्रो दृढ मान्यता छ ।

३५औँ वार्षिक साधारण सभा केवल विगतको समीक्षा गर्ने अवसर मात्र होइन आगामी यात्राको दिशा तय गर्ने महत्त्वपूर्ण मञ्च पनि हो । यस सभाबाट प्राप्त हुने सदस्यज्यूहरूको सुझाव, रचनात्मक आलोचना र मार्ग दर्शनलाई संस्थाको सुधार र विकासका लागि महत्त्वपूर्ण आधारका रूपमा ग्रहण गर्नेछौं ।

अन्त्यमा, गण्डकी साकोस प्रति निरन्तर विश्वास, माया र साथ प्रदान गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । संस्थालाई यहाँसम्म ल्याउन योगदान गर्नुहुने पूर्व सञ्चालक, संस्थापक सदस्य, वर्तमान सञ्चालक, लेखा सुपरीवेक्षण समिति, उपसमिति, सल्लाहकार, कर्मचारी तथा सम्पूर्ण शुभेच्छुकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

हाम्रो सामूहिक संकल्प हो–

सदस्यको विश्वास जोगाउने,

सहकारीको मूल्य जोगाउने,

सुशासनलाई बलियो बनाउने,

र गण्डकी साकोसलाई अझ सबल, सक्षम र दिगो बनाउने ।

आउनुहोस्, "एक सदस्य–एक विश्वास, एक संस्था–एक साझा भविष्य"को भावनाका साथ गण्डकी साकोसको आगामी यात्रालाई अझ सफल र गौरवपूर्ण बनाऔं ।

धन्यवाद ।

गण्डकी बचत तथा ऋण सहकारी संस्था लि.

गैंडाकोट–२, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

आ.व. २०८२/८३ को प्रगती प्रतिवेदन र आ.व. २०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रमहरू



जयकृष्ण सापकोटा
सह–सचिव

यस गरिमामय ३५ औं वार्षिक साधारण सभाका सभाध्यक्ष तथा यस संस्थाका आदरणीय अध्यक्ष महोदय, संस्थाका सल्लाहकार तथा पूर्व अध्यक्षज्यूहरू, एकिकरण भएका साबिक संस्थाका पूर्व अध्यक्षज्यूहरू, सहकर्मी सञ्चालक ज्यूहरू, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, सम्पूर्ण उप समितिहरूका संयोजक एवं सदस्यज्यूहरू, आमन्त्रित पत्रकार मित्रहरू, प्रमुख कार्यकारी अधिकृत सहित सम्पूर्ण कर्मचारी मित्रहरू, सम्पूर्ण शेयर सदस्यज्यूहरू र शुभेच्छुकहरू सबैमा सञ्चालक समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछौं । संस्थाका सचिव श्री केशवराज शर्मा निजी कामको शिलशिलामा बिदेशमा रहनु भएको कारण आजको यस सम्मानीत साधारण सभामा मैले प्रतिवेदन पेश गर्ने अवसर प्राप्त गरेको ब्यहोरा सदस्यज्यूहरूमा जानकारी गराउन चाहन्छु ।

२०५० सालमा ६० जना युवाहरूको सक्रियतामा स–सानो पुँजीबाट निम्न आयस्तर भएका समुदायलाई लक्षित गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न र स्वारोजागर मार्फत आत्मनिर्भर बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ समुदायको विकास, विस्तार र सहभागीता बढाउन यस संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गरी बर्तमान अवस्थामा आईपुगेको छ । यस दौरानमा छिमेकमा रहेका अन्य सहकारी संस्थाहरूसँग सहकार्य, एकता र एकिकरण गर्दै सदस्यहरूलाई उच्च स्तरको बृहत र बिस्तारित वित्तीय सेवा प्रदान गर्न सक्षम भएका छौ । यस अवस्थासम्म ल्याई पुऱ्याउनका लागि सर्म्पूण शेयर सदस्यहरूको सामाजिक, आर्थिक सहभागीता र संस्था प्रतिको बढ्दो विश्वासले अनवरत रुपमा संस्था अगाडि बढिरहेको छ । यस्तो उत्प्रेरणा अगामी दिनमा निरन्तर रहने छ र संस्थाले पनि अझ जिम्मेवार बनी सदस्य, समुदाय केन्द्रित कार्यक्रम र सेवा संञ्चालन गर्ने छ भन्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

नीति, विधि र प्रविधिमा आधारीत संस्थामा १७२०० भन्दा बढी सदस्यको सक्रिय आबद्धता, २२५ करोड भन्दा बढी पूँजी परिचालन, ११ प्रतिशतको बलियो संस्थागत पूँजी, ७ वटा सेवाकेन्द्रहरू मार्फत सदस्यहरूलाई सुलभ पहुँच, आधुनिक उच्च प्रविधियुक्त वित्तीय सेवा, सक्षम र योग्य सञ्चालक एवं व्यवशायिक व्यवस्थापन समूह यस संस्थाका बलियो आधार हुन् । यि र यस्तै

अन्य धेरै बलियो आधारहरूमा सदस्यहरूलाई आधुनिक प्रतिश्पर्धि र सर्व सुलभ सेवा प्रदान गर्न सकिरहको छ । सदस्यहरूलाई अझ गुणस्तरिय, सदस्य मैत्री र उच्च स्तरको सेवा प्रदान गर्न हामी सदैव प्रतिबद्ध छौं ।

सदस्य र समुदायले यस संस्था प्रति गरेको विश्वासनै हाम्रो सम्पती हो । यसलाई निरन्तरता दिनु हाम्रो कर्तव्य हो । नेपाल सरकारले जारी गरेका मापदण्ड, निर्देशन, परिपत्रहरूलाई कार्यान्वयन गर्दै संस्थालाई दिगो र भरपर्दो बनाउन हालको व्यवस्थाले झनै मजबुद बनाउन मद्धत गर्ने विश्वास लिरहका छौ । समग्र वित्तीय बजार सुस्तारहको अवस्थामा सञ्चालक साथै कर्मचारीहरू समय सापेक्ष रणनैतिक योजनाका साथ हाम्रा सदस्यहरूको क्षमता, व्यवशायिकता साथै आयश्रोतमा समेत सबल बनाउन हामी दृढ संकल्पीत छौं ।

आदरणीय सदस्य महानुभावहरू, अब म गत ३४औं साधारण सभाबाट स्वीकृत भरहको आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रमको प्रगति विवरणका प्रमुख अंशहरू र आ.व. २०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रमहरू सम्मानीत साधारण सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

प्रगती प्रतिवेदन

सञ्चालक, उप समितिहरूको बैंठक र निर्णय प्रकृया

यस संस्थाको ३४ औं वार्षिक साधारण सभा २०८२ कार्तिक १ गते श्रीराम पार्टि प्यालेसमा सम्पन्न भरहको थियो । सो ३४औं वार्षिक साधारण सभा देखि २०८३ भाद्र २५ गते सम्म जम्मा १८ वटा सञ्चालक समितिका बैठक सम्पन्न भरहका छन् । यसै बिचमा २ पटक लेखा सुपरिबेक्षण समितिसंग संयूक्त बैठक सम्पन्न भरहका छन् भने लेखा सुपरिबेक्षण समितिको बैठक ३४ पटक बसी लेखापरिक्षण तथा अनुगमन सम्बन्धी कार्यहरू सम्पन्न भरहका छन् ।

३४ औं वार्षिक साधारण सभा पश्चात् सञ्चालक समितिको बैठकमा सञ्चालकहरूको उपस्थिति विवरण यस प्रकार रहेको छ ।

सञ्चालक समितिको समितिको बैठक संख्या : १८

क्र.स.	पद	नाम	उपस्थिति
१	अध्यक्ष :	श्री गोबिन्द सुवेदी	१८
२	उपाध्यक्ष :	श्री केदारनाथ न्यौपाने	१४
३	सचिव :	श्री केशव राज शर्मा	१५
४	कोषाध्याक्ष :	श्री सकुन्तला न्यौपाने तिवारी	१६
५	सह सचिव :	श्री जयकृष्ण सापकोटा	१२
६	सदस्य :	श्री विष्णु पौडेल	१५
७	सदस्य :	श्री रोशन सापकोटा	१०

८	सदस्य :	श्री मेघनाथ पौडेल	१५
९	सदस्य :	श्री निर्मल न्यौपाने	०९
१०	सदस्य :	श्री प्रमिला सापकोटा	१७
११	सदस्य :	श्री केशवप्रसाद ढकाल	१४
१२	सदस्य :	श्री शुभेच्छा दलि प्रधान	११
१३	सदस्य :	श्री नेत्रप्रसाद अधिकारी	१७

लेखा सुपरिबेक्षण समितिको बैठक र उपस्थिती विवरण

लेखा सुपरिबेक्षण समितिको बैठक संख्या : ३४

क्र.स.	पद	नाम	उपस्थिति
१	संयोजक	श्री बिष्णु प्रसाद शर्मा	३४
२	सदस्य	श्री बाबुराम खनाल	३४
३	सदस्य	श्री राधादेवी आचार्य	३३

अन्य उप समितिहरूको बैठक

यस अवधिमा विभिन्न उप समितिहरूका नियमित तथा आवश्यकता अनुसारका बैठकहरू सम्पन्न भएका छन् ।

उप समितिहरूको बैठक सम्बन्धी विवरण (२०८२ कार्तिक २ गते देखी २०८३ भाद्र २५ सम्म)

उप समितिहरू	बैठक संख्या
अमरापुरी सेवाकेन्द्र व्यवस्थापन उप समिति	८
अमरापुरी सेवाकेन्द्र स्तरीय ऋण कार्यदल	४
स्वाभिमान सेवाकेन्द्र व्यवस्थापन उप समिति	४
स्वाभिमान सेवाकेन्द्र स्तरीय ऋण कार्यदल	१५
आमा सेवाकेन्द्र व्यवस्थापन उप समिति	८
आमा सेवाकेन्द्र स्तरीय ऋण कार्यदल	१५
नवल सेवाकेन्द्र व्यवस्थापन उप समिति	५
नवल सेवाकेन्द्र स्तरीय ऋण कार्यदल	९
अविरत सेवाकेन्द्र व्यवस्थापन उप समिति	६
अविरत सेवाकेन्द्र स्तरीय ऋण कार्यदल	१२
संगम सेवाकेन्द्र व्यवस्थापन उप समिति	४
संगम सेवाकेन्द्र स्तरीय ऋण कार्यदल	२४
कार्यकारी उप समिति	१०

ऋण उप समिति	४५
शिक्षा उप समिति	९
स्वास्थ्य उप समिति	५
सकिकरण कार्यदल	०
खरिद उप समिति	६
सक्सेस कार्यदल	२
सल्लाहकार मण्डल	२
पद पुर्ति उप समिति	४
महिला उप समिति	३
युवा तथा वाल उप समिति	२

आ.व. २०८२/८३ को प्रगति विवरण

वित्तीय सेवा

- आ.व. २०८२/८३ मा सबै वित्तीय सूचकहरूलाई सन्तुलनमा राखि रु २ अर्व १२ करोड कूल सम्पत्ति पुच्याउने लक्ष्य निर्धारण गरिएकोमा लक्ष भन्दा केहि बढी बृद्धि भई २ अर्व १३ करोड ९७ लाख पुगेको छ । जटिल वित्तीय अवस्थाको बाबजुत पनि अधिल्लो वर्षको तुलनामा ७.७५ प्रतिशतले कुल सम्पत्ति वृद्धि भएको छ । संस्थालाई जगेडा कोषमा आधारित सबल र सुदृढ बनाउन ११ प्रतिशत संस्थागत पूँजि कायम गरिएको छ । वित्त बजारमा देखिएको असहज अवस्थाको बावजुद वासलातको बृद्धिलाई भन्दा पनि वित्तीय सन्तुलनलाई ध्यान दिई प्रमुख वित्तीय सूचकहरूको सन्तुलन कायम गरिएको छ ।
- सदस्यहरूको रुची, चाहना, क्षमता आवश्यकतालाई सम्बोधन गर्न सकिने गरी बचतमा १८ प्रकारका बचत खाताहरू सञ्चालनमा ल्याइएको छ । कार्यालय समयमा सदस्यहरूले चाहेको जति रकम जम्मा गर्न र भुक्तानी लिन सकिने तथा अन्य प्रविधिमा आधारित वित्तीय सेवा २४ सै घण्टा उपलब्ध हुने व्यवस्था मिलाईएको छ भने ऋणमा १८ प्रकारका सेवाहरू मार्फत अधिकतम २ करोड सम्म निश्चित उद्देश्यको लागि ऋण लगानी गर्न सकिने व्यवस्था मिलाइएको छ ।
- नेपालमा सञ्चालनमा रहेका प्रमुख रेमिट्यान्स सेवाहरू सदस्यहरूको लागि उपलब्ध गराइएको छ ।
- सदस्यहरूलाई उचित प्रतिफल सहित बचतको पूर्ण सुरक्षा गर्न तथा सदस्यहरूबाट माग अनुसारको ऋण उपलब्ध गराउन पर्याप्त तरलता मौज्दातको (रु ३७ करोड ६१ लाख, २३.६७ प्रतिशत) व्यवस्था मिलाईएको छ ।

- सदस्यहरूको वित्तीय आवश्यकता अनुसारको माग र चाहनालाई समय सापेक्ष सम्बोधन गर्न संस्थाको वित्तीय अवस्था, बजार अवस्था स्वं सदस्यहरूको सुबिधालाई अध्ययन गरी बचत, ऋण लगायतका अन्य वित्तीय सेवाहरूलाई नियमित रुपमा अध्यावधिक गर्ने गरिएको छ । गत ३४औं साधारण सभा पश्चात् हाल सम्म ४ पटक बचत तथा ऋण सेवाको ब्याजदर संशोधन गरिएको छ । सदस्य बचत र ऋणमा ब्याजको फरकता दरलाई ४.६५ प्रतिशतमा कायम गरिएको छ ।

उपलब्ध बचत सेवाहरू

- मासिक बचत
- कारोवार बचत
- दैनिक बचत
- आवधिक बचत
- खुत्रुके बचत
- बाल बचत
- विशेष बचत
- समूह बचत
- ज्येष्ठ नागरीक बचत
- भ्रमण बचत
- नारी बचत
- सवारी साधन बचत
- बालसुलभ बचत
- रेमिट्यान्स बचत
- आपतकालिन बचत
- शेयर बचत
- आमा बुबा बचत
- सुनौलो जीवन बचत

उपलब्ध ऋण सेवाहरू

- कृषि तथा पशुपालन ऋण
- लघुउद्यम ऋण
- औद्योगिक ऋण
- व्यापारिक ऋण
- वैदेशिक रोजगार ऋण
- हायर पर्चेज ऋण
- घरनिर्माण तथा मर्मत ऋण
- घरजग्गा खरिद ऋण
- खरखाँचो ऋण
- आपतकालिन ऋण
- इको फ्रेन्डली ऋण
- शैक्षिक ऋण
- सवारी मालिक ऋण
- विशेष व्यापारिक ऋण
- व्यवसाय निरन्तरता ऋण
- प्रोफेशनल ऋण
- घरायसी उपकरण खरिद ऋण
- युवा तथा महिला उद्यमशील कर्जा

शेयर सदस्यता :

सहकारी सेन २०७४ को दफा ३० बमोजिम गैंडाकोट नगरपालिका भित्र बस्सोबास्स गर्ने बासिन्दाहरू यस्स संस्थाको शेयर सदस्य बन्न सक्ने व्यवस्था अनुरूप २०८३ अषाढ मसान्त सम्म १७२३० सदस्य संख्या कायम भएको छ । नियमित रूपमा सदस्य बन्ने क्रम संगै अघिल्लो वर्षको तुलनामा यस्स वर्ष ३०९ जना सदस्य थप भई १.८३ प्रतिशतले सदस्य संख्या वढेको छ । संस्थाले सदस्यमैत्री सेवा प्रवाहको माध्यमबाट गैंडाकोट नगर क्षेत्रमा बस्सोबास्स गर्ने स्थाई वासिन्दाहरूलाई यसै साकोसमा आबद्ध बनाउने नीति अवलम्बन गरेको छ । त्यसै गरि बालबचत कर्ताको संख्या ३७२३ रहेको छ । सेवा उपभोग गर्ने कुल संख्या २०९५३ रहेकोमा यो संख्या गैंडाकोट नगरपालिकाको कुल जनसंख्या ८०,७३७ को २५.९५ प्रतिशत हुन आउँछ ।

नियमित प्रशासनिक सेवा

- संस्थाको संचालक समितिबाट नीतिगत व्यवस्था गरी नियमित प्रशाशनिक कार्य सञ्चालन गर्न ३२ जना नियमित कर्मचारीहरू र २ जना सुरक्षा गार्डको व्यवस्था गरिएको छ । कार्यरत

कर्मचारी मध्ये २२ जना महिला कर्मचारी हुनुहुन्छ । यसै गरि कार्यरत कर्मचारीमा स्थाई सेवामा २५ जना, अस्थाई सेवामा ५ जना, करार सेवामा २ जना कर्मचारीहरू र तेश्रो पक्षसंगको करार वाट २ जना रहेका छन् । नियमित कार्य सम्पादनको लागि प्रमुख कार्यकारी अधिकृत आठौं तह को व्यवस्था गरिएको छ भने अन्य कर्मचारीहरूमा अधिकृत स्तर छैठौं तह मा ३ जना, बरिष्ठ सहायक स्तर पाचौं तहमा ३ जना तथा चौथो, तेश्रो ,दोश्रो र श्रेणी बिहीन २५ गरी ३२ जना विभिन्न तह र पदमा कर्मचारी व्यवस्थापन गरिएको छ ।

- कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन, योग्यता एवं सेवा अवधिको आधारमा सरुवा, बढुवा, प्रोत्साहन, पुरस्कारको व्यवस्था मिलाईएको छ ।
- कर्मचारीहरूको ज्ञान सीप र दक्षता अभिवृद्धि गर्न विभिन्न तालिम गोष्ठी कार्यक्रमहरूमा सहभागी गराईएको छ ।
- सदस्यहरूलाई विस्तारित सेवा प्रदान गर्न ३६० दिन काउन्टर सेवा सञ्चालन गरिएको छ । शनिबार तथा सार्वजनिक बिदाको दिनमा बिहान १० बजे देखि अपरान्ह १ बजे सम्म मुख्य कार्यालयको काउन्टर सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।
- सदस्यहरूको सुविधालाई ध्यानमा राखि पायकपर्ने स्थानहरूमा सेवाकेन्द्र कार्यालय सञ्चालन गरिएको छ । हाललाई स्वाभिमान सेवाकेन्द्र कार्यालय – गैंडाकोट १ मिलनचोक, अमरापुरी सेवाकेन्द्र कार्यालय–गैंडाकोट १५ अमरापुरी, आमा सेवाकेन्द्र कार्यालय– गैंडाकोट ५ कालिगण्डकी चोक, नवल सेवाकेन्द्र कार्यालय– गैंडाकोट ११ भेडाबारी, अविरत सेवाकेन्द्र कार्यालय– गैंडाकोट ६ गैंडाचोक, संगम सेवाकेन्द्र कार्यालय– गैंडाकोट १ प्रतिभाचोकमा सेवाकेन्द्र कार्यालयहरू सञ्चालन गरिएको छ ।
- वेवसाइट, फेसबुक, इमेल, फोन, सुझाव पुस्तिका, सुझाव पेटीका, सदस्य सर्वेक्षण, सदस्य अन्तरकृया, तथा प्रत्यक्ष भेटघाटको माध्यमबाट प्राप्त भएका सदस्यहरूको सल्लाह सुझाव प्रतिक्रियाहरू यथाशिघ्र सम्बोधन गर्ने व्यवस्था मिलाईएको छ ।
- सदस्यहरूले व्यक्त गरेको सल्लाह सुझाव बमोजीम यस वर्षका नीति तथा कार्यक्रमको तर्जुमा गरिएको छ भने संस्थाका विद्यमान नीति, निर्देशिका तथा कार्यविधिहरूमा पनि आवश्यकता अनुसार परिमार्जन तथा अध्यावधिक गरिएको छ ।

गुणस्तर सुनिश्चित गराउने एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागीता

गण्डकी साकोसले प्रदान गर्ने सेवा सुविधा तथा कार्यक्रमहरूको गुणस्तर सुनिश्चित गराउन आ.व. २०६९/७० बाट एसियाली ऋण महासंघद्वारा नेफ्स्कूनको सहयोगमा संचालित एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागी भईरहेको छ । ८६ वटा सूचकहरूको आधारमा संस्था द्धारा प्रदान गरिएको सेवाको गुणस्तरको परिक्षण गरी प्राप्तांकका आधारमा प्रदान गरिने एक्सेसका चार तहका ब्राण्डहरू (ब्रोन्ज, सिल्भर, गोल्ड र प्लेटिनम) मध्ये यस संस्थाले २०७४ देखि हालसम्म ४ वटा ब्रोन्ज स्तरको एक्सेस ब्राण्ड प्राप्त गरेको छ ।

योजना तर्जूमा एवं सुशाशन

- सहकारीका विश्वव्यापि सिद्धान्त, मूल्यमान्यता स्वं सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ स्वं सहकारीका अस्ल अभ्यासहरूको आधारमा सदस्य केन्द्रीत सेवा प्रवाहलाई ध्यान दिईएको छ । संस्थाका उपलब्ध सेवामा सदस्यहरूको अपेक्षा,सुझाव संकलन गर्न सबै सेवाकेन्द्रहरूमा समुदायका सक्रिय सदस्यहरू छलफल अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिएको छ। त्यसै गरि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार तथा अन्य उप समिति स्वं उच्च व्यवस्थापन समूहको संयूक्त सहभागीतामा आ.व. २०८३/८४ को लागि वार्षिक योजनाको तर्जुमा गरिएको छ ।
- संस्थाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम बमोजिमका लक्ष र प्रगति हरेक सञ्चालक समितिको बैठकमा समीक्षा गर्ने गरिएको छ ।
- आन्तरिक सुशाशनलाई चुस्त र दुरुस्त बनाउन लेखा तथा सुपरिवेक्षण समितिलाई सक्रिय क्रियाशील रहन उपयुक्त वातावरण बनाईएको छ । लेखा सुपरिवेक्षण समितिबाट त्रैमासिक रूपमा संस्थाको आन्तरिक लेखापरिक्षण गर्ने गरिएको छ। स्थलगत निरिक्षण तथा अनुगमन गरी तयार पारेको प्रतिवेदनमा उल्लेख भएका सुझावहरूको बारेमा सञ्चालक समितिको बैठकमा छलफल हुने तथा आवश्यकता अनुसार संयुक्त बैठक बस्सी छलफल, समीक्षा र सुधारका योजनाहरू बनाई कार्यान्वयन गर्ने गरिएको छ ।
- नियमनकारी निकायबाट जारी भएका निर्देशन तथा मापदण्ड बमोजिम आन्तरिक कार्य सञ्चालन, आवश्यक प्रतिवेदन तयारी गर्ने र आधिकारीक निकायमा पेश गर्ने गरिएको छ ।
- नेपाल वित्तीय प्रतिवेदन स्तर (NFRS) अनुसारको वित्तीय विवरण तयार गरी आ.व. २०८२/८३ को वाह्य लेखा परिक्षण गरिएको छ ।
- संस्थालाई नीति, विधि, प्रविधिले सञ्चालन गर्नुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै नीति, निर्देशिका, कार्यविधि स्वं योजनाहरूको तर्जुमा गरी कार्यान्वयन गरिएको छ । हरेक वर्ष नीति निर्देशिका स्वं कार्यविधिहरूलाई बदलिदो परिवेश, सदस्यहरूको माग र आवश्यकताको आधारमा अध्यावधिक गर्ने गरिएको छ ।

मौजुदा नीति, निर्देशिका तथा कार्यविधिहरू

- सदस्यता नीति
- ऋण व्यवस्थापन नीति
- बचत नीति
- सूचना प्रविधि नीति
- सुशासन नीति
- मानव संसाधन व्यवस्थापन नीति
- निर्वाचन नीति
- लेखा नीति
- वाह्य ऋण नीति
- आर्थिक प्रशासनिक नीति
- गल्ती व्यवस्थापन नीति
- जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धीकरण कार्यान्वयन नीति
- नगद व्यवस्थापन नीति

- सेवाकेन्द्र व्यवस्थापन नीति
- उत्कृष्ट सदस्य छनौट र सम्मान निर्देशिका
- संरक्षित पूँजी फिर्ता कोष निर्देशिका
- सवारी साधन परिचालन निर्देशिका
- उत्कृष्ट कर्मचारी पुरस्कार निर्देशिका
- पुराना कागज धुल्याउने निर्देशिका
- सदस्य सेवा निर्देशिका
- सदस्य परिवार राहतकोष नीति
- नवजात शिशु भेटघाट कार्यविधि
- समवदेना/राहतकोष वितरण कार्यविधि
- बैठक सञ्चालन कार्यविधि
- विदाको दिन कार्य सञ्चालन कार्यविधि
- ऋण लगानी कार्यविधि
- ऋण असुली कार्यविधि
- नगद भुक्तानी कार्यविधि
- अवलोकन भ्रमण कार्यविधि
- सदस्यता प्रदान कार्यविधि
- सरसफाइ कार्यविधि
- सदस्य सूचना कार्यविधि
- साधारण सभा सञ्चालन कार्यविधि
- महामारीमा साधारणसभा सञ्चालन कार्यविधि
- महामारीमा सदस्यसेवा निर्देशिका।
- व्यवसाय निरन्तरता योजना।
- विपद्मा परेका सदस्यलाई प्रदान गरिने राहतकोष सम्बन्धी कार्यविधि
- सदस्यको उत्पादन प्रदर्शनी कक्ष व्यवस्थापन नीर्देशिका

प्रविधिको अवलम्बन

- यस संस्थाको "Gandaki Smart Apps" बाट सेवा लिन चाहने सदस्यहरूलाई अनलाइन माध्यमबाट सिस्टममा दर्ता गर्ने व्यवस्था मिलाईएको छ। यसबाट नगद रहित कारोवारमा सदस्यहरूको सहज पहुँच पुगेको छ। गुगल प्ले स्टोरमा "Gandaki Smart Apps" र एप स्टोरमा "infoDev mDabali" को नामबाट एप्लीकेशन मोवाइलमा डाउनलोड गरी दर्ता गर्न र संस्थाका वित्तीय तथा अन्य सेवाहरू उपयोग गर्न सकिने व्यवस्था मिलाइएको छ।
- सदस्यहरूलाई आधुनिक गुणस्तरीय र प्रतिष्पर्धि वित्तीय तथा गैरवित्तीय सेवा उपलब्ध गराउन अत्याधुनिक बैंकिङ सफ्टवेयरको प्रयोग गरिएको छ जसबाट सदस्यहरूको लागि Real Time Basis मा बिश्वासिलो र भरपर्दो वित्तीय सेवा उपलब्ध गराइएको छ। संस्थाको आन्तरिक कार्य व्यवस्थाको लागि उपयुक्त प्रविधिहरूको प्रयोग गरिएको छ।
- संस्थाको वित्तीय कारोवारको तथ्यांक भण्डारणको लागि अत्याधुनिक र सुरक्षित तवरबाट Cloud Based Storage System को व्यवस्था मिलाइएको छ।
- सदस्यहरूले आफुलाई पायक पर्ने यस संस्थाका सेवाकेन्द्रहरूबाट निशुल्क ABBS सेवा प्राप्त गर्ने व्यवस्था मिलाईएको छ।
- संस्थाका महत्त्वपूर्ण कागजातहरूलाई NAS विधिबाट सुरक्षित भण्डारणको व्यवस्था मिलाईएको छ।
- सदस्यको सम्पूर्ण वित्तीय आवश्यकताको समाधान गर्ने हेतुले यस संस्थाको कार्यालयबाट नै सदस्यहरूको खानेपानीको मासिक शुल्क भुक्तानी, बिजुलीको महशुल भुक्तानी, टेलिफोन,

इन्टरनेट, टेलिभिजनको मासिक बिल भुक्तानी, राष्ट्रिय हवाई उडानको लागि टिकट बुकिङ गर्ने जस्ता सेवाहरू उपलब्ध गराईरहेको छ ।

- यस संस्थाको Gandaki Smart Apps को प्रयोग गरी इन्टरनेटको बिल भुक्तानी, मोवाइल तथा टि भी. मा ब्यालेन्स रिचार्ज गर्ने लगायतका कार्यहरूमा सदस्यहरूलाई कमिशनको व्यवस्था मिलाईरहेको छ ।
- Gandaki Smart Apps को प्रयोग गरी फोन पे को QR Payment (क्यूआर पेमेन्ट प्रणाली), बैंक फण्ड ट्रान्सफर, वालेट फण्ड ट्रान्सफर, ऋणको किस्ता भुक्तानी, हवाई तथा बसको टिकट बुकिङ, ई–वालेटबाट कुनै पनि अन्य सहकारी संस्थाको खातामा रकम जम्मा गर्न सकिने सेवाहरू व्यवस्था मिलाईरहेको छ ।
- अन्य कुनै बैंकवाट यस गण्डकी साकोसमा रकम सार्न NPS, INSTA Fund Transfar, CONNECT IPS र Wallet हरूको माध्यमवाट गर्न सकिने व्यवस्था गरिरहेको छ ।
- संस्थाका सदस्यहरूको खाताको क्यूआर मा अन्य बैंकको मोवाइल एप्लीकेशनबाट क्यूआर स्क्यान गरेर सहकारीमा रहेको खातामा रकम ट्रान्सफर गर्न सकिने व्यवस्था गरिरहेको छ । यसले बैंकबाट सहकारीको खातामा रकम सार्न अत्यन्तै सहज बनेको छ ।
- दैनिक बचत संकलनको सेवालाई छिटो, प्रभावकारी र विश्वसनीय बनाउनको लागि Online मोवाइल (ट्याबलेट) संयन्त्रलाई थप अध्याबधिक गरि सञ्चालनमा ल्याईरहेको छ ।
- नगद रहित कारोवार प्रणालीको बारेमा सदस्यहरूलाई जानकारी गराउदै डिजिटल कारोबारलाई प्रोत्साहन गर्ने गरिरहेको छ ।
- भुक्तानी पुर्जा (चेक) रहित कारोवारको लागि Gandaki Smart Apps बाट टेलरमा रहेको क्यूआर स्क्यान गरी रकम भुक्तानी गर्न सकिने गरी ई–टेलर (E-Teller) को व्यवस्था मिलाईरहेको छ ।
- ई सेवा रेमिट्यान्स मार्फत स्वदेश वा बिदेशबाट आफन्तहरूले पठाएको पैसा यस संस्थाका सदस्यहरूले स्मार्ट एप्लीकेशन (Gandaki Smart Apps)को प्रयोग गरी आफ्नै बचत खातामा जम्मा गर्न मिल्ने र नेपालका सबै ठाउँमा रेमिट्यान्स रकम पठाउन सकिने व्यवस्था मिलाईरहेको छ ।
- सदस्यहरूले यस संस्थाको Gandaki Smart Apps को प्रयोग गरी सबै प्रकारका भुक्तानी सेवाहरू प्राप्त गर्न सकिने गरी पूर्ण समाधानको माध्यमको रूपमा विकास गरिदै लगिरहेको छ ।
- मोवाइल एप्लीकेशनको प्रयोगबाट धेरै पटक कारोवार गर्ने सदस्यहरू मध्येबाट छनौट गरी महिनाको स्मार्ट सदस्यको रूपमा (Smart Member of The Month) सम्मान गर्ने गरिरहेको छ ।
- संस्थाको वेभसाइट बाट सदस्यहरूले आफ्नो विवरण (KYM Form) अध्याबधिक गर्न सकिने व्यवस्था मिलाइरहेको छ ।

- सदस्यता लिन इच्छुक योग्यता पुगेका नागरिकले संस्थाको वेभसाइटमा उपलब्ध अनलाइन फारम मार्फत सदस्यता आबेदन फारम भर्न सकिने व्यवस्था मिलाइएको छ ।

सदस्य सेवा कार्यक्रमहरू

संस्थाका सबै सेवा तथा कार्यक्रमहरू शेयर सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकताको सामाधान गर्नका लागि प्रस्तुत गरिएको छ । सदस्यहरूले सेवा लिने क्रममा संस्थाको नीति, विधी भित्र रहेर सक्रिय रहने सदस्यहरूलाई विभिन्न विधामा पुरस्कृत र सम्मान गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

- वर्ष उत्कृष्ट बाल बचतकर्ता
- वर्ष उत्कृष्ट कारोवार बचत कर्ता सदस्य
- वर्ष उत्कृष्ट दैनिक बचतकर्ता सदस्य
- वर्ष उत्कृष्ट ऋणी सदस्य
- वर्ष उत्कृष्ट उद्यमी सदस्य
- उत्कृष्ट स्मार्ट सदस्य

- "वर्षमा एकदिन विपद्मा परेको साथीसँग एकछिन" कार्यक्रम सञ्चालन गर्ने गरी विपदमा परेका विपन्न सदस्यको औषधि उपचार गर्न, दैवी प्रकोपबाट घर क्षति भएमा आपतकालिन आवास व्यवस्थापन गर्न तथा सदस्यलाई जटिल रोगको उपचारको लागि रु पाँच हजार देखि पन्ध्र हजार सहयोग रकम उपलब्ध गराउने व्यवस्था मिलाईएको छ ।
- संस्थाका महिला सदस्यहरूबाट नवजात शिशुको जन्म हुँदा संस्थागत रूपमा भेटघाट गर्ने र कोसेली प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यस आ.व. मा ७२ जना सदस्यहरूलाई सेवा प्रदान गरिएको छ ।
- संस्थाका ज्येष्ठ सदस्यहरूको चौरासी पूजा कार्यक्रममा सहभागी भई सदस्यलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईएको छ । यस आ.व. मा ४ जना ज्येष्ठ सदस्यहरू सम्मानीत हुनुभएको छ ।
- संस्थाका सदस्यहरू दिवंगत भई उक्त सदस्यको परिवार मृत्युशोकमा परेको अवस्थामा संस्थाको तर्फबाट श्रद्धान्जली स्वं समवेदना प्रकट गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- मासिक बचतकर्ता सदस्यहरूको मृत्यु भएमा मासिक बचत नियमित भएका सदस्यको परिवारलाई राहत स्वरूप अधिकतम रु ३५,०००/– सम्म उपलब्ध गराउने व्यवस्था मिलाईएको छ । राहतकोष बाट ४७ जनालाई ८,४५,०००/– रकम राहत स्वरूप प्रदान गरिएको छ ।
- मासिक बचत भएका ७० उमेर सम्मका सबै सदस्यहरूलाई राहतकोषमा अनिवार्य सहभागी हुने व्यवस्था मिलाईएको छ ।

- राहतकोषमा पहिलो वर्ष रु ६००/– र वार्षिक रूपमा रु १००/– भुक्तान गरी नविकरण गर्ने व्यवस्था मिलाईस्को छ ।
- जेष्ठ नागरिक प्रतिको सम्मान, सामाजिक समावेशिता तथा सांस्कृतीक मूल्यहरूको संरक्षण गर्ने उद्देश्यले मिति २०८२/०८/०३ र २०८२/०९/०२ मा गरि दुई समूहमा ८/८ दिनको जेष्ठ सदस्य तीर्थ भ्रमण कार्यक्रम सञ्चालन गरिस्को छ । उक्त कार्यक्रम अन्तर्गत संस्थासँग आबद्ध ६५ जना जेष्ठ सदस्यहरूलाई भारतका प्रमुख धार्मिक तथा ऐतिहासिक तीर्थस्थलहरू, जस्तै काशी, गया लगायतका पवित्र स्थलहरूको भ्रमण गराइस्को थियो । यस कार्यक्रमले जेष्ठ सदस्यहरूलाई धार्मिक आस्था अभिवृद्धि, आध्यात्मिक शान्ति, मानसिक सन्तुष्टि तथा सामाजिक सद्भावको अनुभूति गराउनुका साथै उनीहरूको सम्मान, आत्मीयता र सक्रिय सहभागीतालाई प्रवर्द्धन गर्ने अवसर प्रदान गरेको थियो । भ्रमणमा सहभागी जेष्ठ सदस्यहरूले कार्यक्रमप्रति उच्च सन्तुष्टि व्यक्त गर्दै संस्थाप्रति थप आत्मीयता, विश्वास तथा अपनत्वको भावना विकास भस्को बताएका थिए ।

  यो कार्यक्रम "संयुक्त राष्ट्र संघीय दिगो विकास लक्ष्य (SDGs)–३ : "अस्सल स्वास्थ्य र समृद्ध जीवन (Good Health and Well–being)" सँग सम्बन्धित रहेको छ, जसले मानसिक स्वास्थ्य, सामाजिक कल्याण तथा सक्रिय जीवनशैलीलाई प्रवर्द्धन गर्ने उद्देश्य राख्दछ । साथै, दिगो विकास लक्ष्य–१० : "असमानता न्यूनीकरण (Reduced Inequalities)" र दिगो विकास लक्ष्य–११ : "दिगो समुदाय तथा शहरहरू (Sustainable Cities and Communities)" को भावना अनुरूप जेष्ठ नागरिकहरूको सम्मान, सामाजिक समावेशिता तथा सांस्कृतिक सम्पदा प्रतिको पहुँच सुनिश्चित गर्न पनि कार्यक्रमले योगदान पुऱ्याएको छ ।

सामाजिक उत्तरदायित्व

- सामाजिक उत्तरदायित्व वहन गर्दै संस्थाले हरेक वर्ष सदस्य स्वं समुदायको लागि संचालित विभिन्न कार्यक्रमहरूमा सहभागी हुने कार्यलाई यस वर्ष पनि निरन्तरता दिस्को छ ।
- २०८३ भाद्र १० गते भोटेकोशी नदिमा आस्को महाप्रलयकारी बाढीको कारण रस्वुवा, नुवाकोट तथा धादिङ लगायतमा जिल्लाका प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सञ्चालित प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा गण्डकी बचत तथा ऋण सहकारी संस्था लिं को तर्फबाट संस्थागत रूपमा रु २,३३,९४४।०० (दुई लाख तेत्तिस हजार नौसय चवालीस रुपैया मात्र) योगदान जम्मा गरेको छ । संस्थाका सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, कर्मचारी स्वं शेयर सदस्यहरूबाट स्वैच्छिक रूपमा संकलित योगदानहरू तथा संस्थागत कोषबाट योगदान हुने गरि उक्त राहत उपलब्ध गराईस्को छ ।
- गण्डकी साकोस्ले सामाजिक उत्तरदायित्व वहन गर्दै मानव जीवन रक्षामा योगदान पुऱ्याउने तथा रक्त अभाव न्यूनीकरण गर्ने उद्देश्यले मिति २०८२ साल माघ १५ गते शहिद दिवशको

अवसरमा संस्थाको मुख्य कार्यालयमा रक्तदान कार्यक्रम सञ्चालन गरेको छ। १०५ पिन्ट रगत संकलन भएको उक्त कार्यक्रमबाट विभिन्न स्वास्थ्य संस्थाहरूमा उपचाररत बिरामीहरूलाई आवश्यक रगत उपलब्ध गराउन महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ। रक्तदानको महत्त्व, नियमित रक्तदानको आवश्यकता तथा मानव जीवन बचाउन सामूहिक योगदानको भूमिकाबारे जनचेतना अभिवृद्धि गर्न समेत कार्यक्रम प्रभावकारी बनेको थियो।

उक्त कार्यक्रम "संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य (SDGs)–३ : "असल स्वास्थ्य र समृद्ध जीवन (Good Health and Well–being)" सँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ। यसले सुरक्षित र पर्याप्त रगतको उपलब्धता मार्फत स्वास्थ्य सेवा प्रणालीलाई सहयोग पुऱ्याउनुका साथै नागरिकहरूको स्वास्थ्य सुरक्षामा सकारात्मक योगदान गरेको छ।

- गण्डकी साकोसले मिति २०८२ कार्तिक १ गते सम्पन्न साधारण सभाको अवसरमा सदस्यहरूको स्वास्थ्य प्रति सचेतना अभिवृद्धि गर्ने र सदस्यलाई सेवा पुऱ्याउने उद्देश्यले निःशुल्क स्वास्थ्य जाँच कार्यक्रम सञ्चालन गरेको छ। उक्त कार्यक्रम मार्फत सदस्यहरूको आधारभूत स्वास्थ्य परीक्षण गरी आवश्यक स्वास्थ्य परामर्श प्रदान गरिएको थियो। कार्यक्रमबाट करिब २५८ जना सदस्यहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए। यस कार्यक्रमले सदस्यहरूमा स्वास्थ्य सचेतना बढाउन तथा स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।
- सदस्य तथा समुदायको स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि तथा स्वस्थ समाज निर्माण गर्ने उद्देश्यले मिति २०८२ साल मंसिर १३ गते वीरेन्द्र माध्यमिक विद्यालय, गैँडाकोट–१८ मा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। उक्त शिविरमार्फत सहभागीहरूलाई स्वास्थ्य परीक्षण, आवश्यक स्वास्थ्य परामर्श, रोगको प्रारम्भिक पहिचान तथा स्वास्थ्य सचेतनामूलक सेवाहरू प्रदान गरिएको थियो। शिविरले सदस्य तथा स्थानीय समुदायलाई आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी प्राप्त गर्ने, समयमै उपचार तथा रोकथामका उपायहरू अपनाउने अवसर प्रदान गरेको थियो। कार्यक्रमबाट १२० जना सदस्य तथा समुदायका व्यक्तिहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए। यस कार्यक्रमले स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्नुका साथै गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।
- गण्डकी साकोसले सदस्य तथा समुदायको स्वास्थ्य प्रवर्द्धन, गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार तथा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८२ साल पौष ९ गते वडा कार्यालय, गैँडाकोट–१४ मा निःशुल्क स्वास्थ्य तथा आँखा शिविर सञ्चालन गरेको थियो। उक्त शिविर मार्फत सदस्य तथा समुदायका व्यक्तिहरूलाई स्वास्थ्य परीक्षण, आँखा जाँच, आवश्यक स्वास्थ्य परामर्श तथा उपचार सम्बन्धी आवश्यक औषधि एवं सुझावहरू प्रदान

गरिएको थियो । शिविरका क्रममा आँखा सम्बन्धी विभिन्न समस्याहरूको पहिचान गरिनुका साथै मोतियाबिन्दुबाट प्रभावित बिरामीहरूको विशेष परीक्षण गरिएको थियो । परीक्षणका क्रममा पहिचान भएका मोतियाबिन्दुका बिरामीहरूमध्ये १८ जनाको निःशुल्क शल्यक्रिया (अपरेशन) गराउने व्यवस्था मिलाइएको थियो, जसले उनीहरूको जीवनस्तर सुधार तथा दृष्टि पुनःस्थापनामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

कार्यक्रमबाट ३३० जना सदस्य तथा समुदायका वासिन्दाहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए । यस कार्यक्रमले स्वास्थ्य तथा आँखाको हेरचाह सम्बन्धी जनचेतना अभिवृद्धि गर्नुका साथै विशेषगरी आर्थिक रूपमा कमजोर तथा स्वास्थ्य सेवामा सीमित पहुँच भएका नागरिकहरूलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यि निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम "संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य (SDGs)–३: "अस्सल स्वास्थ्य र समृद्ध जीवन (Good Health and Well–being)" सँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ । साथै, समुदायमा स्वास्थ्य शिक्षा, रोगको रोकथाम तथा स्वास्थ्य सेवाको पहुँच विस्तारमार्फत स्वस्थ, सक्षम र उत्पादनशील समाज निर्माणमा समेत योगदान पुग्ने विश्वास लिएको छ ।

- स्वच्छ, स्वस्थ तथा वातावरणमैत्री समुदाय निर्माण गर्ने उद्देश्यले मिति २०८३ साल श्रावण २९ गते वातावरण संरक्षण तथा सरसफाइ प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न सार्वजनिक स्थानहरूमा डस्टबिन वितरण गरी फोहोर व्यवस्थापनको व्यवस्था मिलाएको थियो ।

  उक्त कार्यक्रमबाट करिब १०० जना सदस्य तथा स्थानीयवासीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । यस कार्यक्रमले समुदायमा सरसफाइ, सार्वजनिक स्वास्थ्य तथा वातावरण संरक्षण प्रति सकारात्मक सन्देश प्रवाह भएको छ । यस कार्यक्रमले स्थानीय तह, समुदाय र सहकारीबीचको सहकार्यलाई सुदृढ बनाउनुका साथै सामूहिक उत्तरदायित्वको भावना विकास गर्न समेत योगदान पुऱ्याएको छ ।

  उक्त कार्यक्रम "संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य (SDGs)–३ : "अस्सल स्वास्थ्य र समृद्ध जीवन (Good Health and Well–being)", लक्ष्य–११ : "दिगो शहर तथा समुदाय (Sustainable Cities and Communities)" तथा लक्ष्य–१३ : "जलवायु परिवर्तन सम्बन्धी कार्य (Climate Action)" सँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ ।

- गण्डकी साकोसले शिक्षा क्षेत्रको विकास, शैक्षिक अवसरमा पहुँच विस्तार तथा सामाजिक उत्तरदायित्व निर्वाह गर्ने उद्देश्यले मिति २०८३ साल बैशाख २४ गते संस्थाको मुख्य कार्यालयमा "छात्रवृत्ति वितरण कार्यक्रम" सम्पन्न गरेको छ । उक्त कार्यक्रममार्फत गैँडाकोट नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका आर्थिक रूपमा विपन्न तथा जेहेन्दार १० विद्यार्थीहरूलाई शैक्षिक सामाग्री, पोसाक तथा नगद छात्रवृत्ति प्रदान गरिएको थियो । छात्रवृत्तिले आर्थिक अभावका

कारण अध्ययनमा आउने कठिनाइ न्यूनीकरण गर्न सहयोग पुऱ्याउनुका साथै विद्यार्थीहरूलाई नियमित अध्ययन, शैक्षिक उत्कृष्टता हासिल गर्न तथा उज्ज्वल भविष्य निर्माणतर्फ प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

यस कार्यक्रम "संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य (SDGs)–४ : "गुणस्तरीय शिक्षा (Quality Education)" सँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ । यसले सबैका लागि समावेशी, न्यायोचित तथा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्ने तथा जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याएको छ । साथै, आर्थिक रूपमा विपन्न वर्गका विद्यार्थीहरूलाई शैक्षिक अवसर उपलब्ध गराई दिगो विकास लक्ष्य–१० : "असमानता न्यूनीकरण (Reduced Inequalities)" मा समेत सकारात्मक योगदान गरेको छ ।

तालिम, शिक्षा

- सदस्यहरूलाई संस्थाका गतिविधिहरू जानकारी गराउँदै बचतको महत्त्व र ऋणको सदुपयोगिता बारेमा सचेत गराउन वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ ।
- सदस्यहरूलाई संस्थाका वित्तीय सेवासँग सम्बन्धित प्रविधिसँग परिचय गराउनको लागि वित्तीय प्रविधि साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ ।
- सदस्यहरूको ज्ञान, सीप, स्वास्थ्य सचेतना तथा आर्थिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०८२ साल माघ २६ गतेदेखि फाल्गुन २९ गतेसम्म सहकारी सचेतना तथा प्राथमिक उपचार सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम मार्फत सदस्यहरूलाई सहकारीको सिद्धान्त, मूल्य र अभ्यास सम्बन्धी शिक्षा प्रदान गर्नुका साथै आकस्मिक अवस्थामा आवश्यक पर्ने आधारभूत प्राथमिक उपचार सम्बन्धी प्रयोगात्मक जानकारी दिइएको थियो । यस बाट १४७६ जना सदस्यहरू लाभान्वीत हुनभएको छ ।

  यस कार्यक्रम "संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य (SDGs)–लक्ष्य–३ : "असल स्वास्थ्य र समृद्ध जीवन (Good Health and Well–being)" तथा लक्ष्य–४ : "गुणस्तरीय शिक्षा (Quality Education)" सँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ । स्वास्थ्य सम्बन्धी ज्ञान अभिवृद्धि तथा सहकारी शिक्षाको विस्तार मार्फत दिगो विकासका बहुआयामिक लक्ष्यहरू प्राप्त गर्न कार्यक्रमले योगदान पुऱ्याउने विश्वास गरिएको छ ।
- २०८२ साल श्रावण २९ गते सहकारी मूल्य, मान्यता तथा सिद्धान्त प्रति सदस्यहरूमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले "सहकारी तिज गीत प्रतियोगिता" आयोजना गरेको थियो । प्रतियोगिता मार्फत सहकारीको महत्त्व, बचत, ऋणको सदुपयोग, आत्मनिर्भरता, महिला सशक्तीकरण तथा सामूहिक विकासका सन्देशहरू गीतमार्फत प्रस्तुत गरिएको थियो । कार्यक्रमबाट करिब १,४०० जना सदस्यहरू प्रत्यक्ष रूपमा लाभान्वित भई सहकारी सम्बन्धी ज्ञान तथा सचेतना अभिवृद्धि गर्न सफल भएका छन् । यस कार्यक्रमले सदस्यहरूबीच सहकारी भावना सुदृढ गर्नुका साथै

सांस्कृतिक संरक्षण र सामाजिक एकता प्रवर्द्धन गर्न समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

- सदस्यहरूलाई तरकारीमा आत्मनिर्भर हुन प्रेरीत गर्ने उद्देश्यले सञ्चालन गरिएको कृषि प्रबर्धन तथा सचेतना कार्यक्रममा विभिन्न तरकारी बालीका उन्नत बीउहरू वितरण गरिएकोमा कुल १४७६ जना सदस्यहरू प्रत्यक्ष रूपमा लाभान्वित हुनुभएको छ ।

  यस कार्यक्रम "संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य (SDGs)–२ : "भोकमरी अन्त्य तथा दिगो कृषि प्रवर्द्धन (Zero Hunger)" सँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ । कृषि उत्पादनका लागि आवश्यक स्रोतको उपलब्धता, मार्फत दिगो विकासका बहुआयामिक लक्ष्यहरू प्राप्त गर्न कार्यक्रमले योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

सूचना तथा संचार

- संस्थाका सेवाहरूको बारेमा जानकारी दिदै सदस्यहरूको सल्लाह सुझाव गुनासो प्रतिकृयाहरू थाहा पाउन सदस्यहरूको घरदैलोमा जाने छलफल गर्ने कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- सदस्यहरूलाई संस्थागत सूचना एवं समाचारहरू सम्प्रेषण गर्न फेसबुक, वेवसाइट, मोवाइल एप्स पत्रपत्रिका, रेडियो जस्ता आधुनिक प्रविधियुक्त विद्युतीय माध्यमहरूलाई सञ्चालनमा ल्याइएको छ ।
- संस्थागत जानकारी, सूचना दिन वार्षिक रूपमा प्रकाशन गरिदै आएको प्रतिवेदन, भित्तेपात्रो, बचत र ऋण सम्बन्धी फ्लायर्सहरूको छपाई तथा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- संस्थाले उपलब्ध गराएको प्रविधिको प्रयोग गरी संस्थामा उपलब्ध सेवाहरूलाई सुरक्षित र सर्वसुलभ रूपमा प्राप्त गर्न सिकाउने उद्देश्यले मोवाइल एप्लिकेशनमा श्रब्य दृष्य सामग्रिहरूको व्यवस्था मिलाईएको छ ।
- सामुदायिक रेडियो बिजय एफ एम् तथा अन्य स्थानिय संचार माध्यमहरूसँगको सहकार्यमा संस्थाका गतिविधि एवं सूचनाहरू सम्प्रेशण गर्ने व्यवस्था मिलाइएको छ ।

सिकाई एवं क्षमता अभिवृद्धि

- संस्थाको दिगो विकास र व्यवस्थापनमा सञ्चालक र व्यवस्थापन पक्षको सीप, दक्षताको प्रमुख भूमिका रहने हुँदा यी दुवै पक्ष निरन्तर सिकाई प्रकृयामा सामेल रहनु अत्यावश्यक हुन्छ । सञ्चालक र कर्मचारीहरूलाई आवश्यकता बमोजिमका तालिम तथा गोष्ठीहरूमा सहभागी गराईएको छ ।
- मानव संसाधन विकास, क्षमता अभिवृद्धि तथा अशल अभ्यासको अनुभव आदान प्रदान गर्ने उद्देश्यले मिति २०८२/११/१४ मा व्यवस्थापन समूहबाट उत्कृष्ट सहकारी संस्थाहरूको अध्ययन अवलोकन कार्यक्रम गरिएको छ । संस्थाका ३२ जना कर्मचारीहरूको सहभागीता रहेको कार्यक्रममा सहभागीहरूले लुम्बिनी प्रदेश स्थित अग्रणी सहकारी संस्थाहरू ग्रामिण साकोस, जनउत्थान साकोसको अवलोकन गरेका थिए । अवलोकन भ्रमणका क्रममा संस्थागत

सुशासन, वित्तीय व्यवस्थापन, सदस्य सेवा, जोखिम व्यवस्थापन, प्रविधिको उपयोग, मानव संसाधन व्यवस्थापन तथा व्यवसाय विस्तारका उत्कृष्ट अभ्यासहरूको अध्ययन गर्नुका साथै अनुभव आदान–प्रदान गर्ने अवसर प्राप्त गरेका थिए ।

उक्त कार्यक्रम "संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य (SDGs)–४ : "गुणस्तरीय शिक्षा (Quality Education)" अन्तर्गतको जीवनपर्यन्त सिकाइ तथा सीप विकासको अवधारणासँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ । साथै, दिगो विकास लक्ष्य–८ : "उचित रोजगारी तथा आर्थिक वृद्धि (Decent Work and Economic Growth)" अनुरूप कर्मचारीहरूको क्षमता विकास, उत्पादकत्व अभिवृद्धि तथा संस्थागत कार्यसम्पादन सुधारमा योगदान पुऱ्याएको छ। यसका अतिरिक्त, दिगो विकास लक्ष्य–९ : "उद्योग, नवप्रवर्तन तथा पूर्वाधार (Industry, Innovation and Infrastructure)" अन्तर्गत नवप्रवर्तन, प्रविधिमैत्री व्यवस्थापन तथा संस्थागत सुधारका अभ्यासहरू अवलम्बन गर्न प्रेरित गरेको छ ।

- संस्थाको सुशासन, नेतृत्व विकास तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८३/०१/१० मा सञ्चालकहरूको सहकारी अध्ययन कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा ३३ जना सञ्चालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरूको सहभागीता रहेको थियो ।

  भ्रमणका क्रममा सहभागीहरूले कोशी प्रदेशस्थित अग्रणी सहकारी संस्थाहरू किसान कल्याण सहकारी, सहारा सहकारी तथा नेपाल बहुउद्देश्यीय सहकारी संस्था को अध्ययन अवलोकन तथा अस्सल अभ्यासहरूको अनुभव आदान प्रदान भएको थियो । अध्ययन अवलोकनको क्रममा संस्थागत सुशासन, रणनीतिक योजना तर्जुमा, वित्तीय अनुशासन, जोखिम व्यवस्थापन, सदस्य सहभागीता, सेवा विस्तार, नेतृत्व विकास तथा दिगो सहकारी व्यवस्थापनका विविध पक्षमा भएका अभ्यासहरूको अनुभव आदान–प्रदान गरिएको थियो । संस्थाको "ग्लोबल कज" अनुरूप ज्ञान, सीप र अनुभवको आदान–प्रदान मार्फत सक्षम नेतृत्व, सुदृढ सुशासन र दिगो संस्थागत विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रमले सहभागीहरूको क्षमता अभिवृद्धि गर्नुका साथै सदस्य केन्द्रित, उत्तरदायी र प्रभावकारी सहकारी संस्था निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।
- विभिन्न अभौतीक प्रणाली मार्फत सञ्चालन हुने तालिम, गोष्ठी तथा कार्यशालाहरूमा सञ्चालक तथा कर्मचारीहरूलाई सहभागी गराईएको छ ।
- राष्ट्रिय गोष्ठी, सम्मेलन एवं फोरमहरूमा सञ्चालक तथा उच्च व्यवस्थापन बाट सहभागीता जनाईएको छ ।
- संस्थाका कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न निकायहरूले सञ्चालन गरेका कार्य दक्षता अभिबृद्धि गर्ने तथा अन्य व्यवशायिक तालिमहरूमा सहभागी गराईएको छ ।

- आन्तरिक तथा बाह्य लेखापरिक्षणको शिलशिलामा प्राप्त भएका सुझावहरूको आधारमा सम्भावित जोखिम व्यवस्थापनको लागि संस्थामा कार्यरत कर्मचारीहरूलाई अभिमुखिकरण गरिएको छ ।
- कर्मचारीहरूको पेशागत सीप, दक्षता विकासको लागि विषयगत अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

सहकारी एकिकरण

२०५० साल कार्तिक १ गते स्थापना भएको तत्कालिन गैंडाकोट युवा बचत तथा ऋण सहकारी संस्था लि. सहकारी एकिकरण अभियानमा अग्रसर भई यो अभियानलाई सवल र सुदृढ बनाउदै सदस्यहरूलाई उच्च स्तरको वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले हाल सम्म गैंडाकोट बचत तथा ऋण सहकारी संस्था लि. को अगुवाईमा स्वाभिमान बचत तथा ऋण सहकारी संस्था लि. (२०७३ सालमा), आमा बचत तथा ऋण सहकारी संस्था लि. (२०७४ सालमा), नवल कृषि सहकारी संस्था लि. (२०७७ सालमा), संगम अविरत बचत तथा ऋण सहकारी संस्था लि.(२०७८ सालमा), कलश बचत तथा ऋण सहकारी संस्था लि. (२०८० सालमा) एकिकरण भई हाल गण्डकी बचत तथा ऋण सहकारी संस्था लि. को नाममा एकिकृत भएका छन् ।

सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि व्यवस्थाको कार्यान्वयन :

गण्डकी बचत तथा ऋण सहकारी संस्था लि ले प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण सम्बन्धी कानून, सहकारी ऐन, २०७४ तथा सम्बन्धित निर्देशनहरूको पालना गर्दै संस्थाको वित्तीय कारोबारलाई पारदर्शी सुरक्षित र जोखिमरहित बनाउन आवश्यक व्यवस्था कार्यान्वयन गर्दै आएको छ । सहकारी ऐन, २०७४ को दफा १५० 'क' बमोजिम सम्पत्ति शुद्धीकरण, आतंककारी कार्यमा वित्तीय लगानी तथा आमविनाशका हातहतियार सम्बन्धी वित्तीय लगानी निवारणका लागि जारी निर्देशन पालना गर्नु संस्थाको दायित्व हो ।

संस्थाले गरेका प्रमुख कार्यहरू

- सदस्यको परिचय, ठेगाना, पेशा र व्यवसाय, आम्दानीको स्रोत सम्बन्धी विवरण (KYM) फारम अद्यावधिक गर्ने कार्य गरिएको छ ।
- नयाँ सदस्यता, खाता सञ्चालन, निक्षेप तथा कर्जा कारोबारमा सदस्य पहिचान तथा सदस्य सम्बन्धी आवश्यक विवरण लिने व्यवस्था गरिएको छ ।
- अस्वाभाविक, शंकास्पद वा सदस्यको घोषित आम्दानी तथा कारोबारसँग मेल नखाने कारोबारको निगरानी गर्ने व्यवस्था मिलाइएको छ ।
- उच्च जोखिम भएका सदस्य, कारोबार तथा क्षेत्रको पहिचान गरी आवश्यक थप जाँच तथा अभिलेखीकरण गर्ने व्यवस्था गरिएको छ ।

- नगद कारोबार, रकम स्थानान्तरण, निक्षेप, भुक्तानी तथा कर्जा कारोबारका अभिलेख सुरक्षित रूपमा राखिएको छ ।
- सञ्चालक समिति, कर्मचारी तथा सम्बन्धित पदाधिकारीलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी जिम्मेवारी र प्रक्रियाबारे जानकारी गराइएको छ ।
- संस्थाभित्र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य हेर्न जिम्मेवार अधिकारी तोकी आवश्यक समन्वय गरिएको छ ।
- शंकास्पद कारोबार देखिएमा प्रचलित कानून तथा नियामकीय निर्देशन बमोजिम सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने व्यवस्था कायम गरिएको छ ।
- संस्थाको आन्तरिक नियन्त्रण, लेखा परीक्षण तथा कारोबार अनुगमन मार्फत जोखिम न्यूनीकरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

प्रतिवेदन अवधिको अवस्था

यस आर्थिक वर्षमा संस्थाले सदस्यहरूको कारोबारको नियमित अनुगमन गरेको छ । उपलब्ध अभिलेख तथा आन्तरिक परीक्षणका आधारमा संस्थाको कारोबारमा सम्पत्ति शुद्धीकरण वा आतंककारी कार्यमा वित्तीय लगानीसँग सम्बन्धित गम्भीर जोखिम देखिएको छैन । तथापि, सदस्य संख्या, कारोबारको आकार तथा वित्तीय गतिविधि विस्तार हुँदै गएकाले सदस्य विवरण अद्यावधिक, कारोबारको जोखिम मूल्याङ्कन र कर्मचारीको क्षमता विकासलाई निरन्तर प्राथमिकता दिइनेछ ।

शंकास्पद कारोबारसम्बन्धी विवरण प्राप्त भएमा संस्थाले गोपनीयता कायम राख्दै प्रचलित कानूनअनुसार आवश्यक प्रक्रिया अवलम्बन गर्नेछ । कुनै कारोबारलाई केवल रकमको आकारका आधारमा मात्र नभई कारोबारको प्रकृति, उद्देश्य, स्रोत र सदस्यको व्यावसायिक अवस्थासँग समेत तुलना गरी मूल्याङ्कन गरिनेछ ।

विवरण	संख्या
जम्मा सदस्य संख्या	१७२३०
पहिचान (KYM) अद्यावधिक संख्या	१३९९५
उच्च जोखिम स्तरका सदस्य संख्या	८८
मध्यम जोखिम स्तरका सदस्य संख्या	६३१
न्यून जोखिम स्तरका सदस्य संख्या	१३२७६
सिमा कारोवार प्रतिवेदन (TTR) संख्या	२४
रु १० लाख वा सो भन्दा बढी शेयर भएका सदस्य संख्या	२
रु १० लाख वा सो भन्दा बढी बचत भएका सदस्य संख्या	२७८
रु १० लाख वा सो भन्दा बढी ऋण भएका सदस्य संख्या	३३५

आगामी कार्ययोजना

आगामी आर्थिक वर्षमा निम्न कार्यहरूलाई थप प्रभावकारी बनाइनेछ :

- *सम्पूर्ण सदस्यहरूको परिचय विवरण पुनरावलोकन तथा अद्यावधिक गर्ने ।*
- *जोखिममा आधारित सदस्य वर्गीकरण र कारोबार अनुगमन प्रणालीलाई सुदृढ बनाउने ।*
- *कर्मचारी तथा सञ्चालक समितिका पदाधिकारीका लागि नियमित अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।*
- *शंकास्पद कारोबार पहिचान, अभिलेख र प्रतिवेदन सम्बन्धी आन्तरिक कार्यविधि प्रभावकारी रूपमा लागू गर्ने ।*
- *आन्तरिक लेखापरीक्षण तथा अनुपालन परीक्षणमार्फत कमजोरी पहिचान गरी सुधार गर्ने ।*
- *नियामक निकायबाट जारी हुने नयाँ निर्देशन तथा संशोधनहरू समयमै कार्यान्वयन गर्ने ।*

गण्डकी साकोसले संस्थाको सुशासन, पारदर्शिता, सदस्यहित र वित्तीय प्रणालीको विश्वसनीयता कायम गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । यस प्रतिवेदनलाई साधारण सभाबाट जानकारी तथा आवश्यक निर्देशनका लागि पेश गरेका छौं ।

आदरणीय सदस्य महानुभावहरू,

अब म आ.व.२०८३/८४ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू यस सम्मानित साधारण सभा समक्ष पेश गर्दछु ।

२०८३/८४ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू

संस्थागत बिकास तथा प्रबर्धन कार्यक्रम

- *सबै वित्तीय सूचकहरूलाई सन्तुलनमा राखि कुल सम्पत्ति रु ३ अर्ब ३८ करोड पुऱ्याइने छ ।*
- *शेयर सदस्य संख्या १८१०० पुऱ्याइने छ ।*
- *उपलब्ध सर्वसुलभ प्रविधिहरूको प्रयोग मार्फत सदस्यहरूको अभिमत संकलन गर्ने र सोहि बमोजिम संस्थाद्वारा उपलब्ध सेवा सुबिधाहरूमा पुनरावलोकन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।*
- *संस्थाले अवलम्बन गरेका अस्सल अभ्यासहरूलाई थप व्यवस्थित र समयानुकुल परिमार्जन गरी सदस्य सन्तुष्टिलाई केन्द्रबिन्दुमा राखेर संस्थाको सेवा प्रवाहलाई अझ प्रभावकारी ढंगले व्यवस्थापन गरिने छ ।*
- *संस्थाको सेवाको गुणस्तरलाई आधुनिक प्रतिश्पर्धि बनाउदै सेवाको गुणस्तर सुनिश्चीत गराउन उच्च स्तरको एक्सेस ब्राण्ड प्राप्त गर्नको लागि आवश्यक मापदण्ड बमोजिमका वित्तीय एवं गैर वित्तीय सुचकहरूलाई थप व्यवस्थित गरिने छ ।*

- उपलब्ध वित्तीय सेवालाई वित्तीय बजारमा प्रतिस्पर्धी र गुणस्तरीय बनाउन समयानुकुल परिमार्जन गरिँदै लगिने छ ।
- कार्यालय सरसफाई तथा व्यवस्थापनमा 5S मूल्यांकन पद्धतिलाई निरन्तरता दिइने छ ।
- संस्थाको मेरुदण्डको रुपमा रहेको जगेडा कोषलाई अझै वृद्धि गर्दै संस्थालाई सबल र सुदृढ बनाइने छ ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा नेपाल सरकारका विभिन्न निकायले जारी गरेको निर्देशन, मापदण्ड एवं सम्पती शुद्धीकरण सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनलाई थप प्रभावकारी बनाई निरन्तरता दिइने छ ।
- संस्थाबाट प्रदान गर्ने सुबिधाहरूमा प्राथमिकता दिने गरि नियमित मासिक बचतलाई प्रबर्धन गरिने छ ।
- संस्थागत सुरक्षा र जोखिम व्यवस्थापनको लागि आवश्यक यन्त्र उपकरणहरू तथा अन्य सुरक्षाको व्यवस्था मिलाइने छ ।
- संस्थाको शेयर पूजिमा सदस्यहरूको समानीकरण गर्न औसत शेयर कायम हुने गरि व्यवस्था मिलाइने छ ।
- सहजता तथा आवश्यकताको आधारमा सेवाकेन्द्रहरूको बिस्तार तथा स्किकरण गरिने छ ।
- सहकारी ऐन, सहकारी नियमन प्राधिकरणको मापदण्ड एवं निर्देशिका तथा अन्य नियमाकिय व्यवस्था अनुसार संस्थाको बिनियम तथा नीति, कार्यविधिहरूमा संसोधन गरिने छ ।
- बिपदको बेलामा पनि सहज रुपमा सदस्य सेवालाई निरन्तरता दिन कार्यालयहरूको संरचनागत व्यवस्था मिलाइने छ ।

सदस्य सेवा कार्यक्रम

- व्यवसाय विकास कक्षको व्यवस्थापन मार्फत संस्थाका सदस्यहरूको व्यवसायमा सहयोग, बिकास र प्रबर्धन गरिने छ ।
- संस्थाको कार्यक्षेत्र भित्र रहेका सबै सदस्यहरूको लागि सुबिधा जनक सेवा प्रबाहको व्यवस्था मिलाइने छ ।
- लघु उद्यम तथा लघु व्यवसायहरू सञ्चालनमा प्रोत्साहन तथा प्रबर्धन हुने गरि प्रबर्धनात्मक सामाग्रीहरूको उत्पादन तथा वितरण गरिने छ ।
- कृषि र लघु उद्यम क्षेत्रमा कर्जा लगानीको लागि विशेष कार्यक्रम तयार गरि सहुलियत व्याजमा ऋण उपलब्ध गराइने छ ।
- दैबि प्रकोपको अवस्थामा आपतकालिन उद्धार गर्न आवश्यक पर्ने सामाग्रीहरू सहितको संस्थाको मुख्य कार्यालयमा आपतकालिन उद्धार केन्द्रको स्थापन गरिने छ ।
- वातावरणिय प्रभाव न्यूनिकरणको लागि सहयोग पुग्ने घरायसी सामाग्री उपकरणहरू खरिद गर्न सुबिधाहुने गरि वित्तीय सेवा उपलब्ध गराइने छ ।

- प्रचलित ऐन कानुनको परिधिभित्र रही संस्थामा सक्रिय रहन प्रेरित गर्न उत्कृष्ट सदस्यहरूलाई पुरस्कृत र सम्मानित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाको व्यवशायिक बिकासमा सहयोग पुऱ्याउने सदस्यहरूको लागि सहकारी अवलोकन भ्रमण कार्यक्रम आयोजना गरिने छ ।
- अन्य अस्पताल तथा ब्यापारिक निकायहरूसंग समन्वय गरी हाल प्रदान गरिँदै आएको सदस्यहरूलाई छुट सुविधाको व्यवस्थालाई अझै विस्तार गरिने छ ।
- सदस्यहरूको हरेक सुख दुखमा गण्डकी साकोसको सहकार्यलाई अझ बलियो बनाउन नवजात शिशु भेटघाट, ८४ पुजा सम्मान, नव विवाहित दम्पती बधाई ज्ञापन, श्रद्धान्जली जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।
- फरक क्षमता भएका, सकल महिला सदस्यहरूबाट उत्पादन मुलक कार्यको लागि ऋण माग गर्दा ब्याजदरमा विशेष सहुलियत दिने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- असल ऋणी सदस्यलाई ग्रिन कार्ड प्रदान गरी ऋण लगानीमा विशेष सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने ।
- ज्येष्ठ सदस्यहरूको लागि तिर्थ भ्रमण कार्यक्रम आयोजना गरिने छ ।
- सदस्य परिवार राहतकोष कार्यक्रममा नियमित बचत गर्ने सबै सदस्यहरूलाई अनिवार्य सहभागी गराउने र प्रभावित सदस्यको परिवारलाई मासिक बचत नियमित भएको नभएको आधारमा अधिकतम राहत प्रदान गर्ने व्यवस्था रहेकोमा सोलाई अझै प्रभावकारी तवरबाट निरन्तरता दिइने छ ।
- हाल प्रदान गरिदै आएको विदाको दिन पनि कार्यालय सञ्चालन गर्ने सेवालाई (३६० दिने सेवा) निरन्तरता दिइने छ ।
- बिपन्न सदस्यहरूलाई आपत बिपतमा राहतको लागि सहयोग कोषको स्थापना गरि राहत तथा सहयोग प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ । यस कार्यमा सबै सदस्यहरूको सहभागीता सुनिश्चीत गरिने छ ।
- सामुहिक कृषि प्रणालीमा आबद्ध भएका समूहलाई स्थानिय निकायसँग समन्वय गरि प्राविधिक सहयोग गरिने छ ।
- संस्थाका सदस्यहरूलाई सदस्य परिचय पत्र उपलब्ध गराई त्यसको आधारमा विभिन्न निकायहरूमा सुबिधा उपयोग गर्न सकिने व्यवस्था मिलाइने छ ।
- बैदेशीक रोजगारबाट फर्केका सदस्यहरूलाई स्वरोजगारका अवसरहरू प्रदानमा प्राथमिकता दिने र लघुउद्यम, कृषि तथा पशुपालन वा कुनै व्यवसाय सञ्चालन गर्ने प्रयोजनका लागि ऋण लगानी गर्दा व्याजदरमा विशेष छुट प्रदान गरिने छ ।

सामाजिक कार्यक्रम

- *कार्यक्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विपन्न तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामाग्री सहितको छात्रबृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।*
- *संस्थाका सदस्य तथा समुदायका अन्य सदस्यहरूको लागि समेत लाभ हुनेगरी अन्य संस्थाहरूको समेत सहकार्यमा जन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ ।*
- *सदस्यहरूलाई समाज प्रति सजग सक्रिय र क्रियाशील हुन प्रेरित गर्न रक्तदान कार्यक्रम आयोजना गरिने छ ।*
- *वातावरणीय सुधारको लागि विभिन्न संघ संस्था, टोल सुधार संस्थाहरू संगको सहकार्यमा जागरण तथा सचेतनामुलक तालिम कार्यक्रमहरू आयोजना गर्ने तथा प्रबर्धन सामाग्रीहरू वितरण गरिनेछ ।*
- *स्थानिय शान्ति सुरक्षा, विभिन्न अपराध स्वं दुर्व्यसनीको नियन्त्रण गर्न स्वं स्थानिय समुदायको बिकासको लागि संचालित विभिन्न अभियान, सचेतना तथा अन्य कार्यक्रमहरूमा सहभागी हुँदै सम्बन्धीत निकायहरूसँग सहकार्य गरिने छ ।*

सहकारी प्रबर्धन कार्यक्रम

- *छिमेकि साकोसहरूसँग सहकार्य, समन्वय मार्फत स्कीकरणको अभियानलाई निरन्तरता दिइने छ ।*
- *समग्र सहकारी अभियानलाई टेवा पुच्याउने गरी सहकारीका अन्य निकायहरूसँग समेत समन्वयमा विभिन्न सहकारी अभियान सम्बन्धी प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ ।*
- *यस्तै कार्यक्षेत्र भित्र रहेका अन्य सहकारी संस्थाहरूको विकास तथा प्रवर्धनको लागि आवश्यक पर्ने प्राविधिक सिप तथा सहयोग उपलब्ध गराइने छ ।*

प्रविधिगत कार्यक्रम

- *संस्थाको बिद्यमान प्रविधिको डिजिटल तथा फिजिकल सुरक्षा सम्बन्धी आधुनिक पद्धतीको प्रयोग गरि अझै आधुनिक, सुरक्षित र प्रभावकारी प्रविधियुक्त वित्तीय सेवा प्रदान गरिने छ ।*
- *सदस्यहरूसंगको वित्तीय कारोवारमा नगद रहित प्रविधिको प्रयोगलाई प्राथमिकता दिइने गरि बिकल्पहरूको सिर्जना गरिने छ ।*
- *सदस्यहरूलाई बचत तथा ऋणको सेवा उपयोग गर्न तथा अन्य सुविधाहरू लिनको लागि हाल सञ्चालनमा आईरहेको मोवाइल एप्लीकेशनलाई समय सापेक्ष अध्यावधिक गर्दै सर्व सुलभ र सदस्यमैत्रि बनाइने छ । यस एप्लीकेशनलाई नगद रहित कारोबारको लागि पुर्ण समाधानको साधनको रुपमा विकास गर्दै लगिने छ ।*
- *यस साकोसको मोवाइल एप्लिकेशन र क्यूआरको अधिकतम प्रयोग गरि मासिक रुपमा धेरै पटक कारोबार गर्ने सदस्य छनौट गरि महिनाको स्मार्ट सदस्यको रुपमा सम्मान गर्ने*

कार्यलाई निरन्तरता दिइने छ ।

- संस्थाका आन्तरिक महत्त्वपुर्ण कागजातहरूलाई सुरक्षित तथा व्यवस्थित बनाउन डिजिटल भण्डारणको व्यवस्था मिलाइएकोमा सदस्यसँग सम्बन्धीत सबै विवरण र कागजात समेत सोहि प्रणालीमा भण्डारण गरिने छ ।
- संस्थाका सदस्यहरूलाई व्यापार व्यवसायलाई प्रबर्धन गर्न क्यूआर भुक्तानी सेवा प्रदान गरिदै आएकोमा उक्त सेवालाई अझै प्रभावकारी बनाइने छ ।
- हाल प्रयोग भईरहेको इन्फिनिटि सफ्टवेयरलाई अझै भरपर्दो, सुरक्षित र प्रयोगकर्ता मैत्री बनाउदै लगिने छ ।
- सबै कार्यालयहरूमा शिघ्र तथा प्रभावकारी कार्य सम्पादनको लागि आवश्यक पर्ने आधुनिक विधि, प्रविधिको व्यवस्था मिलाइने छ ।
- दैनिक बचत संकलन तथा तथा सदस्यहरूलाई बचत ऋण सेवामा सुलभ पहुँच कायम गर्न लागि आधुनिक बैंकिङ प्रविधिको अवलम्बन गरी छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गरिने छ ।
- बिदेश तथा स्वदेशबाट यस संस्थाका सदस्यहरूको नाममा आउने रेमिट्यान्स सदस्यहरूले यस संस्थाको मोवाइल एप्लीकेशन मार्फत आफैले आफ्नै खातामा सिधै जम्मा गर्न सकिने व्यवस्था मिलाइएकोमा यसलाई अझै धेरै सेवाहरू थप गरि विस्तारित रुपमा सञ्चालन गरिनेछ ।
- सदस्यहरूलाई संस्थाबाट उपलब्ध हुने विभिन्न वित्तीय तथा गैर वित्तीय सेवाहरूलाई आधुनिक प्रविधिको प्रयोगबाट सेवा उपयोग गर्न सिकाउनको लागि श्रव्य दृष्य सामाग्रीहरूको उत्पादन तथा प्रशारण गरिने छ ।
- संस्थाको वेभ साइटलाई सदस्य तथा प्रविधि मैत्री बनाउँदै लगिने छ ।
- संस्थाको सबै कार्यालयहरूमा सदस्यहरूको लागि डिजिटल सूचना प्रणालीको व्यवस्था गरिने छ ।

सूचना, शिक्षा तथा तालिम कार्यक्रम

- बर्तमान परिप्रेक्षमा वित्तीय प्राविधिक साक्षरताको महत्त्व बढ्दै गएकोले सदस्य शिक्षा कार्यक्रमलाई वित्तीय प्राविधिक साक्षरतासँग एकिकृत गरि सञ्चालन गरिने छ ।
- वार्षिक प्रतिवेदन, भित्तेपात्रो तथा संस्था र संस्थाका उत्पादनहरू फ्लायर्स, फ्लेक्स, क्याटलग, संस्थागत डायरी जस्ता सामाग्रीहरू अध्यावधिक गरी छपाई तथा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाका गतिविधिहरूको जानकारी तथा सूचना सम्पेषण गर्न तथा अन्य अनलाइन सेवा लिनको लागि हाल भैरहेको वेभसाइटलाई अध्यावधिक गरी संस्थाको सेवा सुविधामा सदस्यहरूको सहज पहुँच हुने गरी व्यवस्था मिलाइने छ ।

- विद्यार्थीहरूलाई वित्तीय मितव्ययीता स्वं योजनाबद्ध वित्तीय कारोवारमा सरिक गराउन अभिप्रेरित गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- संस्थाका नयाँ सदस्यहरूको लागि सहकारी सम्बन्धी सचेतना संगै संस्थाका समग्र सेवा सुबधिाहरूको जानकारी प्रदान गर्ने गरी नियमित रुपमा सहकारी शिक्षा, कानुनी शिक्षा जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।
- सञ्चालक तथा व्यवस्थापनको क्षमता/दक्षता अभिवृद्धि गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम/गोष्ठी कार्यक्रमहरूमा सहभागी गराइने छ ।
- सञ्चालकहरूको लागि परिमार्जित सेन कानुन स्वं अन्य नयाँ व्यवस्थाहरूको बारेमा अध्यावधिक गराउन विभिन्न तालिम गोष्ठीहरूको आयोजना गरिने छ ।
- स्वरोजगार मार्फत स्वाबलम्बी बनाउन विभिन्न सरकारी तथा गैर सरकारी निकाय वा संघ संस्थाहरूसँग समन्वय गरी सीपमुलक तथा अन्य उद्यमशीलता विकास सम्बन्धी कार्यक्रमहरूको आयोजना गरी युवाहरूलाई सहभागी गराइने छ ।
- कर्मचारीहरू क्षमता अभिबृद्धि गराउन आवश्यकता अनुसारका शिप विकास सम्बन्धी तालिम तथा उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- सदस्यहरूमा संस्थाका गतिविधिहरूको सूचना नियमित रुपमा सम्प्रेशण गराउने गरि स्थानिय संचार माध्यमहरूसँग सहकार्य गरिने छ ।
- टोल टोलमा गण्डकी सहकारीको सदस्य भेटघाट कार्यक्रम सञ्चालन गरिने छ ।
- जेन जी समूहका सदस्यहरूको लागि बिकास,क्षमता अभिबृद्धि, व्यक्तित्व तथा सहकारी नेतृत्व बिकास सम्बन्धी कार्यक्रम सञ्चालन गरि संस्थामा यूवाको सहभागीता बृद्धि गरिने छ ।
- विभिन्न श्रव्य दृष्य सामाग्रीको प्रयोग मार्फत सदस्य शिक्षा, सहकारी शिक्षा, वित्तीय साक्षरता, वित्तीय प्रविधि साक्षरता जस्ता कार्यक्रमहरू बिस्तारित रुपमा सञ्चालन गरिने छ ।

आदरणीय सदस्य महानुभावहरू,

सदस्य महानुभावहरूको सहयोग र सद्भावले बिद्यमान असहज वित्तीय अवस्थाको बाबजुद पनि यस संस्थाका वित्तीय तथा गैर वित्तीय गतिविधिहरू सन्तुलित र व्यवस्थित गर्न सकिएको छ । अहिलेको विषम समयमा वित्तीय कठिनाईबाट सदस्यहरूलाई पनि जोगाउने र संस्थालाई पनि बलियो बनाउनु पर्ने चुनौतीलाई पार गर्न सदाझै यहाँहरूको सक्रिय सहयोग र सहकार्यको अपेक्षा राख्देका छौ । यसै सन्दर्भमा आयोजना गरिएको यस सम्मानित ३५ औं वार्षिक साधारण सभामा पेश भएका प्रगती विवरण र नीति तथा कार्यक्रमहरूमा सदाझै यहाँहरूको सिर्जनात्मक सल्लाह सुझाव स्वं प्रतिक्रियाको अपेक्षा गरेका छौ । सहकारी अभियानमा देखिएको जटिलताका विच पनि यस संस्थाले सदस्यहरूलाई प्रभावकारी र सदस्यमैत्री तवरबाट सेवा प्रदान गरेको छ । धेरै नियामकिय व्यवस्थाहरू परिमार्जन भएका र हुदै पनि छन् । यस सन्दर्भमा गण्डकी बचत तथा ऋण

सहकारी संस्था लिं सबै नियमित कानुनी प्राबधानहरूको पालना गर्दै सदस्यलाई उत्कृष्ट सेवा प्रवाहमा प्रतिबद्ध छ ।

अन्त्यमा यस गण्डकी बचत तथा ऋण सहकारी संस्थाको स्थापना स्वं विकासमा प्रबर्धकको भुमिका निर्वाह गर्ने सामाजिक विकास तथा अनुसन्धान केन्द्र, नियमनकारी निकायको भुमिकामा पथ प्रदर्शन गर्ने गैंडाकोट नगरपालिका, समस्त शभुचिन्तकज्यूहरू, पत्रकार मित्रहरू, पूर्व सञ्चालकहरू, पूर्व उप समितिका सदस्य स्वं पदाधिकारी मित्रहरू, हामीलाई नीति, विधि र प्रविधिको लागि प्रेरित गरिरहने नेफ्स्कून, राष्ट्रिय सहकारी महासंघ, सहकारी समन्वय मञ्च गैंडाकोट, जिल्ला बचत संघ, जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी बैंक, छिमेकमा रहेका सहकारी संस्थाहरू सबैबाट प्राप्त माया, सद्भाव, सहयोग र शुभेच्छाप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु र भविश्यमा पनि निरन्तर यस्तै सद्भाव र सहयोगको अपेक्षा गर्दछु ।

धन्यबाद । जय सहकारी ।



गण्डकी बचत तथा ऋण सहकारी संस्था लि.

गैंडाकोट २, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन र आ.व. २०८३/०८४ को प्रस्तावित बजेट



शकुन्तला न्यौपाने तिवारी
कोषाध्यक्ष

यस गरिमामय ३५ औं साधारण सभाका आदरणीय सभाध्यक्ष स्वं संस्थाका अध्यक्षज्यू, आमन्त्रित अतिथिज्यूहरू, निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समितिका उपाध्यक्ष, सचिव, सह सचिव स्वं सदस्यज्यूहरू, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न सेवा केन्द्र व्यवस्थापन उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, आदरणीय शेयर सदस्य महानुभावहरू, संस्थाका प्रमुख कार्यकारी अधिकृत साथै कर्मठ कर्मचारीहरू, पत्रकारज्यूहरू, यस संस्थालाई स्थापना कालदेखि अगाडी वढाउँदै सल्लाह सुझाव दिई आज यो उचाईमा पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तक महानुभावहरूमा सम्मान भाव व्यक्त गर्दै ३३ औं गरिमामय वार्षिक साधारण सभावाट समुदाय, राष्ट्र र अन्तराष्ट्रिय स्तरमा उच्च छवि कायम राख्नेको यस संस्थाको कोषाध्यक्ष जस्तो गरिमामय पदमा सर्वसम्मत रुपवाट जिम्मेवारी प्रदान गर्नुहुने सम्पूर्ण सदस्य महानुभावहरूमा म मेरो व्यक्तिगत स्वं संस्थाको तर्फवाट सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु । साथै हालसालै आउँदै गरेको बिजया दशमी, दिपावली तथा छठ पर्व स्वं नेपाल सम्वत ११४७ को पावन अवसरमा सम्पूर्णमा शुभकामना व्यक्त गर्दछु ।

यस गण्डकी बचत तथा ऋण सहकारी संस्था लि. को ३५ औं वार्षिक साधारण सभामा कोषाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन र आर्थिक बर्ष २०८३/०८४ को प्रस्तावित बजेट प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुश गरेकी छु ।

समुदायको उत्कृष्ट वित्तीय सहकारी संस्था वनाउने उद्देश्यका साथ 'खर्च घटाऊँ, बचत गरौं, उद्यमी बनौं' भन्ने संस्थाको मुल नारालाई आत्मसाथ गर्दै यस संस्थाको शेयर सदस्यहरूलाई विभिन्न तालिम दिदै उद्यमी वनाउँदै अगाडी वढ्दै आर्थिक, सामाजिक र सांस्कृतीक उन्नतीका लागि विशिष्टिकृत सेवा सञ्चालन गर्दै आएको कुरा सर्वविदितै छ । यस संस्थाको वित्तीय कारोवार गर्ने प्रमुख कार्य हुँदा हुँदै पनि सदस्य तथा समुदायलाई योगदान पुऱ्याउन सामाजिक उत्तरदायित्व वोध गरी हरेक वर्ष जस्तै यस वर्ष पनि विभिन्न गैर वित्तीय कार्यक्रमहरूमा जस्तैः स्वास्थ्य शिविर,

रक्तदान, जेहेन्दार छात्रवृत्ति, तिर्थ भ्रमण कार्यक्रम लगायतका विविध कार्यक्रमहरू सञ्चालन गर्दै आईरहको छ ।

मासिक बचत ५० रुपैयाँबाट शुरु भएको संस्था आज २ अर्ब २५ करोडको कुल पूँजी परिचालन गर्ने अवस्थामा आई पुगेका छौं । यस अवस्थामा आईपुग्न शेयर सदस्यहरूको साथ सहयोग र सक्रिय सहभागिता रहेको गर्विलो महशुस गरेका छौं । आगामी दिनमा संस्थाको उन्नती र प्रगतीका लागि अझ सक्रिय सहभागिता जनाउदै सम्पूर्ण कारोवार यसै संस्थाबाट गर्नुहुने छ भन्ने कुरामा विश्वस्त छौं । यस संस्थाका सञ्चालकहरूको साथ सहयोग एवं कुशल र दक्ष व्यवस्थापनवाट नयाँ प्रविधिको प्रयोग एवं शेयर सदस्यहरूको माग र चाहना वमोजिमका सदस्य मैत्री वित्तीय सेवालाई अझै परिस्कृत र प्रभावकारी ढंगवाट सञ्चालन गर्दै आइरहेका छौं । संस्थाका सेवा सुविधालाई आधुनिक, गुणस्तरीय र प्रतिस्पर्धी वनाएका छौं । आफ्ना सम्पूर्ण वित्तीय आवश्यकता पुरा गर्नका लागि विश्वासका साथ यस संस्थामा जोडिन आउनु भएका सदस्यहरूको विश्वास र भरोसालाई यस संस्थाका लागि महत्त्वपूर्ण सम्पत्तिको रुपमा लिएका छौं । हामी विश्वस्त छौं आगामी दिनहरूमा सदस्यहरूको लागि उपलव्ध गराईका सेवा सुविधको गुणस्तर, प्रभावकारीता र व्यवस्थापन अझै परिस्कृत रुपमा प्रदान गर्ने गरि हाम्रा सम्पूर्ण कार्यक्रमहरू तय गरेका छौं र अझै राम्रो गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

यस गण्डकी साकोसलाई समुदायको उत्कृष्ट वित्तीय सहकारी संस्थाको रुपमा स्थापित गराउन मितव्ययी आर्थिक प्रणाली, सदस्यहरूको सर्व सुलभ पहुँच कायम हुने गरि संयन्त्रको विकास, आर्थिक सुशासन, पारदर्शिता र जावफदेहीतालाई अवलम्वन गर्दै आईरहेका छौं । शेयर सदस्यलाई छिटो र सजिलो होस् भन्ने उद्देश्यका साथ गण्डकी स्मार्ट एपलाई अझै परिस्कृत गर्दै सञ्चालनमा ल्याईएको छ । यस स्मार्ट एपवाट विद्युत, खानेपानी, टेलिफोन, विभिन्न इन्टरनेट, मोवाइल रिचार्ज, विभिन्न इन्स्योरेन्स कम्पनीका प्रिमियम भुक्तानी, बैंक खातामा रकम ट्रान्सफर, वालेटवाट रकम ट्रान्सफर, विद्यालयको शुल्क भुक्तानी, क्यू आर कोड प्रविधिवाट भुक्तानी, हवाई टिकट, बस टिकट, डिम्याट तथा मेरो शेयर रिन्यू, विभिन्न रेमिट्यान्स सेवा, बैंक वाट गण्डकी साकोसको खातामा रकम ट्रान्सफर गर्न सकिने लगायतका अत्याधुनिक सुविधाहरू प्रयोगमा ल्याएका छौं । यस संस्थाको कार्यक्षेत्र गैंडाकोट नगरपालिका मात्र भएको र उत्कृष्ट सहकारीको रुपमा चिर परिचित भएको कुरा शेयर सदस्य ज्यूहरूलाई अवगत नै छ ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

अब म संस्थाले आ.व. २०८२/०८३ मा सञ्चालन गरेको आर्थिक कारोवारहरूको लक्ष्य एवं प्रगति समीक्षा तथा वास्तविक आय/व्यय विवरण संक्षेपमा प्रस्तुत गर्ने अनुमति लिई यस सभामा पेश गर्दछु ।

आर्थिक समिक्षा

कूल सम्पत्ति : आ.व. २०८२/०८३ मा कूल सम्पत्ति रु. २,१२,०४,८९,९५४/०० पुऱ्याउने लक्ष्य लिइरहकोमा रु. २,१३,९७,३५,०३५/०० कूल सम्पत्ति कायम भरहको छ । वित्तीय क्षेत्रमा संकुचनका भरता पनि संस्थाको सम्पतीमा अपेक्षित बृद्धि भरहको साथै अन्य सुचकहरूमा पनि सन्तुलन कायम गरिरहको छ ।

शेयर पुँजी : आ.व. २०८२/०८३ मा शेयर पूँजी १९,०८,४४,०००/०० पुऱ्याउने लक्ष्य लिइरहकोमा आ.व. २०८१/०८२ को तुलनामा ०.०६ प्रतिशतले वृद्धि भई रु १९,६१,८३,२००/०० कायम भरहको छ । शेयर पुँजीमा समानीकरण गर्नको लागि न्यून शेयर भरका शेयर सदस्यहरूलाई न्यूनतम रु.१५,०००/०० शेयर (औसत शेयर) कायम गराउने र सो भन्दा माथीको शेयर खरिदलाई प्रोत्साहन नगर्ने व्यवस्था मिलाईरहको छ ।

बचत मौज्दात : आ.व. २०८२/०८३ मा कूल बचत मौज्दात रकम १,५६,९१,६२,५६६/०० पुऱ्याउने लक्ष्य लिरहकोमा आ.व. २०८१/०८२ को तुलनामा ९.१० प्रतिशतले वृद्धि भई रु १,५८,८७,७९,९७५/०० पुगेको छ । संस्थामा सक्रिय सदस्यहरूको अनुपात बृद्धि गराउने, स–सानो बचत र नियमित बचतलाई प्राथमिकता दिइरहको छ ।

जगेडा कोष : आ.व. २०८१/०८२ को तुलनामा ८.७२ प्रतिशतले वृद्धि भई रु २३,५१,४९,२१५/०० पुगेको छ । यो कुल सम्पतीको तुलनामा १०.९९ प्रतिशत हो । संस्थालाई जगेडा कोषमा आधारित बनाउने रणनीति बमोजिम जगेडा कोषको बृद्धिलाई उच्च प्राथमिकतामा राखिरहको छ ।

ऋण लगानी तथा असुली : ऋण लगानीको क्षेत्रमा आ.व. २०८२/०८३ मा जोखिम न्यूनीकरण गर्ने लक्ष्यका साथ सदस्यहरूको माग अनुसार यस अवधिमा रु ६५,५८,६७,१०८/०० नयाँ ऋण लगानी भई रु ५९,२८,८८,८७४/०० असुली भरहको छ । त्यसै गरी असुली हुन बाँकी ब्याज रु ३,१३,३२,६२३/०० रहेको, जुन अघिल्लो वर्षको रु २,९१,१३,१६७/०० बाँकि रहेकोमा यस वर्ष रु २२,१९,४४६/०० ले वृद्धि भरहको छ ।

लगानीमा रहेको ऋण रकम : सदस्यहरूलाई विभिन्न शिर्षकमा लगानी गरेको ऋण रकम रु १,५९,०३,६७,४६५/६० पुऱ्याउने लक्ष्य लिरहकोमा आ.व. २०८१/०८२ को तुलनामा ४.६१ प्रतिशतले वृद्धि भई सदस्यहरूलाई लगानीमा रहेको ऋण रकम रु १,१८,८२,५४,७१७/०० कायम भरहको छ । वित्तीय क्षेत्रमा देखिरहको संकुचनको कारण ऋण मागमा पनि संकुचन आरहकोले गर्दा ऋण लगानीमा अपेक्षित बृद्धि हुन सकेको छैन ।

स्थिर सम्पत्ति : गत आ.व. २०८१/०८२ मा रु ५,७१,९५,०६९/०० को स्थिर सम्पत्ति रहेकोमा आ.व. २०८२/०८३ सम्पत्तिमा रु ३१,३३,११९/०० थप भरहको र ह्रास खर्च रु १८,६६,८२४/०० भई रु ५,८४,६१,३६४/०० कायम भरहको छ ।

तलरता : आ.व. २०८२/०८३ मा संस्थाको तरल सम्पत्ति (बैंक तथा नगद मौज्दात) रु ३७,६१,०७,९३३

रहेको छ, जुन रकम बचत मौज्दातको ३३.६७ प्रतिशत हुन आउँछ । संस्थामा रहेको अधिक तरलता व्यवस्थापन गर्न बैंक तथा वित्तिय संस्थाहरूमा अल्पकालिन अबधिको मुद्धती बचतमा जम्मा गरिएको (लगानी गरिएको) छ । यसरी लगानी गरिएको रकम रु ५५,५०,००,०००/ हुन आउँछ ।

कूल आम्दानी : संस्थाले आ.व. ३०८३/०८३ मा कूल आम्दानी रु १७,७०,६०,९०४/०० गर्ने लक्ष्य लिएकोमा लक्षको तुलनामा ७४.७ प्रतिशतले प्रगति भएको र गत आ.व. ३०८१/०८३ को तुलनामा ३७.०४ प्रतिशतले कमी भई रु १३,३१,७८,७५०/०० कूल आम्दानी भएको छ ।

कूल खर्च : संस्थाले आ.व. ३०८३/०८३ मा कूल खर्च रु १०,३९,३१,३००/०० मा सिमित राख्ने लक्ष्य लिएकोमा लक्ष्यको तुलनामा ८७.८६ प्रतिशत खर्च भएको र गत आ.व. ३०८१/०८३ को भन्दा ३१.५४ प्रतिशतले कमी भई रु ९,०४,३३,४३०/०० कूल खर्च भएको छ ।

खुद बचत (मुनाफा) : आ.व. ३०८३/०८३ मा सञ्चालन मुनाफा रु ७,५१,३९,७०४/०० गर्ने लक्ष्य लिएकोमा लक्षको तुलनामा ५५.५५ प्रतिशतले लक्ष्य हाशिल गरि आ.व. ३०८१/०८३ को तुलनामा १४.९४ प्रतिशतले कमी भई रु ४,१७,४६,३१९/०० सञ्चालन मुनाफा भएको छ । सञ्चालन मुनाफामा कर्मचारी वोनश कोष खर्च रु १८,८३,३३३/००, चालु आयकर रु ३९,१३,५१३/००, स्थगन कर रु ३१,५४,३७८/०० र खुद बचत रु ३,३७,९६,१९६/०० मा यस वर्षको थप पाउनु वाँकी ब्याज रु ३३,१९,४४७/०० घटाई कुल बाँडफाँड योग्य मुनाफा रु ३,१५,७६,७४८/०० रहेको छ ।

शेयर लाभांश वितरण : संस्थाले आ.व. ३०८१/०८३ को खुद बचतको आधारमा रु १,६६,९९,३५३/०० शेयर लाभांश वापत वितरण गरेकोमा आ.व. ३०८३/०८३ मा संस्थाले आर्जन गरेको खुद मुनाफाबाट रु १,३३,५०,४५६/०० शेयर लाभांस कोषमा बिनियोजन गरिएको छ । यसै साधारण सभाको स्विकृती बमोजिम शेयर लाभांस कोष बाट शेयर लाभांश बापतको रकम साधारण सभा सम्पन्न भएको १ हप्ता भित्रमा सम्पूर्ण शेयर सदस्यहरूको शेयर बचत खातामा जम्मा गरिने छ । सदस्यहरूले पौष मसान्त भित्र आफ्नो अनुकलता बमोजिम आफ्नै खातामा रहेको सो रकम नगद भुक्तानी लिन सकिने व्यवस्था मिलाईने छ, भने पौष मसान्त पश्चात् सम्बन्धित सदस्यको नियमित बचत खातामा रकमान्तर हुने व्यहोरा समेत जानकारी गराउदछौं ।

संरक्षित पूँजी फिर्ता कोष : संस्थाले शेयर सदस्यहरूलाई आ.व. ३०८१/०८३ को खुद बचत (मुनाफा) बाँडफाँड वाट संरक्षित पूँजी फिर्ता कोषमा रु ८०,०५,४४३/०० छुट्टाईएकोमा रु ३४,० ९,०८४/०० सदस्यहरूलाई वितरण गरिएको छ भने बाँकि रकम रु ४५,९६,३५७/०० संस्थाको पूँजी सवल गराउनको लागि जगेडा कोषमा रकमान्तर गरिएको छ । यसै गरि आ.व. ३०८३/०८३ मा संरक्षित पूँजी फिर्ता कोषमा रु ५९,३०,६४०/०० विनियोजित भएको छ । यस कोषको रकम पनि सदस्यहरूले संस्थामा गरेको बचत र ऋण कारोबारको आधारमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

कर तथा राजस्वमा योगदान : यस गण्डकी बचत तथा ऋण सहकारी संस्थाले आ.व. २०८२/०८३ मा विभिन्न कर शिर्षकहरूमा रु ९१,४०,८१९।११ कर तथा राजस्व भुक्तान भएको छ ।

आदरणीय सदस्य महानुभावहरू,

संस्थाको ३४ औं साधारण सभाको निर्णय बमोजिम सूचिकृत भएका लेखापरिक्षकहरू मध्येबाट लेखा परिक्षक नियुक्ति गर्न सञ्चालक समितिलाई जिम्मेवारी दिइएकोमा सञ्चालक समितिको २०८३ असार ०७ को बैठकको निर्णय नं. ६ को निर्णयवाट संस्थाको आ.व. २०८२/०८३ को बाह्य लेखापरिक्षण कार्यको लागि आचार्य एस. एण्ड एसोसिएट्स (सि.एस. संगम आचार्य)लाई नियुक्त गरि नेपाल वित्तीय प्रतिवेदन स्तर (NFRS) बमोजिम वार्षिक लेखापरिक्षण गराईएको छ । सि.एस. संगम आचार्यवाट लेखापरिक्षण गरि हामीलाई प्राप्त भएको प्रतिवेदन यस सम्मानित ३५ औं साधारण सभा समक्ष पेश गरिएको छ । उक्त लेखापरीक्षणको आधारमा तयार पारिएको आ.व. २०८२/०८३ को वासलात तथा आय/व्यय को संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

सम्पत्ति तथा जायदात		
विवरण	**३२ आषाढ २०८३ को**	**३२ आषाढ २०८२ को**
नगद तथा नगद समान	३७६,१०७,९२३	५५२,१६५,२४१
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	५५६,८५९,६२३	२७९,०५५,३३५
सदस्यहरूलाई लगानी गरिएको ऋण	१,१३९,३३४,२८०	१,०८९,०८२,४०२
वित्तीय लगानी हिसाव	१,४६३,६००	१,४६३,६००
चालू आयकर सम्पत्ति	२,८१८,३६२	३,६१९,३१०
सम्पत्ति तथा उपकरणहरू	५८,४६१,३६४	५७,१९५,०६९
ख्याती र अमूर्त सम्पत्ति	२०,४९२	४९,७८०
अन्य सम्पत्तिहरू	४,६६९,३९०	३,६०१,५३१
कुल सम्पत्ति	**२,१३९,७३५,०३५**	**१,९८६,२३२,२६८**
पूँजी तथा दायित्व		
विवरण	३२ आषाढ २०८३ को	३२ आषाढ २०८२ को
सदस्यहरूबाट संकलन गरेको बचत	१,५८८,७७९,९७५	१,४५६,२७१,१२३
स्थगन कर दायित्व	५,७९२,९१६	३,६३८,५३८
अन्य दायित्वहरू	३३,६६६,९४५	३४,५८७,९०९
कुल दायित्व	**१,६२८,२३९,८३६**	**१,४९४,४९७,५७०**
पूँजी		
शेयर पूँजी	१९६,१८३,२००	१९६,०६५,०००
जगेडा तथा अन्य कोषहरू	३१५,३११,९९८	२९५,६६९,६९८
कुल पूँजी	**५११,४९५,१९८**	**४९१,७३४,६९८**
कुल पूँजी तथा दायित्व	**२,१३९,७३५,०३५**	**१,९८६,२३२,२६८**

आदरणीय सदस्य महानुभावहरू

आ.व. २०८२/०८३ मा खुद बचत रु ७,५१,३९,७०४/०० गर्ने लक्ष लिइएकोमा लक्षको तुलनामा ५५.५५ प्रतिशतले लक्ष्य हासिल भएको र आ.व. २०८१/०८२ को तुलनामा १४.९४ प्रतिशतले मुनाफामा कमी भई रु ४,१७,४६,३१८/०० सञ्चालन मुनाफा भएको आय व्यय विवरण प्रस्तुत गर्दछु ।

विवरण	यस वर्षको	गत वर्षको
व्याज आम्दानी	१२७,७५०,६१४	१७६,७७५,२८७
अन्य सञ्चालन आम्दानी	४,४२८,१३४	४,३९२,०११
जम्मा आम्दानी	**१३२,१७८,७४९**	**१८१,१६७,२९८**
व्याज खर्च	६२,८६८,२२९	९१,२६४,१९४
कर्मचारी खर्च	१६५,३२,७७१	१५,४४४,२४२
प्रशासनिक खर्च	८,६०६,४६५	८,७५८,३६३
जम्मा खर्च	**८८,००७,४६६**	**११५,४६६,८००**
कर्जा सुरक्षण व्यवस्था अघिको नाफा	४४,१७१,२८२	६५,७००,४९७
कर्जा सुरक्षण जोखिम व्यवस्था खर्च	२,४२४,९६३	१६,६२२,२०१
कुल खर्च	**९०,४३२,४३०**	**१३२,०८९,००२**
सञ्चालन मुनाफा	**४१,७४६,३१८**	**४९,०७८,२९६**
कर्मचारी वोनश खर्च	१,८८२,२३१	२,३३७,०६२
आयकर अघिको नाफा	३९,८६४,०८६	४६,७४१,२३४
आयकर व्यवस्था	३,९१३,५१३	६,६२९,५४९
स्थगन कर	२,१५४,३७८	२,५८४,००६
खुद मुनाफा	**३३,७९६,१९५**	**४२,६९५,६९१**

आ.व. २०८२/०८३ मा कूल खर्च ९,०४,३२,४३०/०० रहेकोमा अघिल्लो आ.व. २०८१/०८२ मा ६९.०९ प्रतिशत रहेको वित्तीय खर्चको अंश आ.व. २०८२/०८३ मा ६९.५१ प्रतिशत रहेको छ । त्यसैगरी अघिल्लो आ.व. २०८१/०८२ मा ११.६८ प्रतिशत रहेको कर्मचारी खर्च आ.व. २०८२/०८३ मा १८.२८ प्रतिशत, अघिल्लो आ.व. २०८१/०८२ मा ६.६३ प्रतिशत रहेको प्रशासनिक खर्च आ.व. २०८२/०८३ मा ९.५१ प्रतिशत स्वं अघिल्लो आ.व. २०८१/०८२ मा १२.५८ प्रतिशत रहेको कर्जा नोक्सानी खर्च आ.व. २०८२/०८३ मा २.६८ प्रतिशत रहेको छ ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

संस्थाको वित्तीय अवस्थालाई मापन गर्ने अन्तराष्ट्रिय विधि पर्ल्स अनुगमन प्रणाली हो । यस अनुगमन प्रणालीलाई संस्थाले निरन्तर रुपमा अवलम्वन गर्ने गरेको छ । सोही अनुरुप यस संस्थाको आ.व. २०८२/०८३ को वित्तीय अवस्थालाई यहाँ प्रस्तुत गर्दछु ।

पर्ल्स अनुगमन प्रणाली (PEARLS Monitoring System)

क्र.सं	संकेत	सूचक	लक्ष्य	अंक	भाजक	नतिजा
१	P1	स्कवर्ष भन्दा वढी भाख्रा नाघेको ऋणको लागि व्यवस्था	१००%	६४,८१३,४८४	६४,८१३,४८४	१००
२	P2	स्कवर्ष भन्दा कम भाख्रा नाघेको ऋणको लागि व्यवस्था	३५ %	१७,५१३,८११	५०,०३९,४६०	३५.००
३	P2X	असल ऋणको लागि व्यवस्था	१ %	१०,७४२,९४८	१,०७४,२९४,७७१	१.००
४	E1	खुद लगानीमा रहेको ऋण	७०-८० %	१,०९९,०४५,०१२	२,१३९,७३५,०३५	५१.४
५	E5	बचत (निक्षेप)	७०-८० %	१,५८८,७७९,९७४	२,१३९,७३५,०३५	७४.३
६	E6	वाह्य ऋण	० %	-	२,१३९,७३५,०३५	०.०
७	E7	शेयर पूँजी	१०-३० %	१९६,१८३,२००	२,१३९,७३५,०३५	९.२
८	E8	संस्थागत पूँजी	१०-३० %	२३६,९१३,५६५	२,१३९,७३५,०३५	११.१
९	A1	भाख्रा नाघेको ऋण	≤ ५ %	११४,८५२,९४४	१,१८९,१४७,७१६	९.६६
१०	A2	नकमाउने सम्पत्ति	≤ ५ %	१००,३२२,७४४	२,१३९,७३५,०३५	४.६९
११	R1	औसत व्याज आम्दानी	ब्याजदर	१०५,०५३,५७४	१,१५७,८८४,४९९	९.०७
१२	R5	औसत व्याज खर्च	बजार दर	६२,३१३,७६६	१,४८९,३६३,०८२	४.१८
१३	R7	औसत शेयर लाभांश	बजार दर	१२,३५०,४५६	१९६,१२४,१००	६.३०
१४	R9	सञ्चालन खर्च	बढीमा ५ %	३०,४३४,२७४	२,१०५,०६६,९३८	१.४५
१५	L1	तरलता	१५ %	३७६,१०७,९२३	१,५८८,७७९,९७४	२३.६७
१६	L3	नकमाउने तरलता	≤ १ %	१,४२७,३३१	२,१३९,७३५,०३५	०.०७
१७	S10	सदस्यता वृद्धिदर	१२ %	३०९	१६,९२१	१.८३
१८	S11	सम्पत्तिको वृद्धिदर	मुद्रा स्फिति दर	१५३,५०२,७६६,६५	१,९८६,२३२,२६८	७.७३

आदरणीय सदस्य ज्यूहरू

सहकारी संस्थाको प्रभावकारी नियमन गर्न नेपाल सरकारले दोश्रो तहको नियामकिय निकायको रुपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठन गरि सञ्चालनमा ल्याएको छ । यस प्राधिकरणले निश्चीत मापदण्ड निर्धारण गरि बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूलाई प्राधिकरणमा सुचिकरण गर्ने, इजाजत दिने, शुशासन कायम राख्नको लागि नियमन गर्ने लगायतका कार्यहरू सञ्चालन गरेको छ । यसै शिलशिलामा २०८२ ज्येष्ठ ९ गते जारी

भएको मापदण्ड बमोजिम बचत तथा ऋण सहकारी संस्थाहरूले कायम गर्नु पर्ने पूँजीकोष मापदण्ड अनुसार यस संस्थाको पूँजीकोष अनुपात २०८३ असाढ मसान्तमा निम्नानुसार रहेको व्यहोरा जानकारी गराउदछौं ।

विवरण	रु (हजारमा)
(क) प्राथमिक पुँजी	४३२,२१४.६
१) शेयरपुँजी	१९६,१८३.२
२) साधारण जगेडा कोष	२३५,१४९.२
३) घाटा पूर्तिकोष	८८२.२
४) सञ्चित नाफा/नोक्सानी	०.०
(ख) पुरक पुँजी	१५,७३७.९
१) सक्रिय ऋणको लागि गरेको ऋण नोक्सानी व्यवस्था	१०,७०७.८
२) अतिरिक्त ऋण नोक्सानी व्यवस्था	०.०
३) सम्पत्ति पुनर्मूल्याङ्कन कोष (पूरक पूजिकोषको २ प्रतिशत मात्र)	३०८.६
४) स्वतन्त्र जगेडा	४,७२१.५
(ग) जम्मा पुँजीकोष (क+ख)	४४७,९५२.५
(घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नु पर्ने न्यूनतम पुँजीकोष	
पुँजीकोष (प्रतिशत)	२४.६४%
प्राथमिक पुँजीकोष (प्रतिशत)	२३.८४%

उपरोक्त व्यवस्था अनुसार यस संस्थाको पूँजीकोष अनुपात कम्तीमा ८ प्रतिशत हुनु पर्नेमा २४.६४ प्रतिशत रहेको कुरा सगौरव प्रस्तुत गरेका छौं ।

आदारणीय शेयर सदस्य महानुभावहरू,

आ.व. २०८२/८३ को लेखापरिक्षण प्रतिवेदन यसै प्रतिवेदन पुस्तिकामा समावेश गरि गौरवमय ३५औं साधारण सभामा पेश गरिएको छ । उक्त लेखापरिक्षण प्रतिवेदनमा समावेश भएका वित्तिय विवरणहरूको आधारमा आ.व. २०८३/०८४ को लागि रु २,२८,०४,०२,३६२ कूल सम्पती हुने गरी अनुमान गरिएको प्रस्तावित वाँसलातको विवरण यसै साधारण सभामा स्विकृतीको लागि प्रस्तुत गर्दछु ।

क्र.सं.	सम्पत्ति विवरण	२०८२/८३ प्रस्तावित	२०८२/८३ वास्तविक	२०८३/८४ प्रस्तावित
	सम्पत्ति			
१	नगद तथा नगद समान	२३५,३७४,३८५	३७६,१०७,९२३	३२५,४४०,०००
२	बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	२१९,३३९,६५५	५५६,८५९,६२३	२३०,०००,०००
३	सदस्यलाई दिएको कर्जा सापटी	१,५९०,३६७,४६६	१,१३९,३३४,२८०	१,६५०,०००,०००
४	धितो पत्र (शेयर) मा लगानी	१,४६३,६००	१,४६३,६००	१,४६३,६००
५	चालु आयकर सम्पत्ति	७,५००,०००	२,८१८,३६२	७,०००,०००
६	सम्पत्ति तथा उपकरण	६१,१९५,०६९	५८,४६१,३६४	६१,८७८,२७०
७	ख्याती र अमूर्त सम्पत्ति	४९,७८०	२०,४९२	१२०,४९२
८	अन्य सम्पत्तिहरू	५,२००,०००	४,६६९,३९०	४,५००,०००
	कुल सम्पत्ति	**२,१२०,४८९,९५४**	**२,१३९,७३५,०३५**	**२,२८०,४०२,३६३**
	दायित्व विवरण			
१	सदस्यबाट संकलन गरेको निक्षेप	१,५६९,१६२,६६२	१,५८८,७७९,९७५	१,६९२,८७०,३६३
२	स्थगन कर दायित्व	७,५१३,५००	५,७९२,९१६	७,५००,०००
३	अन्य दायित्वहरू	३५,०६९,७९२	३३,६६६,९४५	४१,०००,०००
	जम्मा दायित्वहरू	**१,६११,७४५,९५४**	**१,६२८,२३९,८३६**	**१,७४१,३७०,३६३**
	इक्विटी			
१	शेयर पूँजी	१९०,८४४,०००	१९६,१८३,२००	१९७,०३२,०००
२	जगेडा कोष तथा अन्य कोषहरू	३१७,९००,०००	३१५,३११,९९८	३४२,०००,०००
कुल पूँजी		**५०८,७४४,०००**	**५११,४९५,१९८**	**५३९,०३२,०००**
कुल पूँजी तथा दायित्व		**२,१२०,४८९,९५४**	**२,१३९,७३५,०३४**	**२,२८०,४०२,३६२**

त्यस्तैगरी कूल आम्दानी रु १४,७२,९७,६१०/९७ स्वं कूल खर्च रु ८,६८,४९,६८६/५९ मध्ये रु १०,००,०००/०० कोषबाट खर्च भई रु ६,१४,४७,९२४/३७ मुनाफा हुने गरी संस्थाको आय व्यय विवरण निम्न अनुसार प्रस्तुत गर्दछु ।

आ.व. २०८२/०८३ को प्रस्तावित तथा वास्तविक आय/व्यय र आ.व. २०८३।०८४ को प्रस्तावित आय विवरण

क्र.सं.	विवरण	२०८२/८३ प्रस्तावित	२०८२/८३ वास्तविक	२०८३/८४ प्रस्तावित
१	बैंक ब्याज	४,९२२,१२३	१,९२१,७८८	८८८,३४६
२	ऋण लगानी बाट ब्याज	१४४,५९४,४१९	१०७,२७३,०२२	१३०,०१६,९७४
३	लगानी बाट प्राप्त	१०,४४१,२७२	१८,३६१,८६३	७,९४२,२९१
४	रेमिट्यान्स बाट प्राप्त	२००,०००	१६७,२१८	१५०,०००
५	गैरबैकिङ सम्पती बिक्रि बाट प्राप्त	१०,९०३,०९१	१०,९०३,०९१	-
६	विविध आम्दानी	६,०००,०००	४,२६०,९१७	८,३००,०००
जम्मा आम्दानी		**१७७,०६०,९०५**	**१४२,८८७,८९९**	**१४७,२९७,६११**

आ.व. २०८२/०८३ को प्रस्तावित तथा वास्तविक आय/व्यय र आ.व. २०८३।०८४ को प्रस्तावित व्यय विवरण

क्र.सं.	विवरण	२०८२/८३ प्रस्तावित	२०८२/८३ वास्तविक	२०८३/८४ प्रस्तावित
क) वित्तीय खर्च (Financial Expenditure)				
१	बचतमा व्याज खर्च	७१,०९७,६९२	६२,३१३,७६७	५४,५४०,५९२
२	अन्य लिज भित्रका खर्च	६००,०००	६८४,५३३	७५०,०००
जम्मा (क)		**७१,६९७,६९२**	**६२,९९८,३००**	**५५,२९०,५९२**
ख) कर्मचारी खर्च (Employee Expenditure)				
१	तलब भत्ता	१६,०४८,५०९	१४,५२६,७५४	१५,२५३,०९२
२	पोशाक खर्च	३७०,०००	३६०,०००	३६३,६००
३	सचित विदा खर्च	५००,०००	५७२,०६१	६००,६६४
५	टेलिफोन खर्च	११०,०००	७७,५००	७७,५००
६	खाजा खर्च	६७५,०००	७०८,७२८	७४४,१६४
७	इन्धन खर्च	१८०,०००	१६१,१२९	१९३,३५५
८	प्रशिक्षार्थी स्वयंसेवक खर्च	१००,०००	१२६,६००	१७०,०००
जम्मा (ख)		**१८,०५५,५०९**	**१६,५४०,६७२**	**१७,४४२,३७५**

क्र.सं.	विवरण	२०८२/८३ प्रस्तावित	२०८२/८३ वास्तविक	२०८३/८४ प्रस्तावित
ग) प्रशासनिक तथा कार्यालय सञ्चालन खर्च (Administrative Expenditure)				
१	नविकरण खर्च	६०,०००	७०,५९५	८५,०००
२	नखप्ने सामाग्री खरिद खर्च	१००,०००	८२,८०५	१००,०००
३	भ्रमण तथा यातायात खर्च	६०,०००	३८,८०५	८०,०००
४	धितो मुल्याङ्कन खर्च	१००,०००	४२,६००	८०,०००
५	रोक्का फुकुवा खर्च	७५,०००	४१,०००	७५,०००
६	छपाई खर्च	२००,०००	१०८,८३३	१५०,०००
७	स्टेशनरी तथा मसलन्द खर्च	१६०,०००	९९,२७३	१५०,०००
८	पत्रपत्रिका खर्च	३०,०००	५,५००	३०,०००
९	क्यालेन्डर छपाई खर्च	२००,०००	१४३,१९९	२००,०००
१०	कार्यालय मर्मत तथा सम्भार खर्च	२००,०००	१०५,०७०	११५,०००
११	सवारी साधन मर्मत तथा सम्भार खर्च	१००,०००	१०४,६९१	१३०,०००
१२	विद्युतीय सामान मर्मत तथा सम्भार खर्च	१००,०००	३९,५७०	७५,०००
१३	कार्यालय सरसफाई खर्च	३००,०००	२५३,६५३	३००,०००
१४	सवारी साधन इन्धन खर्च	१००,०००	१०४,११४	१५५,०००
१५	पानी महशुल खर्च	११,०००	९,२४२	११,०००
१६	विद्युत महशुल खर्च	४००,०००	३५९,०२४	६००,०००
१७	अफिस टेलिफोन खर्च	६५,०००	१०४,२८०	११०,०००
१८	सूचना तथा एस्.एम्.एस् खर्च	१५०,०००	१२५,६४७	१५०,०००
१९	इन्टरनेट खर्च	३५०,०००	२८९,५००	३२५,०००
२०	अतिथी सत्कार खर्च	७५,०००	४१,७६०	७५,०००
२१	सहकारी दिवश कार्यक्रम खर्च	७,०००	-	७,०००
२२	बिमा खर्च (भल्ट,काउन्टर,भवन)	२५०,०००	२५४,६०५	२७०,०००
२३	सफ्टवेयर खर्च	१,०००,०००	१,११७,९७३	१,२५०,०००
२४	बैंक सर्भिस चार्ज खर्च	२०,०००	११,२३५	२०,०००
२५	सवारी साधन बिमा तथा नविकरण खर्च	५५,०००	३७,१३९	५५,०००
२६	शुभकामना तथा विज्ञापन खर्च	२०,०००	१०,०००	२०,०००
२७	ऋण असुली खर्च	१००,०००	२३०,९८२	२५०,०००
२८	संस्था स्थापना दिवश खर्च	१५,०००	-	१५,०००

क्र.सं.	विवरण	२०८२/८३ प्रस्तावित	२०८२/८३ वास्तविक	२०८३/८४ प्रस्तावित
२९	एक्सेस ब्राडिङ्ग कार्यक्रम खर्च	१३५,०००	१२१,२८५	२००,०००
३०	सदस्य सर्भेक्षण खर्च	२०,०००	-	६०,०००
३१	सुरक्षा गार्ड खर्च	३५०,०००	३३९,०००	८४०,७२०
३२	वेभसाइट निर्माण तथा अध्यावधिक खर्च	३५,०००	-	१००,०००
३३	विविध खर्च	५०,०००	६०,१८०	५०,०००
३४	कर्जा सूचना खर्च	१००,०००	१,१३४	५०,०००
	जम्मा	**५,२४३,०००**	**४,३५२,६९५**	**६,१८३,७२०**
३८	सम्पत्ति ह्रास कट्टी खर्च	२,५००,०००	१,५७४,६२७	२,५००,०००
३९	कर्जा सुरक्षण खर्च	-	१३,३२८,०५५	-
जम्मा (ग)		**७,७४३,०००**	**१९,२५५,३७६**	**८,६८३,७२०**
घ) सामाजिक कार्यक्रम खर्च (Social Activities Expenditure)				
१	छात्रवृत्ति कार्यक्रम	१००,०००	५९,४७४	७०,०००
२	रक्तदान कार्यक्रम	१३५,०००	१०६,१६८	१२०,०००
३	जन स्वास्थ्य कार्यक्रम	५०,०००	४०,८३५	५०,०००
४	विपदमा परेको साथी सहयोग कार्यक्रम	५०,०००	-	५०,०००
५	स्थानिय शान्ति सुरक्षा, सडक सुरक्षा	५०,०००	२१,२००	१५०,०००
६	वातावरण सुधार कार्यक्रम	५०,०००	१,८००	५०,०००
७	अन्य सामाजिक उत्तरदायित्वका कार्यक्रम	५०,०००	३४,३५७	५०,०००
जम्मा (घ)		**४८५,०००**	**२६३,८३४**	**५४०,०००**
ङ) व्यवसाय विस्तार खर्च (Busines Promotion Expenditure)				
१	दिगो सम्बन्ध बिस्तार कार्यक्रम	२००,०००	८०,५७५	२००,०००
२	ज्येष्ठ सदस्य कार्यक्रम	५०,०००	५४,८८४	५०,०००
३	सदस्य सम्मान पुरस्कार कार्यक्रम	१००,०००	५२,४७९	१००,०००
४	व्यवसाय प्रवर्धन सामाग्री उत्पादन तथा कार्यक्रम	२५०,०००	५४,९४५	२५०,०००
५	सहकारी प्रबर्धन कार्यक्रम खर्च	१५०,०००	१५२,६४६	१००,०००
६	विपद व्यवस्थापन केन्द्र स्थापना	५०,०००	-	५०,०००
७	रेडियो तथा पत्र पत्रिका कार्यक्रम	३५,०००	३३,९००	३५,०००
जम्मा (ङ)		**८३५,०००**	**४२९,४२९**	**७८५,०००**

क्र.सं.	विवरण	२०८२/८३ प्रस्तावित	२०८२/८३ वास्तविक	२०८३/८४ प्रस्तावित
च) जनशक्ति विकास कार्यक्रम खर्च (Human Resource Devlopment Program Expenditure)				
१	कर्मचारीको दक्षता अभिबृद्धि तालिम	३२०,०००	७५,६६५	३४८,०००
२	सञ्चालक, उप समितिको तालिम	४००,०००	१७८,०८४	२००,०००
३	सञ्चालक अध्ययन अनुसन्धान कार्यक्रम	१००,०००	१००,०००	५०,०००
४	कर्मचारीको पुनर्ताजगी कार्यक्रम	१००,०००	१००,०००	१००,०००
जम्मा (च)		**९२०,०००**	**४५३,७४९**	**६९८,०००**
छ) सदस्य शिक्षा तथा सचेतना कार्यक्रम खर्च (Member Education & Awareness Program Expenditure)				
१	सदस्य शिक्षा कार्यक्रम	३५०,०००	१७६,०६५	२५०,०००
२	सदस्य अवलोकन भ्रमण कार्यक्रम खर्च	२५०,०००	-	२५०,०००
३	बाल बचतकर्ता शैक्षिक कार्यक्रम खर्च	५०,०००	-	५०,०००
जम्मा (छ)		**६५०,०००**	**१७६,०६५**	**५५०,०००**
ज) शुसासन कार्यक्रम खर्च (Good Govermence Program Expenditure)				
१	योजना तर्जुमा/पुनरावलोकन खर्च	१५०,०००	३,४०५	४००,०००
२	बैठक ब्यबस्थापन खर्च (भत्ता)	६००,०००	८१८,५००	८५०,०००
३	बैठक व्यवस्थापन खर्च (खाजा चिया)	८०,०००	४०,१३५	६५,०००
४	साधारण सभा कार्यक्रम	८७५,०००	४८२,८४९	६००,०००
५	नीति, नियमावलीहरूको पुनरावलोकन	२०,०००	-	२५,०००
६	आलेप खर्च	२००,०००	४८,५३०	२००,०००
७	बाह्य लेखापरिक्षण खर्च	२१०,०००	२०५,०००	२२०,०००
जम्मा (ज)		**२,१३५,०००**	**१,५९८,४१९**	**२,३६०,०००**
झ) शिप विकास कार्यक्रम खर्च (Skill Devlopment Program Expenditure)				
१	विपन्न सदस्य लक्षित लघु उद्यम तथा सिप मुलक तालिम	२५०,०००	-	२५०,०००
२	महिलाको क्षमता अभिबृद्धि	१००,०००	-	२००,०००
३	कृषि उत्पादन प्रोत्साहन तथा प्रवर्द्धन	५०,०००	५३,५५०	५०,०००
जम्मा (झ)		**४००,०००**	**५३,५५०**	**५००,०००**
जम्मा खर्च (क,ख,ग,घ,ङ,च,ज,झ)		**१०२,९२१,२००**	**१०१,७६९,३९४**	**८६,८४९,६८७**
कोष खर्च		**१,०००,०००**	६२७,८१४	१,०००,०००
जम्मा बचत/घाटा		**७५,१३९,७०४**	**४१,७४६,३१९**	**६१,४४७,९२४**

आ.व. २०८२/०८३ मा ६५,००,०००/०० को स्थिर सम्पत्ति सामान खरिद तथा निर्माण गर्ने प्रस्ताव गरिएकोमा मितव्ययिता अपनाउदै रु ३३,६६,२४५/०० को मा सम्पत्ति खरिद तथा निर्माण कार्य गरिएको छ भने आ.व. २०८३/०८४ का लागि रु ५९,००,०००/०० रकम बराबरको तपशिल अनुसारको सम्पत्ति समान खरिद गर्ने तथा निर्माण कार्य गर्ने प्रस्ताव पेश गरिएको छ ।

क्र.सं.	विवरण	रकम
१	सवारी साधन	२,५००,०००
२	कार्यालय संरचना	८००,०००
३	फर्निचर	२००,०००
४	कम्प्युटर,प्रिन्टर,ल्यापटप	४००,०००
५	अन्य बिद्युतिय उपकरण, सामाग्री	१,५००,०००
६	सफ्टवेयर, प्रविधि	५००,०००
जम्मा		५,९००,०००

अन्त्यमा, गण्डकी साकोसको दीगो र संस्थागत विकासका लागि यहाँहरूले चार बर्षको लागि वर्तमान सञ्चालक समिति लगायत मलाई प्रदान गर्नुभएको विश्वास, साथ, सहयोग र जिम्मेवारीलाई आत्मासात गर्दै सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यहाँ प्रस्तुत गरिएको आ.व. २०८२/०८३ को वित्तीय प्रतिवेदन र आ.व. २०८३/०८४ को प्रस्तावित बजेटलाई रचनात्मक सल्लाह सुझाव सहित स्वीकृतिको लागि हार्दिक अनुरोध गर्दछु । यहाँहरूको सल्लाह सुझाव बमोजिम समयको परिवर्तन सँगै संस्थालाई अझ मजवुत बनाउँदै देशको उत्कृष्ट सहकारी संस्था बनाउन यहाँहरूको साथ सहयोग रहिरहन्छ भन्ने अपेक्षा राख्नेको छु । संस्थालाई यस स्थानसम्म ल्याई पुऱ्याउनको लागि सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्युहरू, अभिभावकत्व प्रदान गर्ने SDRC नेपाल, हामीलाई मार्गदर्शन गरिरहने जिल्ला बचत तथा ऋण सहकारी संस्था, जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी संघ, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ, गैंडाकोट सहकारी समन्वय मञ्च, गैंडाकोट नगरपालिका कार्यालय लगायतका निकायहरूवाट यस संस्थालाई प्राप्त सद्भाव र सहयोग प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । आगामी दिनहरूमा अझ वढी सहयोगको अपेक्षा राख्दै संस्थाका कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनका लागि यहाँहरूको सक्रिय सहयोगको अपेक्षा गर्दै विदा हुन चाहन्छु ।

धन्यवाद । जय गण्डकी साकोस ।। जय सहकारी ।।।

गण्डकी बचत तथा ऋण सहकारी संस्था लि.

गैंडाकोट–२, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

आ.व. २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन



विष्णुप्रसाद शर्मा
संयोजक

संस्थाका अध्यक्ष तथा गरिमामय ३५ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, ऋण उप–समिति, शिक्षा उप–समिति लगायतका अन्य विभिन्न उप–समितिहरूका संयोजक एवं सदस्यज्यूहरू, शेयर सदस्य महानुभावज्यूहरू, विभिन्न संचार माध्यमका पत्रकारज्यूहरू तथा यस संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायतका सम्पूर्ण कर्मचारी परिवार र संस्थाका सम्पूर्ण शुभचिन्तकज्यूहरू, उपस्थित सबैमा लेखा समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु ।

लेखा सुपरिवेक्षण समितिको तर्फबाट आर्थिक वर्ष २०८२/८३ को समिक्षा र सुझाव प्रस्तुत गर्ने यस अवसरमा म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस समितिले गण्डकी बचत तथा ऋण सहकारी संस्था लिं को वर्षभरिका वित्तीय क्रियाकलाप, आन्तरिक नियन्त्रण प्रणाली, लेखा प्रणाली तथा सुशासन सम्बन्धी अभ्यासको नियमित समिक्षा र मूल्यांकन गरेको छ ।

कुनै पनि सहकारी संस्थाको सुशासन र वित्तीय पारदर्शिताको मेरुदण्ड नै आन्तरिक लेखा सुपरिवेक्षण (Internal Audit) हो । यसले संस्थाका नियमित वित्तीय गतिविधिहरूलाई समयमै नियमन र मूल्याङ्कन गर्न मद्दत गर्छ, अनियमितता रोकथाम गर्छ र संस्थाको निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउने अपेक्षा गरिएको हुन्छ । नियमित आन्तरिक लेखा सुपरिवेक्षणले जोखिम पहिचान, सुधारको क्षेत्र चिनाउने र सदस्यको विश्वास मजबुत गर्ने काममा पनि सहयोग गर्छ । त्यसैले, यस संस्थामा आन्तरिक लेखा प्रणालीलाई अझ सशक्त, समयमै सम्पन्न र कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

सहकारीको दिगो अस्तित्वको आधार भनेकै यसको वित्तीय स्वस्थता (Financial Soundness) हो । स्वस्थ वित्तीय स्थिति रहँदा मात्र संस्थाले सदस्यलाई गुणस्तरीय सेवा प्रतिफल र सामाजिक उत्तरदायित्वका कार्यक्रम प्रदान गर्न सक्षम हुन्छ । वित्तीय स्वस्थता कायम राख्नका लागि संस्थाको सम्पत्ति, ऋण र बचतको अनुपात सन्तुलित राख्नुपर्छ, निष्क्रिय ऋण (NPL) घटाउन निरन्तर

प्रयास गर्नुपर्छ, आम्दानी–खर्चको सन्तुलनमा ध्यान दिनुपर्छ र संस्थाका विभिन्न कोष र जोखिम व्यवस्थापन कोषलाई नीतिगत रूपमा प्रयोग गर्नुपर्छ । हालको वित्तीय तथ्याङ्कले हाम्रो संस्था स्थायित्वको दिशामा अघि बढेको देखिन्छ पनि दीर्घकालिन वित्तीय स्वास्थ्य सुनिश्चित गर्न नीतिगत अनुशासनलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्नु जरुरी छ ।

लेखा सुपरिवेक्षण समितिले सहकारी ऐन २०७४, नियमावली २०७५ तथा सहकारी नियामक निकायद्वारा जारी निर्देशनहरूको पालना अवस्थाको समेत अध्ययन गरेको छ । संस्थाले अधिकांश नियामकीय मापदण्डहरू (Capital Adequacy, Risk Provision, Accounting Standards आदि) को पालनामा सुधार देखाएको छ । तर केही क्षेत्रमा – जस्तै KYM (सदस्य पहिचान विवरण फारम) अद्यावधिक, दस्तावेज अभिलेख पूर्णता आदी क्षेत्रमा अझ तिब्र गतिमा सुधार गर्न आवश्यक देखिन्छ । कानुनी अनुपालन केवल दायित्व मात्र होइन, संस्थाको विश्वसनियता र सदस्यको सुरक्षासँग प्रत्यक्ष जोडिएको कुरा सम्झनु जरुरी छ ।

आ.व.२०८२/८३ मा लेखा सुपरिबेक्षण समिति आफैले संस्थाका सबै वित्तीय कारोबार हरूको शुक्ष्म अनुगमन निरिक्षण गर्दै त्रैमासिक रुपमा प्रतिवेदन तयार गरि सञ्चालक समिति समक्ष पेश गरेको छ । यस लेखा समितिले आन्तरिक लेखापरिक्षणको क्रममा देखिएका सुधारात्मक कुराहरूलाई सञ्चालक समिति, कार्यकारी उप समितिका केहि बैठकहरूमा औपचारिक रुपमा सहभागी भई आवश्यक सुझावहरू प्रदान गर्ने गरेको छ ।

नीति नियमहरू निर्माण र कार्यान्वयन, ऋण लगानी र नियमित समयमा असुलीको अभ्यास, समुदायप्रतिको समर्पण तथा सामाजिक कृयाकलाप सम्पादन गर्दै शेयर सदस्यहरूलाई वित्तीय तथा गैरवित्तीय सेवा मार्फत सन्तुष्ट पार्ने संस्थाको परिकल्पना अनुसारको कार्यप्रगती हामी सबैले महशुस गरेकै छौं । गण्डकी बचत तथा ऋण सहकारी संस्थाले सदस्य सेवालाई अझ बढी परिस्कृत बनाउँदै डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी सदस्य सेवालाई अझ सरल, सभ्य र परिस्कृत बनाउँदै लैजाने कुरामा हामी विश्वस्त छौं ।

आदरणीय सदस्यज्यूहरू,

सहकारी ऐन तथा नियमावलीसँग सम्बन्धित र ऐनले लेखा समितिलाई दिएको जिम्मेवारी बमोजिमका विवरणहरू प्रस्तुत गर्न चाहन्छु ।

लेखा समितिको वार्षिक प्रतिवेदन

१. अधिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था :

यस संस्थाको ३४ औं साधारण सभा २०८२/०७/०१ गते सम्पन्न भएको थियो । उक्त साधारण सभाले मुख्य ७३ वटा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको थियो । त्यस मध्ये अधिकांश कार्यक्रमहरू कार्यान्वयन भएको पाईयो । कार्यान्वयन हुन नसकेका तथा आंशिक कार्यान्वयन भएका निर्णयहरू साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छौं ।

- *२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको संस्थागत विकास तथा प्रबर्धन कार्यक्रम अन्तर्गत १८००० सदस्य पुराउने लक्ष लिएकोमा १७२३० मात्र पुगेको पाइयो । यद्यपी सहकारी क्षेत्रमा देखिएको विषम अवस्थाको बाबजुत पनि ३०९ जना नयाँ सदस्य थप हुनु सकारात्मक छ ।*
- *संस्थाको सेवाको गुणस्तर सुनिश्चीत गराउन एक्सेस ब्राण्ड प्राप्तको लागि अडिट हुन नसकेको पाइयो ।*
- *व्यवशायिक लेखापरिक्षकबाट (सिएबाट) आन्तरिक लेखापरिक्षण कार्य गराउने भनिएकोमा सो अनुसार नभई लेखा सुपरिबेक्षण समितिबाट नै आलेप गर्ने कार्य भएको छ ।*
- *दैबी प्रकोपको अवस्थामा आपतकालिन उद्धार गर्न आवश्यक सामाग्रीहरू व्यवस्थापन हुन नसकेको देखियो ।*
- *संस्थाको व्यवशायिक बिकासमा सहयोग पुऱ्याउने सदस्यहरूलाई सहकारी अवलोकन भ्रमण कार्यक्रम आयोजना नभएको पाइयो ।*
- *सदस्यको ऋणको जोखिम व्यवस्थापन गर्न लघु कर्जा बिमा कार्यक्रम सञ्चालन गरिने लक्ष लिएकोमा कार्यान्वयन नगरेको पाइयो ।*
- *सामुहिक कृषि प्रणालीमा आबद्ध भएका समूहलाई प्राविधिक सहयोग गर्ने भनिएकोमा सहयोग उपलब्ध नभएको पाइयो ।*
- *सबै सेवाकेन्द्र कार्यालयहरूमा सदस्यहरूको लागि डिजिटल सूचना प्रणालीको व्यवस्था गरिने लक्ष लिएकोमा कार्यान्वयन हुन नसकेको पाइयो ।*
- *महिला तथा यूवा सदस्यहरूलाई शिपमुलक तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन नभएको पाइयो ।*

२. आ.व. २०८२/०८३ मा बसेको बैठक संख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयन अवस्था :

यस वर्ष २०८२ कार्तिक २ देखि २०८३ भाद्र २५ गतेसम्म सञ्चालक समितिको १८ पटक बैठक बसी विभिन्न निर्णयहरू गरेको पाइयो, जुन निर्णयहरू प्रायजसो कार्यान्वयनमा आएको पाइयो । त्यसै गरि लेखा सुपरिवेक्षण समितिको वैठक ३४ पटक, कार्यकारी उप समिति १० पटक, ऋण उप समिति ४५ पटक, शिक्षा उप समिति ९ पटक, एक्सेस कार्यदल ३ पटक, खरिद उप समिति ६ पटक, पदपूर्ति उप समिति ४ पटक, स्वास्थ्य उप समिति ५ पटक, यूवा तथा बाल उप समिति ३ पटक, अमरापुरी सेवाकेन्द्र व्यवस्थापन उप समिति ८ पटक (ऋण व्यवस्थापन कार्यदल ४ पटक), स्वाभिमान सेवाकेन्द्र व्यवस्थापन उप समिति ४ पटक (ऋण व्यवस्थापन कार्यदल १५ पटक), आमा सेवाकेन्द्र व्यवस्थापन उप समिति ८ पटक (ऋण व्यवस्थापन कार्यदल १५ पटक), नवल सेवाकेन्द्र व्यवस्थापन उप समिति ५ पटक (ऋण व्यवस्थापन कार्यदल ९ पटक), अविरत सेवाकेन्द्र व्यवस्थापन उप समिति ६ (ऋण व्यवस्थापन कार्यदल १२ पटक), संगम सेवाकेन्द्र

व्यवस्थापन उप समिति ४ पटक (ऋण व्यवस्थापन कार्यदल ३४ पटक), सल्लाहकारहरूको ३ पटक तथा अन्य विभिन्न उप समितिहरूको बैठक पनि नियमित बस्सी आवश्यकता अनुसारका निर्णयहरू गरेको र सो निर्णयहरूको कार्यान्वयन गरेको पाइयो ।

३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

ऋण लगानी गर्दा १ लाख देखि रु १५ लाख सम्मको ऋण (सेवाकेन्द्रको क्षमता अनुसार) सेवाकेन्द्र व्यवस्थापन उप समिति बाट स्विकृत हुने, ३० लाख सम्म प्रमुख कार्यकारी अधिकृतबाट स्विकृत हुने, ५० लाख सम्मको ऋण उप समितिबाट र सो भन्दा माथिको ऋण सञ्चालक समितिबाट स्विकृत हुने व्यवस्था रहेको छ ।

ऋण सुरक्षण वापतको अचल सम्पत्ति धितो राखि ऋण लगानी गर्दा रु ५ लाख भन्दा माथिको ऋण मागका धितो मूल्याङ्कनको लागि सूचिकृत कन्सल्टेन्सीले र रु ५ लाखसम्मको धितो मूल्यांकन व्यवस्थापन पक्षबाट गर्ने गरिएको छ । ऋण उप समिति, सेवाकेन्द्र स्तरीय ऋण कार्यदल र व्यवस्थापन समूहद्वारा ऋण व्यवस्थापन नीति अनुसार धितो मूल्याङ्कन गर्ने, धितो रोक्का गर्ने गरिएको छ । प्रति सदस्य ऋण लगानी सिमा प्राथमिक पूँजी कोषको १५ प्रतिशत भन्दा कम हुनु पर्ने प्राबधान लागु भएको छ ।

४. नियमनकारी निकायबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धि संक्षिप्त विवरण :

संस्थाको कारोवार तथा नीतिगत निर्णयको मुख्य आधार सहकारी ऐन २०७४, नियमावली २०७५ स्वं विभागबाट जारी भएका निर्देशनहरू रहेका छन् । त्यसै गरि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठन भई सो प्राधिकरणले जारी गरेको मापदण्ड बमोजिमका प्राबधानहरू लागु भएका छन् । उल्लेखित मापदण्ड स्वं निर्देशनहरूको परिधिभित्र रही सञ्चालक समितिले निर्णय गर्दै आफ्ना क्रियाकलापहरू सञ्चालन गर्ने गरेको छ ।

- NFRS विधिबाट लेखापरिक्षण गर्ने गरिएको छ ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणको जारी गरेको मापदण्ड बमोजिम कुल जोखिम भारित सम्पतीको न्यूनतम ८ प्रतिशत पूँजी कोष अनुपात कायम हुनु पर्नेमा सो भन्दा अधिक (३४.६४ प्रतिशत) रहेको छ । यसबाट संस्थाले जोखिम बहन गर्न सक्ने सक्षमता देखिन्छ ।
- कुल मुनाफाबाट नियमानुसार विभिन्न कोषहरूमा रकम बिनियोजन भएको छ ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड बमोजिम भाखा नाघेको ऋणको जोखिम व्यवस्थापनको लागि आवश्यक पर्ने रकम रु. ९,१४,७८,०९७/८१ मध्ये ऋण जोखिम व्यवस्था मा ८,०३,५३,०६०/००, ऋण सुरक्षण कोषमा रु ४४,४५,७५०/०० र अन्य जोखिम व्यहोर्ने कोषमा रु ७६,६१,४६४/०० गरि कुल ऋण जोखिम व्यवस्था गरिएको छ ।
- सम्बन्धित निकायहरूमा नियमित रुपमा प्रतिवेदनहरू पेश गर्ने गरिएको छ ।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :

नियमनकारी निकायले यस संस्थाको स्थलगत अनुगमन भ्रमण तथा पत्राचार गरि दिइएका निर्देशन तथा सुझावहरू यस संस्थाले पालना तथा ग्रहण गरेको पाइयो ।

६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :

आ.व. २०८२/८३ मा संस्थाका सञ्चालक समिति पदाधिकारीहरू, लेखा समिति सदस्यहरू, ऋण उप समिति, शिक्षा उप समिति लगायतका अन्य उप समितिका पदाधिकारीहरूलाई बैठक बसेको दिनको भत्ता बाहेक अन्य सुविधा दिने गरेको पाईएन ।

- *सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको बैठक भत्ता रु १५००।०० प्रति बैठक, भत्ता पाउने बैठक संख्या वार्षिक रुपमा अधिकतम १५ वटा*
- *उप समितिहरूको बैठक भत्ता रु ८००।०० प्रति बैठक*

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :

- *सञ्चालक समितिले तर्जुमा गरेको साधारण सभाबाट पारित मानव संसाधन व्यवस्थापन नीति छ ।*
- *कर्मचारी प्रशासन सम्बन्धी मानव संसाधन व्यवस्थापन नीति प्रयोगमा ल्याईएको छ ।*
- *कर्मचारी भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भएको पाइएको छ ।*
- *संस्थामा कार्यरत कर्मचारीहरू र कार्यकारी बिच तादम्यता रहेको पाइएको छ ।*
- *संस्थाको व्यवस्थापन प्रमुखको योग्यता र क्षमता नेपाल सरकारको निर्धारित मापदण्ड बमोजिम कायम गरिएको छ ।*
- *संस्थामा जम्मा कार्यरत कर्मचारी संख्या ३२ जना रहेको छ ।*

  करार : ७ जना अस्थायी : ५ जना स्थायी : २५ जना
- *प्रति कर्मचारी उत्पादकत्व ५०० सदस्य हुनु पर्नेमा ६५४ रहेको छ जुन मापदण्डको १३०.९५ प्रतिशत हो ।*
- *प्रति कर्मचारी सम्पती ५ करोड हुनु पर्नेमा ६ करोड ६८ लाख रहेको छ जुन मापदण्डको १३३.७३ प्रतिशत हो ।*
- *प्रति कर्मचारी कुल ऋण ३ करोड ७५ लाख हुनु पर्नेमा ३ करोड ५६ लाख रहेको छ जुन मापदण्डको ९४.९४ प्रतिशत हो ।*

८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन वमोजिमका सुझावहरूको कार्यान्वयन गरेको पाइयो ।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :

आर्थिक बर्ष २०८२/२०८३ मा आम्दानीका विभिन्न शिर्षकहरूमा १७,७०,६०,९०५।०० प्रस्ताव गरेकोमा रु १४,०६,६८,४५२।०० आम्दानी भई रु ३,६३,९२,४५३।०० प्रस्तावित भन्दा कम आम्दानी

भएको पाइयो । त्यसैगरि खर्चका विभिन्न शिर्षकहरूमा रु १०,३९,३१,२००।०० अनुमान गरेकोमा रु १०,२३,९७,२०८।०० खर्च भई रु १५,३३,९९३।०० अनुमान गरेको भन्दा कम खर्च भएको पाइयो ।

१०. लेखा समितिको सुझावहरू :

- सम्पत्ति शुद्धिकरणका प्रावधानहरूको बारेमा सम्बन्धीत कर्मचारी, सञ्चालकहरूलाई तालिम अभिमुखिकरण मार्फत ज्ञान/शिप अध्याबधिक गराउनु हुन ।
- ऋण लगानी गर्दा आवश्यक कागजात तथा प्रक्रिया पूर्ण गर्ने ।
- भाखा नाघेको ऋणको नियमित अनुगमन गरी असुलीलाई प्राथमिकता दिने ।
- संस्थाको तरलता व्यवस्थापनमा विशेष ध्यान दिने ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउने ।
  यदि व्यवसायको लागि राखिएको हो भने वा नाफा वा नोक्सानको माध्यमबाट fair value *मा निर्दिष्ट गरिएको छ भने वित्तीय दायित्व नाफा नोक्सान मार्फत* fair value *मा मापन गरिने वित्तीय दायित्वहरूको रूपमा वर्गीकृत गरिएको छ । प्रारम्भिक पहिचान र लेखाङ्कनमा, कारोबार लागतहरू अधिग्रहणसंग प्रत्यक्ष रुपले सम्बन्धित भए नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ । तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण* fair value *मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।*

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरू**

  नाफा वा नोक्सानको माध्यमबाट fair value मा मापन गरिएको वित्तीय दायित्वहरूलाई बाहेक अन्य वित्तीय दायित्वलाई परिशोधित लागतमा प्रभावकारी ब्याजदर विधि (EIR) प्रयोग गरी परिशोधित मूल्यमा मापन गरिन्छ ।

ग) मापन

अ) प्रारम्भिक मापन

नाफा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको fair value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिन्छ । नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

आ) पछिको मापन

प्रारम्भिक मापन पश्चात् वित्तीय सम्पत्ति र दायित्वलाई सो को वर्गिकरणको हिसाबले fair value वा परिशोधित मुल्यमा मापन गरिएको छ । प्रारम्भमा परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति वा दायित्वलाई त्यस पश्चात् प्रभावकारी ब्याज दरको विधि प्रयोग गरि मापन गरिएको छ । fair value मा मापन गरिएको वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात् fair value मा मापन गरिएको छ । नाफा–नोक्सानको माध्यमबाट fair value मा मापन गरिएको वित्तीय सम्पत्तिको fair value मा आएको फरकलाई नाफा–नोक्सानमा लेखाङ्कन गरिएको छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट fair value मा मापन गरिएको वित्तीय सम्पत्तिको fair value मा आएको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

३.३.१ अपलेखन

वित्तीय सम्पत्तिको अपलेखन

जब सहकारीको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब सहकारीले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ ।

वित्तीय दायित्वलाई पहिचानबाट हटाइने

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्ध भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरूलाई पहिचानबाट हटाइन्छ ।

३.३.२ Fair value को निर्धारण

Fair value भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरू बीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा भुक्तानी गरिने रकम हो । दायित्वको Fair value ले यसको कार्यान्वयन जोखिम प्रतिबिम्बित गर्दछ ।

निम्न तिन तह अनुसार Fair value निर्धारण गरिएको छ :

तह १ : Fair value मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

तह २ : मूल्याङ्कन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निस्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्यांकनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्त्वपूर्ण आगतहरू भेटिन्छन् ।

तह ३ : यस अनुसार मूल्याङ्कन गर्दा Discounted लागत र Replacement लागत विधि अनूसार गर्न सकिन्छ ।

३.३.३ नोक्सानी व्यवस्था (Impairment)

प्रत्येक रिपोर्टिङ मितिमा सहकारीले सम्पत्तिमा नोक्सानीमा भएको वा नभएको कुनै संकेत छ कि छैन भनी मूल्यांकन गर्छ । यदि कुनै संकेत छ भने, पुर्नप्राप्ति योग्य रकम निर्धारण गरिन्छ । वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी नोक्सानी लेखाङ्कन गरिन्छ, यदि सम्पत्तिको प्रारम्भिक लेखाङ्कन पछि हुने एक वा बढी घटनाहरूको परिणामको रूपमा नोक्सानीको वस्तुगत प्रमाण छ (नोक्सान घटना) र त्यो नोक्सान घटनाका कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूहको अनुमानित भविष्य नगदी प्रवाहमा कुनै प्रभाव छ कि छैन भनी विश्वासनीय अनुमान गर्न सकिन्छ ।

नोक्सानी व्यवस्थाको वस्तुगत मूल्यांकनको लागि सहकारीले निम्नानुसारको बुँदालाई ध्यान दिएको छ :

- ऋणी सदस्यले साँवा (किस्ता) र ब्याजको भुक्तानी नगरेको भए ;
- जब ऋणी सदस्यले टाट पल्टिएको घोषणा गर्ने प्रक्रिया अघि बढाउँछ तब उसको दायित्व भरपाईमा ढिलाई गर्छ ।
- जहाँ ऋणीले कर्जा दायित्वको सन्दर्भमा पुनर्प्राप्तीको कानुनी सहारा सुरु गर्छ ।
- जहाँ ऋणको भौतिक माफी वा तोकिएको भुक्तानीहरूको स्थगनको कारण प्रदर्शन गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ ।
- तथ्यांकले वित्तीय सम्पत्ति समूहको भविष्यको अनुमानित नगद प्रवाहमा मापनयोग्य कमी छ भन्ने सूचित गरे पनि यद्यपी अझै पृथक वित्तीय सम्पत्तिको कमी लेखाङ्कन गर्न सक्दैन ।

सहकारीले ऋणको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिक स्तर दुबैमा तहमा विचार गर्दछ । सबै पृथक रूपमा महत्त्वपूर्ण सापटीहरू र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरू विशेष हानीको लागि मूल्यांकन गरिन्छ । विशेष हानी लेखाङ्कन नभएका ऋणहरूको हकमा सामुहिक रुपमा हानी नोक्सानी मूल्याङ्कन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका एकल रुपमा महत्त्वपूर्ण नभएका ऋण तथा परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरूलाई परिशोधित लागतमा मापन गरिएका उस्तै खाले जोखिम चरित्र भएका ऋण र परिसोधित लागतमा मापन गरिएका लगानी सुरक्षण पत्रहरू सँगै राखेर सामूहिक रुपमा मूल्यांकन गरिन्छ । अन्य वित्तीय सम्पत्तिको क्षति परीक्षण आन्तरिक र बाह्य सूचकांक निरीक्षण गरी वार्षिक रुपमा गरिन्छ । सामूहिक क्षतिको आंकलन गर्दा सहकारीले ऋण नतिर्ने सम्भावना (Probability of Default), पुर्नस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्तिहरूको तथ्यांकीय मोडल प्रयोग गर्दछ । नोक्सान दरहरू र भविष्यको पुनर्प्राप्तीको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरूद्ध बेन्चमार्क हुन्छन् ।

क) परिशोधित लगातमा मापन गरिएको सम्पत्तिमा हानी नोक्सान

परिशोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिहरू जस्तै सहकारीबाट बाँकी रकम, सदस्यलाई दिइएको ऋण र भुक्तानी अवधिसम्म धारण गरिएको लगानीको प्रारम्भिक लेखाङ्कनपछि एक वा एक भन्दा बढी घटनाको कारण क्षतिभएको हो भन्ने ठोस प्रमाण भए हानी नोक्सान लेखाङ्कन गरिन्छ । नोक्सानी व्यवस्थाको रकम सम्पत्तिको किताबी रकम र ऋणबाट पुनर्प्राप्ती गर्न सकिने रकमको भिन्नताबाट निकालिन्छ ।

ठूलो रकम ऋणको रुपमा दिइएको सदस्य एकल हानी परीक्षणको क्रममा मूल्यांकन गरिन्छन् । ऋणीसँग सहकारीको पुराना अनुभव र धितोबाट प्राप्त गर्न सकिने मूल्यको आधारमा ऋणको पुनर्प्राप्ती मूल्य अनुमान गरिन्छ । जसलाई एकल रुपमा मूल्यांकन गरिएको छ र जसको नोक्सानी छैन तिनलाई उस्तै प्रकृतिको कर्जा जोखिम विशेषता भएका वित्तीय सम्पत्तिको समूहमा राखिन्छ र नोक्सानी व्यवस्थाको लागि सामूहिक रुपमा मूल्यांकन गरिन्छ । व्यवस्थापनको पुराना अनुभवको आधारमा हरेक समूहमा वर्गीकरण गरिएको ऋणको कर्जा जोखिमको तथ्यांक निर्धारण गरिन्छ ।

कर्जा तथा सापटिको नोक्सानी व्यवस्था : सहकारी विभागद्वारा जारी गरिएको मापदण्ड अनुसार संस्थाले आफ्ना सदस्यहरूलाई ऋण लगानी गर्दा देहाय बमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गरेको छ ।

विवरण	भाक्षा नाघेको अवधी	नोक्सानीको व्यवस्था
सक्रिय ऋण	असल ऋण	१ प्रतिशत
निष्क्रिय ऋण	कमसल ऋण	२५ प्रतिशत
निष्क्रिय ऋण	शंकास्पद ऋण	५० प्रतिशत
निष्क्रिय ऋण	खराब ऋण	१०० प्रतिशत

एकल र सामुहिक हानी जोखिम व्यवस्था गरि रु ८०,२५३,०६० ऋण नोक्सानी कोषमा व्यवस्था गरेको छ ।

३.४ सम्पत्ति र उपकरण

क) लेखाङ्कन र मापन

सम्पत्ति र उपकरण मध्ये घर र जग्गा बाहेकका सम्पतीलाई लागत मुल्यमा लेखाङ्कन गरिन्छ। घर र जग्गालाई नारायणी इन्जिनियरिङ्ग ट्रेनिङ्ग एण्ड कन्सल्टेन्सी प्रा.लि.बाट मूल्याङ्कन गरि देखाईएको छ।

मिती २०७८।०१।०१ मा जग्गा र भवन वाहेकका सम्पतीको WDVnाई ३ बर्षको आयू मानि ह्रासकट्टी गरिएको छ। मिती २०७८।०४।०१ पछि खरिद गरिएको सम्पत्ति र उपकरणका तल ह्रासकट्टी व्यवस्थामा उल्लेख गरेको आयू मानि SLM बाट ह्रासकट्टी गरिएको छ।

ख) पूँजीगत कार्य प्रगति

निर्माणाधीन स्थिर सम्पत्ति र प्रयोगको लागि तयार नभएका सम्पत्तिहरूको लागत पूँजीगत कार्य प्रगतिमा देखाइन्छ।

ग) ह्रासकट्टी व्यवस्था

अन्य सम्पत्तिमा ह्रासकट्टी समदर (SLM) विधि प्रयोग गरेर अनुमानित उपयोगी आयु तल उल्लेख भए बमोजिम गणना गरिएको छ।

समूह	उपयोगीता अवधि (बर्षमा)
फर्निचर	५
कार्यालय उपकरण	५
सवारी	५
कम्प्युटर	५
भवन	५०
सम्पत्तिको उपयोग अधिकार	५

ह्रासकट्टीको प्रयोजनका लागि उल्लेख मितिमा सामान खरिद वा पूँजीगत गरिएको अर्को महिनाबाट प्रारम्भ हुन्छ। सामान विक्री हुदाँ ह्रासकट्टी विक्री भएको अघिल्लो महिनासम्म गणना गरिन्छ।

३.५ अमूर्त सम्पत्ति/साख

कम्प्युटर सफ्टवेयर : कम्प्युटर सफ्टवेयरलाई पाँच बर्षमा परिशोधन गरिएको छ।

३.६ बिक्रीका लागि राखिएको स्थिर सम्पत्ति

स्थिर सम्पत्ति (जमीन र भवन) र निकासा समूहहरू (Disposal groups or Non Banking Assets) (निकासा समूहको सम्पत्ति र दायित्व) ढुवैलाई बिक्रीको लागि राखिएको भनी वर्गीकरण गरिन्छ र बिक्रीको लागि तिनको किताबी मुल्य र fair value मध्ये कममा मापन गरिन्छ यदि :

अ) सिद्धान्तत तिनको किताबी रकम बिक्रीबाट प्राप्त गरिन्छ,

आ) तिनीहरू वर्तमान अवस्थामै बिक्रीको लागि उपलब्ध हुन्छन्,

इ) तिनको बिक्री सम्भावना उच्च छ ।

बिक्रीको लागि राखिएको भनी प्रारम्भिक वर्गीकरण गर्नु अघि सम्पत्तिहरू (वा सम्पत्ति र दायित्वहरू एक निकासा समूहमा) माथिको वर्णन गरिएको लेखा नीतिका अनुसार मापन गरिन्छ ।

३.७ आयकर

कर खर्चमा वर्तमान र स्थगित कर खर्च समावेश भएको छ । प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म भने चालू कर र स्थगित करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ ।

क) चालू कर

चालू कर उक्त बर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो बर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरू प्रयोग गरी अनुमान गर्न सकिने तिर्नयोग्य वा पुनर्प्राप्ती योग्य कर हो ।

ख) स्थगन कर

स्थगन कर वित्तीय रिपोर्टिङ उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकम बीच अस्थायी भिन्नताको सन्दर्भमा लेखाङ्कन गरिन्छ । स्थगन आयकर सहकारीमा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति साकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ मितिमा लागू हुने अपेक्षा गरिएको हुन्छ ।

भविष्यमा करयोग्य मुनाफा उपलब्ध हुने सम्भावना भए स्थगित कर सम्पत्तिहरू लेखाङ्कन गरिन्छ जसको लागि अस्थायी भिन्नताहरू प्रयोग गर्न सकिन्छ ।

३.८ बचत, जारी गरिएका ऋण सुरक्षणपत्र र सुरक्षण नराखिएको सहायक आवधिक ऋण

क) बचत

सहकारीले आफ्ना सदस्यहरूबाट नियमित, स्वेच्छीक र आवधिक खाताहरू अन्तर्गत बचत स्वीकार गर्दछ । यी कारोबारहरू सहकारीको किताबमा रेकर्ड गरिएको हुन्छ र परिणाम स्वरूप यो सहकारीको दायित्व भई सहकारीले बचतकर्तालाई तिर्नुपर्ने रकमको रुपमा राखिएको हुन्छ ।

ख) सुरक्षण नराखिएको सहायक आवधिक ऋण

सहायक दायित्वहरू ती दायित्वहरू हुन् जुन winding up हुँदा बचतकर्ताको दाबीमा सहायक हुन्छन् । सहकारीसँग त्यस्तो कुनै सहायक दायित्व छैन ।

३.९ ब्याज आम्दानी

ब्याज आम्दानीलाई Accrual Basis मा आम्दानी जनाईएको छ । ICAN बाट जारी Carve out बिकल्प प्रयोग गरि Effective Interest Method बाट ब्याज आम्दानी लेखांकन गरिएको छ । तर आ.व.२०८२/८३ मा पाउन बाँकि ब्याजलाई ब्याज आम्दानी जनाएता पनि कर्मचारी बोनस र अन्य कोषहरूमा बाँडफाड गरिएको छैन । शुल्क कमिशन लाभांशलाई Accrual Basis मा आम्दानी जनाईएको छ ।

३.१० ब्याज खर्च

बचत लगायत सबै वित्तीय दायित्वहरूमा ब्याज खर्च प्रभावकारी ब्याज दर विधि प्रयोग गरेर नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ । सबै व्यावशाय दायित्वमा ब्याज खर्च सहकारीको व्यवसाय सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यावशायिक सम्पत्ति र दायित्वहरूको fair value मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिएको छ ।

३.११ बहाल (पट्टा)

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार बहाल हुन्छ । करार लागु हुने मितिमा सहकारीले सम्पत्तिको प्रयोगको अधिकार (Right-of-use asset) र बहाल दायित्व (Lease liability) को पहिचान गर्दछ । त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने बहाल दायित्वको मापन भविष्यमा हुने बहाल अन्तर्गतका भुक्तानीहरूलाई सापटिको दरले डिस्काउन्टिङ गरिन्छ ।

सहकारीले श्रावण १, २०७८ देखि NFRS 16 "Leases" अनुसार पट्टा दायित्व (Lease liability)लाई भविष्यमा हुने पट्टा अन्तर्गतका भुक्तानीहरूको सापटिको दरले डिस्काउन्टिङ गरी वर्तमान मूल्यमा तथा लेखाङ्कन गरिएको छ । सो अनुरुप गत बर्षका मूल्यहरू पनि समायोजन गरिएको छ ।

नाफा तथा नोक्सान विवरणमा गत बर्ष सञ्चालन बहाल खर्चलाई अन्य सञ्चालन खर्चको रुपमा लेखाङ्कन गरिएकोमा यस बर्ष सम्पत्तिको प्रयोगको अधिकारको ह्रास खर्च र पट्टा दायित्वको ब्याज खर्चको रुपमा लेखाङ्कन गरिएको छ । पट्टा दायित्वको मूल्याङ्कन गर्न सापटिको दरको निमित्त १० प्रतिशतको दर लिइएको छ ।

३.१२ शेयर पूँजी र जगेडा कोष

वित्तीय उपकरणमा भएको सम्झौता सर्त अनुसार सहकारीले पूँजी उपकरणलाई वित्तीय दायित्व वा इक्विटी उपकरणको रुपमा वर्गीकरण गर्छ । सबै दायित्वहरू कटाएपछि बाँकी रहने सहकारीको कूल सम्पत्तिमा बाँकी स्वार्थको रुपमा इक्विटीलाई परिभाषित गरिएको छ । साधारण शेयरलाई सहकारीको इक्विटीको रुपमा वर्गीकरण गरिएको छ र त्यसको वितरणलाई विवरणमा इक्विटी विवरणमा परिवर्तनको रुपमा उल्लेख गरिन्छ ।

३.१३. जोखिम व्यवस्थापन

सहकारीको व्यावशाय गतिविधिमा जोखिम निहित छ । यसलाई जोखिम व्यवस्थापन ढाँचा, नियमित पहिचान, मापन तथा निगरानी, जोखिम सिमा र अन्य नियन्त्रणलाई ध्यानमा राखेर व्यवस्थापन गरिन्छ । जोखिम व्यवस्थापनको यस प्रक्रिया सहकारीको मुनाफा नियमित राख्न महत्त्वपूर्ण छ र सहकारी भित्रका प्रत्येक व्यक्ति आ–आफ्ना जिम्मेवारी मार्फत सम्बन्धीत जोखिम प्रति उत्तरदायी हुन्छन् । सहकारीमा कर्जा जोखिम, तरलता जोखिम, बजार जोखिम, सञ्चालन

जोखिम, कानुनी तथा अनुपालन जोखिम आइपर्न सक्छ। अन्य सञ्चालन तथा व्यवसाय जोखिम र राष्ट्रमा पर्ने जोखिमबाट पनि सहकारीलाई असर पर्दछ।

३.१३.१ वित्तीय जोखिम व्यवस्थापनका उद्देश्य र नीतिहरू

सहकारीको व्यवसायीक गतिविधीहरूले यस्स सहकारीका वित्तीय उपकरणको उचित मूल्यमा असर पार्ने ब्याजदर, equity prices, तरलता र credit risk लगायतका जोखिमहरूको पहिचान गर्दछ। गण्डकी सहकारीका सञ्चालक र व्यवस्थापन पक्ष सहकारीको जोखिम निरीक्षण, पहिचान र व्यवस्थापनका लागि समग्र जिम्मेवार छन। गण्डकी सहकारीको जोखिम व्यवस्थापन नीतिहरू सहकारीद्धारा सामना गर्नु पर्ने जोखिमहरूलाई पहिचान गर्न र जोखिमको सिमा निर्धारण गर्नका साथै जोखिम नियन्त्रण र निरीक्षण गर्न स्थापना गरीएको हो। बजारको स्थिति र सहकारीको गतिविधिहरू परीवर्तन पहिचान गर्न नीति र प्रणालीहरूको नियमित समीक्षा र अद्याबधिक गरिन्छ। गण्डकी सहकारीको जोखिम व्यवस्थापन कार्यले यस्स सहकारीको वित्तीय जोखिम गतिविधिहरू प्रर्याप्त नीति तथा प्रकृयाहरू अनुसार रहेको र वित्तीय जोखिमको पहिचान, मूल्याङ्कन र व्यवस्थापन सहकारीको नीति अनुसार रहेको प्रत्याभुति दिन्छ।

सञ्चालक र व्यवस्थापन समूहले क्रेडिट जोखिम, ब्याज दर जोखिम र तरलता जोखिमको समिक्षा र जोखिम व्यवस्थापन गरेको छ।

३.१४. सामाजिक उत्तरदायित्व

मुलुकको वित्तीय तथा आर्थिक क्षेत्रमा सघन रूपमा संलग्न रहनुको अतिरिक्त हाम्रो सहकारी संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility (CSR)) पूरा गर्न सकृय रही आरहको छ।

३.१५. मुनाफाको बांडफांड :

सहकारी ऐन, २०७४ को दफा ६८, ६९, ७० र ७१ अनुसार निम्न बमोजिम कोषको वाडफाड गरिएको छ।

कोषको नाम	विवरण
साधारण जगेडा कोष	कर पछीको मुनाफाको २५ प्रतिशत
संरक्षित पूँजी फिर्ता कोष	जगेडा कोष पछी वांकी रहेको रकमको २५ प्रतिशत
सहकारी प्रवर्धन कोष	जगेडा कोष पछी वांकी रहेको रकमको ०.५ प्रतिशत
शेयर लाभाशं कोष	साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोष पछी वांकी रहेको रकमको ७० प्रतिशत
सहकारी विकास कोष	साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोष पछी वांकी रहेको रकमको ५ प्रतिशत
सहकारी शिक्षा कोष	साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोष पछी वांकी रहेको रकमको ५ प्रतिशत

कर्मचारी बोनस कोष	आयकर अघिको मुनाफा को ५ प्रतिशत (संस्थाको विनियम अनुसार)
घाटा पुर्ति कोष	साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोष पछी वांकी रहेको रकमको ५ प्रतिशत
सामुदायिक विकाष कोष	साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोष पछी वांकी रहेको रकमको ५ प्रतिशत
स्थिरीकरण कोष	साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोष पछी वांकी रहेको रकमको ५ प्रतिशत
अन्य जोखिम व्यवस्थापन कोष	साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोष पछी वांकी रहेको रकमको ५ प्रतिशत

३.१६ कर्जा तथा सापटको जोखिम व्यवस्था विवरण :

कर्जा जोखिम व्यवस्था तर्फ यस बर्ष जोखिम व्यवस्था स्वर्च रु ३,४३४,९६४ गरी कर्जा सुरक्षण कोषमा रु ८०,३५३,०६० ऋण जोखिम व्यवस्था रहेको छ । ऋण सुरक्षण कोषमा रु ४,४४५,७५० र अन्य जोखिम व्यहोर्ने कोषमा रु ७,६६१,४६४ गरि कर्जा जोखिम व्यवस्थामा जम्मा रु ९३,३६०,३७४/ व्यवस्था गरिएको छ ।

३.१७ बिक्रिको लागि राखिएको गैर चालु सम्पत्ति :

यस सहकारीको आ.व. ३०८३/८३ सम्ममा बिक्रिको लागि राखिएको गैर चालु सम्पत्ति रहेको छैन ।

३.१८ सम्भावित दायित्वहरू :

सहकारीको कुनै सम्भावित दायित्व र कुनै कर्जा प्रतिबद्धताहरू छैनन् ।

३.१९. प्रस्तावित लाभांस :

सहकारीले आ.व. ३०८३/८३ को लागि प्रस्तावित लाभांस सञ्चालक समितिको सिफारिसमा साधारण सभाले निर्णय गर्ने छ ।

३.२० सम्बन्धीत व्यक्ति सम्बन्धी खुलासा (Related Party Disclouser)

३.२०.१ सञ्चालक समितिमा रहेका व्यक्तिहरू :

सञ्चालक समितिमा सदस्य निम्नानुसार पदाधिकारी तथा सदस्यहरू रहेका छन् :

क्र.स.	पद	नाम
१	अध्यक्ष :	श्री गोबिन्द सुवेदी
२	उपाध्यक्षः	श्री केदारनाथ न्यौपाने
३	सचिव :	श्री केशव राज शर्मा
४	कोषाध्यक्ष :	श्री सकुन्तला न्यौपाने तिवारी
५	सह सचिव :	श्री जयकृष्ण सापकोटा

६	सदस्य :	श्री विष्णु पौडेल
७	सदस्य :	श्री केशवप्रसाद ढकाल
८	सदस्य :	श्री रोशन सापकोटा
९	सदस्य :	श्री शुभेच्छा दलि प्रधान
१०	सदस्य :	श्री मेघनाथ पौडेल
११	सदस्य :	श्री निर्मल न्यौपाने
१२	सदस्य :	श्री प्रमिला सापकोटा
१३	सदस्य :	श्री नेत्रप्रसाद अधिकारी

३.२०.२ संस्थाको लेखा तथा सुपरिबेक्षण समिति निम्नानुसार रहेको छ ।

क्र.सं.	नाम	पद
१.	संयोजक	श्री विष्णु प्रसाद शर्मा
२.	सदस्य	श्री वावुराम खनाल
३.	सदस्य	श्री राधा देवी आचार्य


३.२०.३ सञ्चालक समिति तथा उप समितिको भत्ता र सुविधा विवरण

सञ्चालक समितिका सबै सदस्यहरू गैर कार्यकारी निर्देशक हुन् र निर्देशकहरूलाई कुनै कार्यकारी क्षतिपुर्ति भुक्तानी गरिदैन । निर्देशकहरूलाई सञ्चालक समितिको बैठक र अन्य उप समिति स्तरीय बैठकहरूमा उपस्थिति भरे अनुसारको बैठक भत्ता भुक्तानी गरिन्छ । सञ्चालक समिति, लेखा तथा सुपरिबेक्षण समितिका अध्यक्ष, संयोजक, पदाधिकारी एवं सदस्यलाई बैठकमा उपस्थितीको आधारमा प्रति बैठक रु १५००/– दरले भुक्तानी गरिन्छ भने अन्य उप समितिको बैठकमा सहभागि उपसमितिका संयेजक एवं सदस्यहरूलाई बैठकमा उपस्थिति वापत प्रति बैठक रु ८००/– को दरले भुक्तानी गरिन्छ । सञ्चालक समिति र लेखा तथा सुपरिबेक्षण समितिको वर्षको अधिकतम १५ वटा बैठकको मात्र बैठक भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ । यस आ.व.मा सञ्चालक तथा उप समितिका सबै सदस्यहरूको बैठकभत्ता भुक्तानी रु ८,६७,०३०/– गरिएको छ ।


लक्ष्मी गिरी वित्त विभाग प्रमुख	रामचन्द्र सुवेदी प्रमुख कार्यकारी अधिकृत	शकुन्तला न्यौपाने तिवारी कोषाध्यक्ष	विष्णुप्रसाद शर्मा संयोजक लेखा सुपरिवेक्षण समिति	गोविन्द सुवेदी अध्यक्ष	सि.ए. संगम आचार्य लेखापरीक्षक आचार्य एस. एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स

संस्थाको विकासक्रम

कूल सम्पत्ति




शेयर पुँजी




संस्थाको विकासक्रम

सदस्य संख्या



भौतिक सम्पत्ति



सञ्चालक समिति

क्र.सं.	नाम	पद	सम्पर्क नं.
१	श्री गोबिन्द सुवेदी	अध्यक्ष	९८४५०४८१५८
२	श्री केदार नाथ न्यौपाने	उपाध्यक्ष	९८४५०५६५००
३	श्री केशव राज शर्मा	सचिव	९८५७६२०३८५
४	श्री सकुन्तला न्यौपाने तिवारी	कोषाध्यक्ष	९८४५०५२०१४
५	श्री जयकृष्ण सापकोटा	सह सचिव	९८५५०५९६०८
६	श्री विष्णु पौडेल	सदस्य	९८४५६३२०००
७	श्री केशवप्रसाद ढकाल	सदस्य	९८५५०५०९१०
८	श्री रोशन सापकोटा	सदस्य	९८५५०५५८८२
९	श्री शुभेच्छा ढली प्रधान	सदस्य	९८४५१५६९८९
१०	श्री मेघनाथ पौडेल	सदस्य	९८४७२४१२३७
११	श्री निर्मल न्यौपाने	सदस्य	९८४७०९४०१९
१२	श्री प्रमिला सापकोटा	सदस्य	९८५५०६०७९०
१३	श्री नेत्र प्रसाद अधिकारी	सदस्य	९८५५०९००३१

लेखा सुपरिवेक्षण समिति

क्र.सं.	नाम	पद	सम्पर्क नं.
१	श्री विष्णु प्रसाद शर्मा	संयोजक	९८४५१५०५१२
२	श्री बाबुराम खनाल	सदस्य	९८४६०९२००९
३	श्री राधादेवी लामिछाने	सदस्य	९७४५३१५२७६

सल्लाहकार मण्डल

क्र.सं.	नाम	पद	सम्पर्क नं.
१	श्री पोषणराज सुवेदी	संयोजक	९८५५०५९११४
२	श्री बेदप्रसाद गौडेल	सदस्य	९८४५०५०५०३
३	श्री धनबहादुर पौडेल	सदस्य	९८५५०५०७४४
४	श्री षडानन्द लामिछाने	सदस्य	९८५५०५६४९९
५	श्री कुल प्रसाद पाण्डे	सदस्य	९८५५०६३९७३

६	श्री शान्ति सापकोटा	सदस्य	९८५५०६०८३१
७	श्री प्रेमबहादुर गुरुङ	सदस्य	९८४५०२६९४४
८	श्री धनपती झवाली	सदस्य	९८४७१४४९३७
९	श्री दिपक सुवेदी	(कानुनी सल्लाहकार)	९८४५०४५०८५

१	श्री रामचन्द्र सुवेदी	प्रमुख कार्यकारी अधिकृत	९८५५०४६४१६

संस्थामा कार्यरत कर्मचारीहरू

क्र.सं.	कर्मचारीको नाम	पद	फोन नं.
मुख्य कार्यालय			
१	श्री अन्जनराज पन्त	ऋण अधिकृत	९८५५०१३३९३
२	श्री बिपिन श्रेष्ठ	क. अधिकृत	९८५५०१३३२१
३	श्री लक्ष्मी गिरी	वित्त प्रमुख	९८५५०१३३१८
४	श्री प्रतिक सुवेदी	सूचना तथा प्रविधि सहायक	९८५५०१३३९२
५	श्री राम प्रसाद अर्याल	ऋण सहायक	९८६६०७८०८८
६	श्री मन्जु गौतम	बचत सहायक	९८४४७०१०८२
७	श्री भगवती पौडेल	बचत सहायक	९८४५१४७९०५
८	श्री विपना पन्थी	प्रशासन सहायक	९८४७५५१५१५
९	श्री सरिता थापा मगर	बचत सहायक	९८५५०९४६६१
१०	श्री अन्जु भुषाल	बचत सहायक	९८५५०९४६६४
११	श्री शिव कुमार श्रेष्ठ	सहायक	९८४५०४५८८४
१२	श्री यानीमाया राना क्षेत्री	कार्यालय सहयोगी	
अमरापुरी सेवा केन्द्र			
१	श्री तुलसीराम सापकोटा	सेवा केन्द्र प्रमुख	९८५७०४१३१४
२	श्री कमला शर्मा	बचत सहायक	९८४९०७३८६५
३	श्री सुनिता सुवेदी	बचत सहायक	९८५५०९४६६३

स्वाभिमान सेवा केन्द्र			
१	श्री तुलसी सापकोटा	सेवा केन्द्र प्रमुख	९८५७०४१३१४
२	श्री धना बराल	बचत सहायक	९८४५७३६३७१
३	श्री सुलोचना श्रेष्ठ	बचत सहायक	९८०७२२४२२४
४	श्री विन्दु श्रेष्ठ	बचत सहायक	९८५५०९४६५८
आमा सेवा केन्द्र			
१	श्री देवी ढकाल	सेवा केन्द्र प्रमुख	९८५५०१३३२३
२	श्री धनकुमारी शर्मा चापागाई	बचत सहायक	९८६४०२१२९५
३	श्री भिम प्रसाद सुवेदी	बचत सहायक	९८५५०९४६५९
नवल सेवा केन्द्र			
१	श्री तुलसीराम सापकोटा	सेवा केन्द्र प्रमुख	९८५७०४१३१४
२	श्री सरस्वती शर्मा गौतम	बचत सहायक	९८४७७१०५६२
३	श्री याम माया मगर	बचत सहायक	९८५५०९४६६५
अविरत सेवा केन्द्र			
१	श्री ढगेन्द्र राज सापकोटा	सेवा केन्द्र प्रमुख	९८५५०१३३९४
२	श्री दुर्गा देवी शर्मा	बचत सहायक	९८६७९४६२१९
३	श्री मौसमी शर्मा	बचत सहायक	९८५५०९४६५७
संगम सेवा केन्द्र			
१	श्री टेकबहादुर पौडेल	सेवा केन्द प्रमुख	९८५५०१३३९५
२	श्री विधिका गौतम	बचत सहायक	९८४५८०३४९४
३	श्री सुमित्रा घिमिरे	बचत सहायक	९८४४७९८४००
४	श्री लिला न्यूरे	बचत सहायक	९८५५०९४६६२

अन्य उप समितिहरू

अमरापुरी सेवाकेन्द्र व्यवस्थापन उप समिति :
संयोजक : श्री मेघनाथ पौडेल
सदस्य : श्री विष्णु बहादुर जिम्सी (घर्ति)
सदस्य : श्री जमुना काफ्ले
सदस्य : श्री लक्ष्मी पौडेल
सदस्य : श्री दल बहादुर खत्री

स्वाभिमान सेवाकेन्द्र व्यवस्थापन उप समिति :
संयोजक : श्री नेत्र प्रसाद अधिकारी (भरत)
सदस्य : श्री गणेशराज गौली
सदस्य : श्री शशिचन्द्र सिग्देल
सदस्य : श्री गणेश अधिकारी
सदस्य : श्री दुर्गा देवी पौडेल

आमा सेवाकेन्द्र व्यवस्थापन उप समिति :
संयोजक : श्री प्रमिला सापकोटा
सदस्य : श्री टिकाराम शर्मा
सदस्य : श्री हिरा केशी
सदस्य : श्री जिननाथ पौडेल
सदस्य : श्री राधिका सापकोटा पाठक

नवल सेवाकेन्द्र व्यवस्थापन उप समिति :
संयोजक : श्री निर्मल न्यौपाने
सदस्य : श्री मिरा श्रेष्ठ
सदस्य : श्री बाबुराम पाराजुली
सदस्य : श्री इन्द्र प्रसाद कंडेल
सदस्य : श्री शेर बहादुर सुनारी

अविरत सेवाकेन्द्र व्यवस्थापन उप समिति :
संयोजक : श्री जय कृष्ण सापकोटा
सदस्य : श्री खडानन्द काफ्ले
सदस्य : श्री जिर मान प्रधान
सदस्य : श्री पार्वती सापकोटा
सदस्य : श्री महेन्द्र सापकोटा

संगम सेवाकेन्द्र व्यवस्थापन उप समिति :
संयोजक : श्री केशव प्रसाद ढकाल
सदस्य : श्री मधुसुधन न्यौपाने
सदस्य : श्री अम्बीका प्रसाद घिमिरे
सदस्य : श्री नेत्र नारायण पौडेल
सदस्य : श्री रेशम श्रेष्ठ

ऋण उप समिति :
संयोजक : श्री केदारनाथ न्यौपाने
सदस्य : श्री केशव प्रसाद तिवारी
सदस्य : श्री सन्तोष कुमार वाग्ले

शिक्षा उप समिति :
संयोजक : श्री केशव राज शर्मा
सदस्य : श्री देशवन्धु सिग्देल
सदस्य : श्री कुल प्रसाद लामिछाने

महिला उप समिति :
संयोजक : श्री शुभेच्छा दली प्रधान
सदस्य : श्री विष्णु पाण्डे
सदस्य : श्री कमला ज्ञवाली पौडेल
सदस्य : श्री धना पौडेल
सदस्य : श्री विष्णु सापकोटा
सदस्य : श्री रेखा पौडेल
सदस्य : श्री इन्दीरा देवी शर्मा
सदस्य : श्री रेखा भि.के.
सदस्य : श्री मिना केशी

यूवा तथा बाल उप समिति :
संयोजक : श्री रोशन सापकोटा
सदस्य : श्री प्रेम सापकोटा
सदस्य : श्री शिव प्रसाद भुषाल
सदस्य : श्री भरत सुबेदी
सदस्य : श्री सुधन पिया

स्वास्थ्य उप समिति :

संयोजक : श्री शकुन्तला न्यौपाने
सदस्य : श्री टुकराम सुवेदी
सदस्य : श्री हिरामणी न्यौपाने
सदस्य : श्री दयाप्रसाद रेग्मी
सदस्य : श्री उमा आचार्य

एकिकरण कार्यदल :

संयोजक : श्री धनबहादुर पौडेल
सदस्य : श्री देवराज पौडेल
सदस्य : श्री शुरेश पण्डित
सदस्य : श्री केदारनाथ न्यौपाने
सदस्य : श्री जयकृष्ण सापकोटा

खरिद उप समिति :


संयोजक : श्री शकुन्ता न्यौपाने तिवारी
सदस्य : श्री रोशन सापकोटा
सदस्य : श्री लक्ष्मी गिरी

एक्सेस कार्यदल :

संयोजक : श्री गोबिन्द सुबेदी
सदस्य : श्री केशवराज शर्मा
सदस्य : श्री तारानाथ लामिछाने
सदस्य : श्री रामचन्द्र सुबेदी
सदस्य : श्री अन्जनराज पन्त

पदपुर्ति उप समिति :

संयोजक : श्री विष्णु पौडेल
सदस्य : श्री शुभेच्छा दलि प्रधान
सदस्य : श्री सन्तोष कुमार वाग्ले
सदस्य : श्री दिपक सुबेदी
सदस्य : श्री रामचन्द्र सुबेदी



बचत र ऋणको व्याजदर सम्बन्धी विवरण

बचत खाताको प्रकार	ब्याज (%)	ऋणको शिर्षक	ब्याज (%)
मासिक बचत	३.५०	कृषि तथा पशुपालन ऋण	
कारोबार बचत	२.७५	साना परियोजना	५.९९
दैनिक बचत	२.५०	ठूला तथा मझौला परियोजना	७.३०
आबधिक बचत खाता :		लघुउद्यम ऋण	६.४९
६ महिने	२.८०	औद्योगिक ऋण	६.९९
१ वर्षे	३.३५	व्यापार व्यवसाय ऋण	७.४९
२ वर्षे	३.६५	बैदेशिक रोजगार ऋण	८.४९
३ वर्षे	४.००	हायर पर्चेज ऋण	८.९९
खुत्रुके बचत	२.५०	घरनिर्माण तथा मर्मत ऋण	८.९९
बाल बचत	३.५०	घरजग्गा खरिद ऋण	८.९९
गण्डकी विशेष बचत	३.००	खरखाँचो ऋण	९.७५
समुह बचत	२.५०	आपतकालिन ऋण	५.४९
ज्येष्ठ नागरिक बचत	३.००	सुविधा ऋण	६.४९
घर जग्गा बचत	३.००	शैक्षिक ऋण	८.९९
भ्रमण बचत	३.००	झको फ्रेन्डली ऋण	५.४९
नारी बचत	३.००	सवारी मालिक ऋण	८.२५
सवारी साधन बचत	३.००	विशेष व्यापारीक ऋण	९.५० सम्म
रेमिट्यान्स बचत	३.७५	प्रोफेशनल ऋण	८.५०
आपतकालिन बचत	४.००	ब्यबशाय निरन्तरता ऋण	६.५०
शेयर बचत	१.२५	आवधिक बचत खाता धितो ऋण	२% थप
आमा बाबा बचत	४.००	घरायस्सी उपकरण खरिद ऋण	७.९९
सुनौलो जीवन बचत	४.००	यूवा तथा महिला उद्यमशिल ऋण	४.२५
		झको फ्रेन्डली ऋण	५.९९

ऋण सम्बन्धी अन्य व्यवस्था :

धितो ऋण : ऋण रकमको २% शेयर हुनु पर्ने, ३% नियमित बचत हुनु पर्ने ।

विना धितो ऋण : ऋण रकमको ३०% सम्बन्धीत सदस्यको नियमित बचत हुनु पर्ने ।

सेवा शुल्क : रु १ लाख देखि माथिको ऋण रकमको ०.५% ।

व्याज दर गणना विधि

बचत :

- ३६५ दिनलाई आधार बनाएर दैनिक मौज्दातमा व्याज गणना गरिने ।
- दैनिक गणना भएको व्याज त्रैमासिक रुपमा खातामा जम्मा हुने ।
- ज्येष्ठ नागरिक बचत खाताको ब्याज मासिक रुपमा खातामा जम्मा हुने ।

ऋण :

- ३६५ दिनलाई आधार बनाएर दैनिक मौज्दातको आधारमा व्याज गणना हुने ।
- मासिक रुपमा ब्याज भुक्तानी गर्नु पर्ने ।
- सावा किस्ता मासिक वा त्रैमासिक रुपमा तमसुकमा भए वमोजिम नियमित हुनु पर्ने ।
- ऋणको किस्ता भुक्तानी गर्ने भाखा नाघेको १५ दिन पश्चात १.५ प्रतिशतका दरले व्याज दर थप हुने । भाखा नाघेको किस्ता नियमित भएमा स्वतः नियमित व्याजदर कायम हुने ।
- किस्ता नियमित नभएमा जरिवाना स्वरुपमा भाखा नाघेको किस्ता रकमको ३० दिन पछि १%, ६० दिन देखी २%, ९० दिन देखी ३%, १५१ दिन देखि ४% र ३६५ दिन पछि ५% जरिवाना पनि लाग्ने ।

सदस्यता सम्बन्धी व्यवस्था :

सदस्य बन्नको लागि सामान्यतया निम्न बमोजिको रकम जम्मा गर्नुपर्ने छ ।

क)	सदस्यता शुल्क(प्रबेश शुल्क) :	रु १००/–
ख)	पहिलो महिनाको मासिक बचत (न्यूनतम):	रु ३००/–
ग)	शेयर (न्यूनतम ५ कित्ता)	रु ५००/–
घ)	कारोबार बचत खाताको न्यूनतम रकम :	रु १००/–
ङ)	मोवाइल बैंकिङ दर्ता शुल्क	रु २५०/–
च)	राहत कोष	रु ६००/–
		जम्मा रु. १७५०/

सदस्यताको लागि अनिवार्य सर्त :

- गैंडाकोट नगरपालिकामा बसोबास रहेको
- १६ वर्ष उमेर पुगेको नेपाली नागरिक
- अनिवार्य रुपमा नियमित बचत गर्न प्रतिबद्धता जनाएको ।

सदस्यताको लागि आवश्यक कागजात :

क) पासपोर्ट साइजको हालसालै खिचेको फोटो २ प्रति

ख) नागरिकताको प्रतिलिपि १ प्रति

ग) हकवालाको पासपोर्ट साइजको फोटो १ प्रति, नागरिकताको प्रतिलिपि १ प्रति

घ) गैंडाकोट नगरपालिकामा स्थायी वसोवास गरेको प्रमाण (विजुली, खानेपानी, मालपोत तिरेको रसिद, व्यावसाय दर्ता, मतदाता परिचय पत्र, आदि)

ङ) घरबाहालमा वसेको भए घर मालिकवाट प्रमाणित कागजात ।

च) राष्ट्रिय परिचय पत्र को प्रतिलिपि

छ) मोवाइल सिम आफ्नो नाममा भएको प्रमाण

- संस्थाको जुन सुकै सेवा लिन मासिक बचत नियमित भएको हुनुपर्ने ।
- ६५ वर्ष उमेर पुगेका ज्येष्ठ सदस्यहरुलाई मासिक बचत अनिवार्य नहुने ।
- कारोबार बचत खाता, दैनिक बचत खाता, विशेष बचत खाता, ज्येष्ठ नागरिक बचत खाता लगायतका कारोबार गर्ने प्रयोजनका खाता अनिवार्य सञ्चालन गर्नु पर्ने ।

सदस्य परिवार राहत कार्यक्रमः

- संस्थाका सदस्यहरुको मृत्यु पर्यन्त शोकमा रहेका परिवारजन लाई सान्त्वना स्वं राहत प्रदान गर्ने उद्देश्यले सदस्यहरुको आर्थिक सहभागितामा सञ्चालन गरिएको कार्यक्रम हो ।
- यसमा सहभागि हुन ६५ वर्ष ननाघेको सदस्यले ६०० दर्ता शुल्क बापत एक मुष्ठ भुक्तानी गर्नु पर्ने र रु १०० का दरले वार्षिक रुपमा नबिकरण गर्नु पर्ने ।
  - मासिक बचत नियमित भएका सदस्यको परिवार लाई रु ५५०००/,
  - १२ महिना सम्मको बचत गर्न बाँकि रहेको सदस्यको परिवारलाई रु.२०,०००/
  - २४ महिना सम्मको बचत गर्न बाँकि रहेको परिवारको सदस्यलाई १५,०००/
  - ३६ महिना सम्म वा सो भन्दा बढी समयको बचत गर्न बाँकि रहेको परिवारको सदस्यलाई रु १०,०००/ राहत रकम उपलब्ध हुने ।

बिपद राहत कार्यक्रमः

- संस्थाका बिपन्न सदस्यहरुलाई आपत बिपदमा राहत प्रदान गर्ने उद्देश्यले संस्थाका संचालक, कर्मचारी स्वं सदस्यहरुको स्वेच्छीक आर्थिक सहभागितामा सञ्चालन गरिएको कार्यक्रम हो ।
- बिपन्न सदस्य (व्यवसाय, रोजगारी नभएका सदस्य) लाई मात्र राहत उपलब्ध हुने ।
- जटिल रोगको औसधि उपचार, दैबि प्रकोप उद्धार गर्न राहत सुबिधा उपलब्ध हुने ।
- इच्छुक सदस्यले आफ्नो १ दिन बराबरको आम्दानी रकम यस कोषमा जम्मा गरी मानवीय पूण्य कार्यमा सरीक हुन सकिन्छ ।

सदस्यता त्याग सम्बन्धि व्यवस्था :–

- कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ । तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट

लिएको ऋण वा अन्य कुनै बाँकी वक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजीनामा दिन पाउने छैन । संस्थाको सदस्यता ग्रहण गरेको २ वर्षसम्म सदस्यले राजिनामा दिनु हुँदैन ।

- सदस्यता राजिनामा शुल्क लग्ने छैन र सदस्यता राजिनामा स्वीकृत भएपश्चात सदस्यको बचत खाता वन्दी शुल्क प्रति खाता १००/– लाग्ने र शेयर रकम सहितको बाँकी रकम फिर्ता हुने ।

शेयर रकम फिर्ता सम्बन्धि व्यवस्था :–

- औसत शेयर (१५० कित्ता) निर्धारण भएको छ ।
- प्रति सदस्य औसत भन्दा बढी शेयर भएमा संस्थाले प्रकाशन गरेको सूचनाको आधारमा फिर्ता माग गर्न सकिन्छ ।
- याद गर्नुहोस् : शेयर रकम बचत खातामा जम्मा गरेको बचत रकम जस्तो जति बेला चाहिन्छ त्यती बेला राख्ने झिक्ने गर्न मिल्दैन ।



डि.स.का.द.नं. ०८/०५०/०५१
पान नं. ३०३३६३६०२
समुदायको उत्कृष्ट वित्तीय सहकारी संस्था
गण्डकी
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Gandaki Savings and Credit Co-operative Society Ltd.

हार्दिक श्रद्धाञ्जली

यस गण्डकी बचत तथा ऋण सहकारी संस्था लि. ले यस अवधिमा आफ्ना अत्यन्त आत्मीय स्वम् आदरणीय शेयर सदस्यज्यूहरूलाई गुमाउन परेकोमा हामी अत्यन्त मर्माहत स्वं स्तब्ध भएका छौं । यसरी असामयिक स्वम् अकल्पनीय निधन हुन गएकोमा सम्पूर्ण दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

क्र.स	सदस्यता नं.	मृतक सदस्यको नाम	मृत्यु मिति
१	००७००३१३०	दयाराम सापकोटा	५/१६/२०८२
२	००१००४७२९	विर बहादुर गुरुङ्ग	५/२५/२०८२
३	००१०००००९५	चित्र बहादुर कार्की	५/२४/२०८२
४	००६०००२६१	शिवलाल कंडेल	६/१२/२०८२
५	००१००४८९४	इश्वरी प्रसाद न्यौपाने	६/२७/२०८२
६	००५०००२७७	देवीलाल श्रेष्ठ	६/२३/२०८२
७	००१००३३३४	धरणीधर पौडेल	६/२२/२०८२
८	००७००१८१८	तुलसी दलाली	६/७/२०८२
९	००१००२८५०	बाटुली कुमाल	५/२७/२०८२
१०	००७००१४७७	राधिका श्रेष्ठ	७/१६/२०८२
११	००१००४९३०	सुभद्रा रेग्मी	७/२२/२०८२
१२	००२०००००७	सूर्यभक्त आचार्य	७/२३/२०८२
१३	००१००२९३५	नर्मदा सिग्देल	७/२३/२०८२
१४	००६०००४५५	होम बहादुर पुन	७/८/२०८२
१५	००१००३५३९	मन बहादुर खत्री क्षेत्री	४/२९/२०८२
१६	००६००१७८५	भजकला चालिसे	९/६/२०८२
१७	००१००७०६७	लक्ष्मी सापकोटा	९/१३/२०८२
१८	००१००८३७३	टेकनाथ लम्साल	९/१५/२०८२
१९	००७००१०१४	दिपक खण्डलुक	९/२०/२०८२
२०	००१००१०७५	मिना देवी राना मगर	९/२२/२०८२
२१	००६००१३६२	यम बहादुर खत्री	९/३०/२०८२
२२	००३०००२८६	धर्मागत उपाध्याय	१०/९/२०८२
२३	००१०१०३५४	आर्जु अधिकारी	१०/१८/२०८२
२४	००१००१३६७	अबिनाश थापा	१०/२०/२०८२
२५	००४००१२२७	थान प्रसाद पाण्डे	१०/२६/२०८२

२६	००३००२३७४	अम्बर बहादुर घिमीरे क्षेत्री	११/८/२०८२
२७	००६००४८८७	जगत गिरी	११/९/२०८२
२८	००१००१०३४	रमेश पाठक	११/२५/२०८२
२९	००१०१०२०१	चन्द्रमान श्रेष्ठ	११/३०/२०८२
३०	००३०००३५२	सुनिल प्रसाद ढकाल	१२/१९/२०८२
३१	००७०००८९०	निलकण्ठ लम्साल	१२/२२/२०८२
३२	००१००३०१५	गंगा कंडेल	१/११/२०८३
३३	००२०००३३४	हरिदत्त पाध्या	१/१०/२०८३
३४	००७००११९२	साबित्री गिरि	२/१/२०८२
३५	००१००९६५७	रुपा प्रधान	१/१५/२०८३
३६	००१००२९८८	दिलमाया कामी	२/१२/२०८३
३७	००६००१९९२	यज्ञ प्रसाद उपाध्याय	२/१२/२०८३
३८	००५००१०४५	भुवन सिङ सुनारी मगर	२/५/२०८३
३९	००१००९०२१	दिपक नेपाली	२०८३/०२/३१
४०	००१००३२७६	रमेश सुबेदी	३/७/२०८३
४१	००१०००२८७	अञ्जली कार्की	३/८/२०८३
४२	००४००१३२०	देउबिर रेस्मी मगर	२/२४/२०८३
४३	००१००९१३०	अष्टलाल बि.क	९/११/२०८२
४४	००३००१२६८	सुश्री ताराकुमारी नेपाली सार्की	४/१२/२०८३
४५	००६०१६६२७	तिर्थ बहादुर बि.क	२/९/२०८३
४६	००६००१७०९	मन्द्रा देवी दर्जी	४/१५/२०८३
४७	००१०००१००	चन्द्र कर्माचार्य	२०८३/०४/३१

मोवाईल बैंकिङ चलाउदा ध्यान दिनुपर्ने कुराहरू



स्फलताको कथाः

संघर्षबाट सफलताको शिखरसम्म : सिता आलेको प्रेरणादायी यात्रा



जीवनमा सफलता प्राप्त गर्न ठूलो पूँजीभन्दा पनि दृढ संकल्प, निरन्तर मेहनत र सही सहयोगी संस्थाको आवश्यकता पर्दछ । गैँडाकोट–२ निवासी सिता आलेको जीवन यात्रा यही यथार्थको ज्वलन्त उदाहरण हो ।

आज सफल व्यवसायीका रूपमा परिचित सिता आलेको जीवनको सुरुआती दिनहरू भने निकै संघर्षपूर्ण थिए । परिवारको जीविकोपार्जनका लागि उनी दैनिक ज्यालादारी काम गर्थिन् । घरखर्च धान्न कठिन थियो । केही समय बङ्गुरपालन पनि गरिन् तर आर्थिक अवस्था सन्तोषजनक थिएन । त्यही समयमा गैडाकोट बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकहरूले सहकारीमा आबद्ध हुन प्रेरित गरे । लघुवित्त सम्बन्धी तालिम लिएपछि उनको सोचमा सकारात्मक परिवर्तन आयो र उनी सहकारीको सदस्य बनिन् ।

सहकारीसँगको सम्बन्ध विस्तार हुँदै जाँदा उनले नियमित बचत गर्न थालिन् । संस्थाले प्रदान गर्ने बचत, ऋण तथा गैरवित्तीय सेवाहरूले उनलाई थप उत्साहित बनायो । २०६१ सालमा उनले गैँडाकोट साकोसबाट पहिलो पटक एक लाख रुपैयाँ ऋण प्राप्त गरिन् । उक्त रकम बङ्गुरपालन व्यवसायमा लगानी गरिन् । व्यवसायले राम्रो आम्दानी दिन थाल्यो र आर्थिक अवस्था क्रमशः सुधार हुँदै गयो ।

समयसँगै बस्ती विस्तारका कारण बङ्गुरपालन व्यवसायलाई निरन्तरता दिन कठिन भयो । तर उनले हार मानिनन् । सहकारीको सहयोगमा नयाँ सम्भावना खोजिन् । प्राप्त ऋणको सदुपयोग गर्दै नारायणी नदिमा चलाउन डुङ्गा खरिद गरिन् र पर्यटनसँग जोडिएको व्यवसाय सुरु गरिन् । व्यवसाय विस्तार हुँदै जाँदा एउटा डुङ्गाबाट सुरु भएको यात्रा चारवटा डुङ्गासम्म पुग्यो । आज उनको परिवारको मुख्य आम्दानीको स्रोत यही व्यवसाय बनेको छ ।

सिता आले भन्छिन्, “पहिले हामी निकै दुःखमा थियौँ । अहिले जीवनमा धेरै परिवर्तन आएको छ । श्रीमान्ले डुङ्गा सञ्चालन गर्नुहुन्छ, मैले होटल व्यवसाय सञ्चालन गरेकी छु । छोराछोरीहरू राम्रो बोर्डिङ विद्यालयमा अध्ययन गरि ब्यवशायमा सहयोगी बनेका छन् । मेरो परिवारको स्वास्थ्य, शिक्षा र रहन सहन सबैमा राम्रो सुधार आएको छ ।”

गण्डकी साकोस (त्यती बेलाको गैँडाकोट साकोस) ले उनी र परिवारमा बचत संस्कृतिको विकास पनि गरायो । उनी नियमित बचत गर्नुका साथै दैनिक आम्दानीसमेत संस्थामै जम्मा गर्छिन् । आधुनिक बैंकिङ प्रविधिको प्रयोग गर्दै क्यूआर कोड, मोवाइल एप्लीकेशन बाट कारोबार गर्ने र आवश्यक खर्च खाताबाटै व्यवस्थापन गर्ने बानीले उनको आर्थिक अनुशासनलाई अझ बलियो बनाएको छ ।

गण्डकी साकोस्सँग जोडिएपछि उनको आत्मविश्वासमा समेत उल्लेखनीय वृद्धि भएको छ। व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय सुरक्षा, सहज ऋण सुविधा र विभिन्न तालिमहरूले उनलाई अघि बढ्न प्रेरणा दिएका छन्। समाजमा उनको पहिचान र सम्मान बढेको छ। स्थानीय पर्यटन विकासमा उनले पुऱ्याएको योगदानका कारण अन्य व्यक्तिहरू पनि यसतर्फ आकर्षित भएका छन्।

उनको सफलताको यात्रामा सबैभन्दा ठूलो सहयोग न्यून ब्याजदरमा प्राप्त ऋण सुविधा रहेको। उनी सम्झिन्छिन्, "एक समय यस्तो थियो, जब बाहिरबाट ३६ प्रतिशत वार्षिक ब्याजमा ऋण लिनुपर्ने अवस्था थियो। त्यतीबेलाको गैंडाकोट साकोसले सहज र न्यून ब्याजदरमा ऋण मात्र दिएन, तालिम र परामर्श पनि प्रदान गऱ्यो। त्यसैले व्यवसायलाई सही दिशामा अगाडि बढाउन सफल भएँ।"

आज सिता आले आफ्नो सफलताको श्रेय आफ्नै मेहनत र गण्डकी साकोसको साथलाई दिन्छिन्। उनी भन्छिन्, **"मेरो बाबु जन्मिनुभन्दा एक दिन अघिसम्म पनि मैले ज्यालादारी काम गरेकी थिएँ।** मेहनत कहिल्यै छाडिनँ। गण्डकी साकोसले मलाई व्यवसायको सपना देखायो र त्यो सपना पूरा गर्न साथ दियो।" अन्य सदस्यहरूलाई उनको सन्देश अत्यन्त सरल तर शक्तिशाली छ– **"मेहनत, मेहनत र मेहनत। अनि आर्थिक तथा प्राविधिक सहयोगका लागि गण्डकी साकोसमाथि भरोसा गर्नुहोस्।"**

भविष्यमा उनी आफ्नो व्यवसायलाई अझ विस्तार गर्दै पानीसँग सम्बन्धित पर्यटन गतिविधिहरू विकास गर्ने योजना बनाएकी छन्। यसका लागि प्राविधिक सीप, तालिम तथा सफल अभ्यासहरूको अवलोकन भ्रमण आवश्यक रहेको उनको ठम्याई छ।

सिता आलेको जीवनकथा केवल व्यक्तिगत सफलताको कथा मात्र होइन, सहकारीमार्फत आर्थिक सशक्तीकरण, उद्यमशीलता विकास र जीवन रूपान्तरणको प्रेरणादायी उदाहरण पनि हो। संघर्षबाट सुरु भएको उनको यात्रा आज सफलताको सुन्दर गन्तव्यमा पुगेको छ र त्यो यात्रामा गण्डकी साकोस एक भरोसायोग्य सहयात्री बनेर साथमा उभिएको छ।

झुपडीबाट पक्की घरसम्म : गण्डकी साकोससँग नानीमायाँको सफलताको यात्रा

"मलाई सानो झुपडीबाट अहिलेको यो महलसम्म ल्याइपुऱ्याउने गण्डकी साकोस हो भन्दा मलाई गर्व लाग्छ।"

गैंडाकोट–१, आदर्श टोलकी नानी मायाँ गुरुङको सफलता एकैपटक प्राप्त भएको होइन। अभाव, संघर्ष, साहस, निरन्तर मेहनत र सही समयमा प्राप्त आर्थिक साथले निर्माण गरेको उहाँको सफलताको यात्रामा गण्डकी साकोस महत्त्वपूर्ण सहयात्री बनेको छ। श्रीमान् विगत ६ वर्षदेखि कतारमा कार्यरत र एक छोरा अध्ययनरत रहेको अवस्थामा पनि नानी मायाँले परिवारको जिम्मेवारीसँगै



आफ्नै व्यवसाय सञ्चालन गर्दै आउनुभएको छ । केही वर्षअघिसम्म उहाँको व्यवसाय सानो झुपडीमा सिमित थियो । लगानी गर्ने पर्याप्त पूँजी थिएन र आवश्यक पर्दा ऋण कहाँबाट लिने भन्ने पनि सहज जानकारी थिएन । यही अवस्थामा छिमेकी साथी बाट गैंडाकोट बचत तथा ऋण सहकारी संस्था बारे जानकारी पाएपछि उहाँ २०७० माघ २३ गते गण्डकी साकोसको सदस्य बन्नुभयो । बचत गर्ने र आवश्यक पर्दा ऋण लिने उद्देश्यले सुरु भएको उहाँको सहकारी यात्रा विस्तारै जीवन परिवर्तनको माध्यम बन्यो ।

व्यवसाय विस्तारका लागि उहाँले सुरुमा रु. ४० हजार ऋण लिनुभयो । व्यवसायले गति लिएपछि रु. ३ लाख ऋण लिएर थप लगानी गर्नुभयो । ऋणको सदुपयोग, निरन्तर मेहनत र बचत गर्ने बानीले व्यवसाय क्रमशः विस्तार हुँदै गयो । आज उहाँ खाजा घर सञ्चालन गरिरहनुभएको छ भने सानो झुपडीको ठाउँमा आफ्नै पक्की घर निर्माण भएको छ । आगामी दिनमा व्यवसाय थप विस्तार गर्न तथा घर निर्माणका लागि ऋण पनि माग गर्नुभएको छ ।

उहाँ आफ्नो परिवर्तनलाई छोटकरीमा यसरी व्यक्त गर्नुहुन्छ– "गण्डकीको सहयोगले सानो व्यवसाय, ठूलो व्यवसायमा र झुपडी घर पक्की घरमा परिवर्तन भयो ।" नानी मायाँ आफ्नो सफलताको श्रेय आफ्नो मेहनतसँगै परिवार र गण्डकी साकोसको साथलाई दिनुहुन्छ । विदेशमा रहेका श्रीमानले पठाउने रेमिटेन्स समेत गण्डकी साकोसमै बचत गर्ने उहाँले बताउनुभयो । साकोसका कर्मचारी तथा सञ्चालकबाट प्राप्त आत्मीय व्यवहारप्रति पनि उहाँ सन्तुष्ट हुनुहुन्छ । उहाँका लागि ऋण डर होइन, अवसर हो, तर त्यसको सही सदुपयोग र नियमित भुक्तानी आवश्यक छ । उहाँ भन्नुहुन्छ, "ऋण लिएपछि नियमित र इमानदारीपूर्वक तिर्नुपर्छ । सफल हुन अनुशासन र इमानदारी कहिल्यै भुल्नु हुँदैन ।"गण्डकी साकोससँगको निरन्तर सम्बन्धले उहाँमा वित्तीय अनुशासनसमेत विकास भएको छ । पैसा कमाउने, खर्च व्यवस्थापन गर्ने, व्यवसाय विस्तार गर्ने र कमाएको रकम बचत गर्ने व्यवहारिक ज्ञान उहाँले सहकारीसँगको यात्राबाट सिक्नुभएको बताउनुहुन्छ । आज नानी मायाँ गुरुङ केवल सफल होटल व्यवसायी मात्र होइन, सानो पूँजी, सही ऋणको सदुपयोग, बचत, वित्तीय अनुशासन, निरन्तर मेहनत र सहकारीको साथले जीवनमा परिवर्तन ल्याउन सकिन्छ भन्ने जीवन्त उदाहरण बन्नुभएको छ । उहाँको गण्डकी साकोसप्रतिको विश्वास अझ गहिरो छ– "गण्डकी साकोसको सहयोगले मलाई बेस्सरी राम्रो गरेको छ । म बाँचुन्जेल यो सहकारी छोडेर कतै जाँदिनँ ।" नानी मायाँको कथा एउटा सदस्यको सफलताको कथा मात्र होइन; यो सदस्य र सहकारीबीचको विश्वास, सहकार्य र आर्थिक सशक्तीकरणको कथा हो । उहाँको जीवनले दिएको सन्देश स्पष्ट छ–

"सही ठाउँमा गरिएको बचत, सही उद्देश्यका लागि लिएको ऋण र इमान्दारीपूर्वक गरिएको मेहनतले जीवन बदल्न सक्छ ।"

नोट

नोट

के तपाईले सदस्यता विवरण अध्यावधिक गर्नुभएको छ ?

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७४ को तेस्रो शंसोधन २०७९ तथा सहकारी विभागको मिति २०८० माघ ९ गतेको सदस्य पहिचान विवरण (KYM) अध्यावधिक गर्ने निर्देशन वमोजिम यस गण्डकी बचत तथा ऋण सहकारी संस्थामा आवद्ध शेयर सदस्यहरुले संस्थाको पायक पर्ने सेवा केन्द्रहरुवाट यथाशिघ्र आफ्नो विवरण अध्यावधिक गर्नहुन अनुरोध छ । साथै विवरण अध्यावधिक नभएमा खाता निष्कृय (Dormant) हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

खाता अध्यावधिक गर्न आवश्यक काजगताहरू :-

- सेयर सदस्यको नागरिकताको फोटोकपी ।
- सेयर सदस्यको हालसालै खिचेको फोटो – २ कपी ।
- हकवालाको नागरिकताको फोटोकपी ।
- हकवालाको फोटो – १ कपी ।
- राष्ट्रिय परिचय पत्रको फोटोकपी ।
- पानी / विद्युतको रसिद र मतदाता परिचयपत्र आदि ।

स्थायी ठेगाना गैंडाकोट नभएमा :

- वसाई सराई सम्बन्धी पत्रको फोटोकपी ।
- गैंडाकोट न.पा. भित्र आफ्नो वा परिवारको नाममा भएको जग्गाको लालपुर्जाको फोटोकपी ।
- नाता प्रमाणित हुने कागजात ।
- मतदाता परिचय पत्रको फोटोकपी ।
- व्यवसाय दर्ता प्रमाणपत्र ।



दूरदृष्टि (Vision) :

"समुदायको उत्कृष्ट वित्तीय सहकारी संस्था"
Be the excellent Financial Co-operative of the Society.



ध्येय (Mission) :

आधुनिक प्रविधियुक्त, सर्वसुलभ गुणस्तरीय वित्तीय सेवाहरू तथा तालिम शिक्षा, सूचना र सामाजिक क्रियाकलाप मार्फत सदस्यको आर्थिक, सामाजिक सांस्कृतिक उन्नतिमा टेवा पुऱ्याउने ।

Enriching the members' economic, social and cultural development through qualitative economic service, training, education, information and social activities along with easily available well equipped modern technology .

उपलब्ध सेवाहरूः



गुणस्तरीय वित्तीय सेवाहरू :

- ३० प्रकारका बचत सेवा ।
- १८ शीर्षकमा ऋण सेवा ।
- रेमिट्यान्स सेवा ।
- डिजिटल कारोवार (मोवाइल एप्स) ।

गैर वित्तीय सेवाहरू :

- सामाजिक कार्यक्रमहरू ।
- सदस्य लाभ कार्यक्रमहरू ।
- तालिम, शिक्षा, सूचना सम्बन्धी कार्यक्रमहरू ।

गण्डकी साकोस नै किन रोज्ने ?

- एसियाली ऋण महासंघद्वारा अन्तर्राष्ट्रिय स्तरको एक्सेस ब्राण्ड प्राप्त संस्था,
- बचतको सुरक्षा र उच्चतम प्रतिफल प्राप्त गर्ने,
- सदस्य राहतकोष कार्यक्रमबाट लाभ लिन (रु. ३५,००० सम्म)
- शनिवार तथा सार्वजनिक बिदाका दिन पनि रकम राख्न झिक्ने सुविधा प्राप्त गर्ने,
- विप्रेषण (Remittance) सेवा प्राप्त गर्ने,
- विभिन्न तालिम, भ्रमण, तीर्थयात्रा, गोष्ठी तथा अन्य सामुदायिक क्रियाकलापहरूमा सहभागी हुन,
- उत्कृष्ट सदस्यका रुपमा विभिन्न विधामा पुरस्कार तथा सम्मान प्राप्त गर्ने,
- पूर्ण कम्प्युटर प्रविधियुक्त अत्याधुनिक कारोवार प्रणाली भएको संस्था,
- संरक्षित पूँजी फिर्ताकोषबाट अतिरिक्त रकम प्राप्त गर्ने,
- निःशुल्क ABBS सुविधा भएको संस्था,
- SMS तथा मोबाइल एप्स सेवा लिन सकिने संस्था,
- घरमा बस्सी बस्सी मोवाइल एप्सबाट विद्युत, टेलिफोन, इन्टरनेट इत्यादीको बिल भुक्तानी गर्न सकिने संस्था,
- सदस्यहरूको चाहना तथा क्षमता अनुसारका बचत र ऋणका सेवाहरू उपलब्ध भएको संस्था,
- समुदायमा आधारित पूर्ण प्रजातान्त्रिक संस्था,
- सबैलाई पायक पर्ने स्थानमा आफ्नै सुविधासम्पन्न मुख्य कार्यालय र सेवा केन्द्र कार्यालय भएको संस्था,
- पल्र्स अनुगमन प्रणाली बमोजिम मासिक लेखाजोखा पद्धति अवलम्बन गरिएको संस्था,
- विनियम, नीति, नियमावली र कार्यविधि बमोजिम सञ्चालित संस्था ।

युवा तथा महिला उद्यमशील कर्जा






ब्याज दर ४.२५%

- ब्याज दर : आकर्षक ब्याज दर
  : स्थिर ब्याज दर ६.०%
- कर्जा अवधि : १० बर्ष सम्म
- धितो : अनिवार्य
- कर्जा सीमा : रू १,००,०००।- देखि १,००,००,०००।-
- भुक्तानी तरिका : मासिक ब्याज मासिक साँवा
  : मासिक ब्याज त्रैमासिक साँवा
- विशेष सुविधा : रू ५,००,०००।- बराबरको दुर्घटना बिमा सुविधा

बाल बचत



आजैदेखि बचत गर्न लगाऔँ बानी !
आर्थिक रूपमा सक्षम हुने छन् हाम्रा बाबुनानी !!

- न्यूनतम रू. १००।- का दरले बचत गर्न सकिने ।
- अभिभावक संस्थाको सदस्य भएको हुनुपर्ने ।
- नाबालक १६ वर्ष पुगेपछि भिक्न सकिने ।
- खाता खोल्दा कुनै शुल्क नलाग्ने ।

ज्येष्ठ नागरिक बचत



बुढ्यौलीको सहारा

- रकम भिक्न ६५ वर्ष उमेर पुगेको हुनुपर्ने ।
- न्यूनतम रू. १००।- का दरले बचत गर्न सकिने ।
- न्यूनतम मौज्दात रू. २०००।-
- उच्च व्याजदर, मासिक भुक्तानी ।

Website

Facebook



वृद्धि, सेवा, अवसर र सुरक्षामा प्रतिबद्ध

'गण्डकी साकोस'

सेवाकेन्द्रहरू

अमरापुरी सेवाकेन्द्र गैंडाकोट-१५, फोनः ०७८-४१७०४०	**स्वाभिमान सेवाकेन्द्र** गैंडाकोट-१, फोनः ०७८-५०१२२२	**आमा सेवाकेन्द्र** गैंडाकोट-२, फोनः ०७८-५०२७६५
नवल सेवाकेन्द्र गैंडाकोट-११, फोनः ०७८-४०२०८१	**अबिरत सेवाकेन्द्र** गैंडाकोट-६, फोनः ०७८-५०१८११	**संगम सेवाकेन्द्र** गैंडाकोट-१, फोनः ०७८-५०२०५५

"Be the excellent financial co-operative of the society"

Website: www.gscos.coop.np

मुख्य कार्यालय : गैंडाकोट नगरपालिका २, नवलपुर
फोन : ०७८ ५०३३२१, ५०२५४३, ५०२५५५
इमेल : gandakisaccos@gmail.com